# राष्ट्रिय मुक्ती क्रान्ति

*वहुलराष्ट्रिय राज्य स्थापनाको निमित्त आह्वान*

## स्व-देशवाद, वहुलराष्ट्रवाद, सामुदायिक समाजवाद

(Indigenism, Plurinationalism, Communitarian Socialism)

**राजेन्द्र महतो**
**बुद्धछिरिङ मोक्तान**

**२०२४**

The world we live in is multi-cultural with a corresponding plethora of worldviews.
*हामी बस्ने संसार विश्वदृष्टिकोणहरुको सदृश वहुलतासाथ बहुल-साँस्कृतिक छ ।*

# Part- I

"Coloniality is not over, it's all over." [1]
औपनिवेशिकता अन्त्य भएको छैन, यो सबै तिर छ ।

**१. प्रारम्भः**

*गर्वले भनौं हामी स्व-देशी राष्ट्रहरू हौं । गर्व गरौं हामी स्व-देशवादी ईण्डिजिनिष्ट हौं । गर्वकासाथ घोषणा गरौं हामी स्व-देशवादद्वारा निर्दिष्ट भई संसार बदल्न चाहन्छौं । दृढताकासाथ भनौं हामी कुनैपनि किसिमको सभ्यता, आधुनिक्ता, विकासको बहानामा हुने अतिक्रमण सहन्नौं र आजैबाट प्रण गरौं, ईतिहासदेखी एकलराष्ट्रिय राज्य औपनिवेशिकताद्वारा हुँदै आएको जातिय-संहार अन्त्य गर्दै वहुलराष्ट्रिय राज्य स्थापना गर्दै हाम्रो स्वतन्त्रता, समानता र आत्मागौरव पुनर्प्राप्ति निमित्त अथक संघर्ष गर्छौं ।*

हामी नेपालका ईण्डिजिनिष्ट अग्रदस्ताहरु जो, जहाँ, जुनसुकै नामको संगठनहरु मार्फत राष्ट्रिय मुक्ती क्रान्तिमा सामेल हुँदै आयौं, आज क्रान्तिका कार्यभार पुरा गर्न नेपालका हिमाल, पहाड तथा मधेशका ऐतिहासिक राष्ट्रिय संघर्षहरुको केन्द्रिकरण अपरिहार्य भएको छ । कथित Civilizing missions अन्तरगत शुरुवात गरिएको औपनिवेशिकताले विश्वमा अन्यत्र भए जस्तै नेपालका ऐतिहासिक राष्ट्रियताहरु राज्य निर्माणको क्रममा सैन्य अतिक्रमण तथा उपनिवेशिकताको शिकार भएकै हो । हामी हिमाल, पहाड तथा मधेशका नेपाली स्व–देशी जनताहरू विश्वकै प्रथम राष्ट्रहरु मध्यका हौं । ऐतिहासिक चरणमा राष्ट्र तथा राष्ट्रियताको रुपमा बिकास गराउन हाम्रा पूर्खाहरुको हजारौं बर्षको योगदान, संघर्ष, तपस्याको जगमा मात्र सफल भएको हो । हाम्रो राष्ट्रियता तथा राष्ट्रिय भावना आधुनिक नेपाल राज्य निर्माण हुनुभन्दा हजारौं बर्ष पहिलेदेखी अस्तित्वमा थियो र हाल पर्यान्त छ । अस्तित्वबादी दर्शन अनुसार "अस्तित्व सारतत्वभन्दा पूर्ववर्ती हुन्छ ।" [2] यसबेला हामीले वर्तमान नेपाल राज्यको अस्तित्व के हो? र सारतत्व के हो? भन्ने किटान गर्नु अनिवार्य भएको छ ।

एकातर्फ, नेपालका बहुलराष्ट्रहरु नै वर्तमान नेपाल राज्यको अस्तित्व हो, जुन राज्यको मर्म वा सारतत्वभन्दा पूर्ववर्ती छ । अर्थात, बहुलराष्ट्रहरुको अस्तित्वबाट नै वर्तमान नेपाल राज्यको सारतत्व निर्माण भएको हो । अर्कोतर्फ सत्य के पनि हो भने, हामी वर्तमान नेपाल राज्य बन्नुभन्दा अगाडिका राष्ट्रहरू वा जनताहरूमात्र पनि रहेनौं । यहाँका ऐतिहासिक राष्ट्रिय अस्तित्वहरुको संयोगबाट वर्तमान नेपाल राज्य तथा राज्यको मर्म (सारतत्व) निर्माण भएको हो । वर्तमानको आधुनिक विश्व समाजमा हाम्रो स्वतन्त्रता, समानता, र आत्मासम्मानको रक्षा गर्न नेपाल राज्यको अपरिहार्यता भईसकेको छ । यो नेपाल राज्यप्रति हाम्रो पनि दायित्व छ । भूराजनितिक परिवेशमा हामी संपूर्ण नेपालीहरूको निमित्त वर्तमान राज्यत्वको अविछिन्नता अपरिहार्य भएको छ ।

हामी अहिले २१औं शताब्दीको तेस्रो दशकमा प्रवेश गरिसकेका छौं । यसबेला विश्व राजनीति र स्थानिय (देशिय) राजनीति ठुलो संक्रमणकालबाट गुज्रिरहेको छ । विश्वका औपनिवेशिक २०० संख्याका राष्ट्र-राज्य प्रणालीद्वारा समाजको पिंधमा दबाएका हजारौं पहिचानहरू[3] राजनीतिक-अर्थशास्त्रिय मुद्दाहरु बनेर सतहमा तैरिरहेका छन । राज्यधारी सम्भ्रान्तहरु यसलाई सामन्तवाद कालिन फोहोरी अवशेष भन्दैछ र घृणा भाव व्यक्त गर्दैछ भने राज्यविहिन राष्ट्रहरू त्यसैमा आफ्नो भविष्य निर्माणको सपना बुन्दैछ ।

संसारका राज्यधारी (राज्यवादी) सम्भ्रान्तहरु अझै पनि राज्य सत्तामाथिको आफ्नो दबदबा कायम राख्न १९-२०औं शताब्दीको भाष्यलाई दोहोर्‍याई रहेका छन । विश्वका अधिकांश उदार लोकतन्त्रको अभ्यास गर्दै आएका

राज्यहरुको संविधानको प्रस्तावना We, the people अर्थात हामी जनता भन्ने शब्दबाट शुरु हुन्छ। अहिलेको विश्व राजनीतिक बहसमा त्यो "We" अर्थात "हामी" परम्परागत राष्ट्र-राज्य अवधारणाको "one nation" एकल जनता हो कि २१औं शताब्दीमा बिकास भएको अवधारणा अन्तर्गत "pluri–nation" वहुल जनता हो?

अबको विश्वमा संविधानको "We, the people" अर्थात "हामी, जनता" भन्ने भावनालाई एकलराष्ट्रिय बनाउने औपनिवेशिक विचारलाई परिवर्तन गर्दै वहुलराष्ट्रिय रुपान्तरण गर्न ईन्कार गरेमा त्यहाँ लोकतन्त्र र मानव-अधिकार छ भन्ने कुरा मान्न सकिन्न । १९-२०औं शताब्दीको राजनीतिक दर्शनहरु उदारवाद र मार्क्सवादले पनि एकलराष्ट्रिय राज्यलाई नै अन्तिम सत्य मान्दछ। यहीं निर द्वन्द्वको मूल कारण लुकेको छ र वर्तमानको विश्व राजनीतिको नसुल्झिएको चुरो कुरो पनि यहि हो। २०औं शताब्दीको अन्तिम दशक र २१औं शताब्दीको प्रारम्भबाटै विश्व राजनीति त्यो नसुल्झिएको चुरो कुरोको वरिपरी घुमिरहेको छ। यसबेला यहाँ दुई किसिमको अतिवादी धारहरू- सिमित संख्याको राज्यधारी सम्भ्रान्तहरुको परम्परागत एकल दबदबा कायम नै राख्ने अधिनायकवादी औपनिवेशिक धार र राज्यको अस्तित्वलाई चुनौती दिँदै पूर्ण स्वतन्त्रताको आकंक्षा राख्ने अराजकवादी विखण्डनकारी धार- टाउको उठाउने प्रयत्न गरिरहेको छ। यि दुबै धारले जनताहरुको जायज असंतुष्टी र विरोधलाई लोक-रिझ्याँई निती र नाराद्वारा जनताहरूलाई दीगभ्रमित पार्दै आफ्नो स्वार्थ पूर्ति गर्ने प्रयत्न जारी राखेको छ। त्यस्तो निती र नारा दिनेहरुमा कोही नभएर हिजो १९-२०औं शताब्दीमा ठुलाठुला क्रान्ति र परिवर्तनहरुलाई नेत्रित्व गरेका भनी दावी गरिरहेका उदारवादी क्यप्टिलिष्ट र मार्क्सवादी कम्युनिष्टहरु नै हुनु ठुलो विडम्वना भएको छ। यसर्थ, हामी स्व-देशवादी ईण्डिजीनिष्टले नविन ज्ञान-दर्शनलाई अंगाल्दै ति अतिवादी धारहरुलाई माथ (transcend) गर्नै पर्दछ।

यद्दपि सन १९८९-९० को दशकमा ३० बर्षको निर्दलिय निरंकुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको अन्त्य गर्दै नेपाल संवैधानिक राजतन्त्रात्मक वहुदलिय प्रतिष्पर्धात्मक लोक्तान्त्रिक व्यवस्थामा प्रवेश गर्‍यो, व्यवस्था परिवर्तनले नेपाली ईतिहासको विरासतको रुपमा रहेको राजनीतिक असन्तुष्टीका कारण प्रकट भएका राजनीतिक विवाद, प्रतिवाद, संघर्ष, होडवाजी, मुकाविला आदिको अन्त्य भएन। कालन्तरमा सन १९९६ देखी शुरुवात भएको नेकपा (माओवादी)को जनयुद्ध मार्फत राजनीतिक असन्तुष्टीका कारण प्रकट भएका सबैखाले राजनीतिक विवाद, प्रतिवाद, संघर्ष, होडवाजी, मुकाविला सतहमा आयो। २२ नोभेम्बर २००५ मा तत्कालिन नेकपा (माओवादी) र सात दलहरु विच भएको १२ बुँदे दिल्ली सम्झौता जहाँ दुबै पक्षले निरंकुश राजतन्त्रको अन्त्य गर्दै लोकतन्त्र, शान्ति, सम्वृद्धी तथा सामाजिक बिकासको निमित्त सहकार्य गर्ने वाचा गरे। तत पश्चात निरंकुश राजतन्त्र विरुद्धको तेश्रो जनान्दोलन सफलता पश्चात २००६ मा नेकपा (माओवादी) र नेपाल सरकार विचको शान्ति सम्झौता मार्फत शान्तिपूर्ण अवतरण भयो। २००८ अप्रिल १० मा भएको संविधान सभाको निर्वाचन मार्फत गठित प्रथम संविधान सभाले मे २८, २००८ देखी मे २८, २०१२ को चार बर्षको अवधीमा संविधान जारी गर्न असमर्थ भयो। पहिलो संविधान सभा विघठन पश्चात १९ नोभेम्बर २०१३ मा दोश्रो संविधान सभाको निर्वाचन भयो जुन संविधान सभाले २० सेप्टेम्बर २०१५ (विक्रम सम्वत २०७२)मा संघिय लोक्तान्त्रिक गणतन्त्रत्मक संविधान जारी गर्‍यो। दुःखद सत्य के रह्यो भने ऐतिहासिक संविधान सभाबाट जारी गरिएको संविधानले पनि राजनीतिक असन्तुष्टीका कारण प्रकट भएका राजनीतिक विवाद, प्रतिवाद, संघर्ष, होडवाजी, मुकाविलाको समुल हल गर्न असमर्थ भयो र राजनितिक शक्ती संघर्ष र अस्थिरता कायमै रह्यो।

नेपालमा जुन राजनितिक शक्ती संघर्ष र अस्थिरताको स्थिती छ त्यो विश्वव्यापी नै भई रहेको छ । वर्तमानमा विश्वका देशहरू भित्रको माईक्रो पोलिटिक्समा देखिएको राजनितिक शक्ती संघर्ष र अस्थिरताको कारण केलाउन हामीले साथसाथै विश्वस्तरको म्याक्रो पोलिटिक्सको विश्लेषण गर्नु पर्छ । विश्व स्तरको म्याक्रो पोलिटिक्सलाई हेर्दा सन १९८० को दशकमा प्रथम पटक सोभियत संघ विघठन उन्मुख रहेको कुरा राजनीतिशास्त्रीहरुले पूर्वअनुमान गरेको थियो किनकी १९१७ को बोल्शेविक क्रान्ति पश्चात जसरी पूर्वी यूरोप (बल्कन्स), चाइना, क्यूवा लगाएत मुलुकहरुमा समाजवादी क्रान्ति भयो र समाजवादी गणतन्त्रात्मक व्यवस्था लागु भयो । चिनिया क्रान्ति पश्चात संसारका दुई ठुला मुलुकहरु सोभियत र चाइना कम्युनिष्ट व्यवस्थामा जानु पूंजिवादको निमित्त ठुलै चुनौती थियो र कम्युनिष्टको निमित ठुलो हौसलापूर्ण सफलता थियो । त्यस्तो बेला पनि भारतले भने उदार लोकतन्त्रलाई अँगिकार गऱ्यो । तर, चिनिया क्रान्तिको एक दशक नपुग्दै चाइनाले सोभियतले अगाडि बढाई रहेको वैकल्पिक विश्व समाजवादी व्यवस्था भित्र नरहने बरु अमेरिकी नेत्रित्वको पश्चिमी पूँजिवादी विश्व प्रणाली भित्र प्रवेश गर्ने निर्णय लियो । चाइनाले यस्तो निर्णय गर्नुको पछाडि सोभियत र चाइनालाई एक हुन नदिने पश्चिमी योजना त थियो नै तर सोभियत नेताहरुको चाइनाको सर्वभौमसत्तालाई खासै महत्व नदिने र चाइना एक स्वतन्त्र मुलुक भन्दा सोभियत समाजवादी विश्व व्यवस्था भित्रको एउटा सहयोगी मात्र हुनेपर्ने भन्ने नितीले चिनियाहरुलाई पश्चिमीहरुको कित्तामा धकेलिदिएको भन्ने विश्लेषण छ ।

सन १९९० को दशकमा सोभियत समाजवादी विश्व व्यवस्था भित्र रहेका सबै कम्युनिष्ट सत्ताहरु समाप्त भयो र सोभियत महसंघ आफै पनि विघठन भयो । सन १९८० को दशक मै राजनीतिशास्त्रीहरुले गरेको अनुमान सत्य सावित भयो । तर, चाइना भने कम्युनिष्ट पार्टीको शासन रहेता पनि सोभियत समाजवादी विश्व प्रणालीबाट पश्चिमी पूँजिवादी विश्व प्रणालीमा प्रवेश गरेको हुँदा आफ्नो सत्ता कायम नै राख्न सफल मात्र भएन अहिले पश्चिमी शक्तीको निमित्त चुनौती बनेर उदाउन सफल भयो । हाल कुनै बेला समाजवादी विश्व व्यवस्था निर्माणको नेत्रित्व गरिरहेको रुस अहिले चाइनाको साझेदारीमा पश्चिमी साम्राज्यवादी विस्तारसँग भिडिरहेको छ ।

तर, जुनबेला सन १९८० को दशकमा कम्युनिष्ट शक्तीको पतनबारे राजनीतिशास्त्रीहरु अनुमान गर्दै थियो, त्यही बेला परम्परागत उदार-पूँजिवादले पनि संकट भोग्दै थियो र पूँजिवादलाई दीगो बनाउन नव-उदारवादको निती अगाडि बढायो । त्यसरी नै जब १९९० को दशकमा कम्युनिष्ट विश्व व्यवस्था ढल्यो साथसाथै नव-उदारवादमा पनि ठुलो संकट आयो । यसको पछाडिको प्रमुख कारण भनेको पश्चिमी ज्ञानशास्त्रीय महाभाष्य समाप्त भयो जसलाई कसैले ईतिहासको अन्त्य, कसैले ज्ञानहरुको मृत्यु भन्यो । त्यस पश्चात संसारका राष्ट्र-राज्यहरु सहितको विश्व व्यवस्था ठुलो संक्रमणको चरणबाट गुज्रिरहेको छ र प्रत्येक देश भित्र र विश्वभर नै नयाँ व्यवस्था स्थापना गर्नको निमित्त होडवाजीपूर्ण शक्ती संघर्ष भई रहेको छ । यस्तो विश्व राजनितिको वदलिंदो परिस्थितीलाई चित्रित गर्दै हार्डवर्ड विश्वविद्यालयको राजनीतिशास्त्री प्रा. ग्रहाम ई. फुलर लेख्छनः

*अवस्था यो छ की, स्व–देशी जनसंख्याहरू ईतिहासको संयोगद्वारा बनेका उनीहरूको वर्तमान शासकहरूसँग उनीहरूलाई शासन गर्ने स्वेच्छाचारी अधिकार छ भन्ने स्वीकार गर्न लगातार अनिच्क्षुक देखिन्छ ।*[4]

प्रा. ग्रहाम ई. फुलरले तर्क गरे जस्तै हामी नेपालका स्व-देशी जनसंख्याहरु ईतिहासको संयोग (गोर्खाली सैन्य विस्तार)द्वारा बनेका हाम्रा वर्तमानका शासकहरु (राजावादी, पूँजिवादी वा साम्यवादी) हिजोका राजा र पञ्चहरु, काँग्रेस र कम्युनिष्ट कसैसँग पनि हामीमाथि शासन गर्ने स्वेच्छाचारी अधिकार छ भन्ने स्विकार गर्न तयार छैनौं

। तथापी, यसबेला नेपालका पूँजिवादी शक्ती संसदिय व्यवस्था कै यथास्थित कायम गर्न उद्दत छन भने कम्युनिष्ट शक्तीहरुले संसदिय व्यवस्थामा संकट आई सकेको हुँदा वैज्ञानिक समाजवादी व्यवस्था तर्फ जानु पर्ने तर्क गरिरहेका छन । हामी ईण्डिजिनिष्ट शक्तीले पनि वहुलराष्ट्रिय राज्य र सामुदायिक समाजवादी व्यवस्थाको वैकल्पिक प्रस्ताव अगाडि बढाएका छौं । हामी २१ औं शताब्दिको तेस्रो दशकमा प्रवेश गरिसकेका छौं । अबको एक दशकको राजनीतिक संघर्ष र प्रतिष्पर्धाले तय गर्ने छ नेपाल दक्षिणपन्थी पूँजिवादी संसदिय व्यवस्था मै रहन्छ कि बामपन्थी वैज्ञानिक समाजवादी व्यवस्थामा रुपान्तरण हुन्छ । हामी ठोकुवा गर्छौं न नेपाल नेपाली काँग्रेस लगाएतका दक्षिणपन्थी शक्तीले चाहे जसरी परम्परागत संसदिय व्यवस्थामा रहन सक्छ नत बामपन्थी कम्युनिष्टले चाहे जस्तो तथाकथित वैज्ञानिक समाजवादी व्यवस्था तर्फ जानेछ। राष्ट्रिय मुक्ती क्रान्तिको बलमा हामी नेपाललाई वहुलराष्ट्रिय राज्य संरचनाको सामुदायिक समाजवादी व्यवस्थामा रुपान्तरण गराउने छौं । यहि नै वर्तमान सहस्राब्दीको सत्य हो ।

अबको विश्वमा राज्यहरुको अस्तित्व तथा सारतत्व (Existence & Essence) विचको संयोग नै मध्यममार्ग हो र त्यो नै सत्य हो र शान्ति हो । वर्तमानको राष्ट्रिय संघर्षको युगमा विश्वभरीका बहुसंख्यक राज्यविहिन राष्ट्रहरुले “अस्तित्व” को हतियार उठाउँदै राष्ट्रिय मुक्ती क्रान्ति सफल बनाउन मैदानमा उत्रेका छन भने अल्पसंख्यक सम्भ्रान्त राज्यधारी राष्ट्रहरुले ठुलो दुःखले अर्जेको दावी गरिएको मुलुकको एकल साँस्कृतिक निरपेक्षतामा निर्मित सारतत्वको हतियारद्वारा औपनिवेशिकतालाई निरन्तर कायम राख्ने प्रयत्न जारी छ । विश्वभरी नै आधुनिक राज्यहरुभित्र राज्यको अस्तित्व र सारतत्व (मर्म) विच हुने संयोग र विसंयोग प्रकृया नै २१औं शताब्दीको राजनीतिक शक्ती व्यूह र विन्यास (Matrix & Configuration) निर्माणको मूल आधार बनेको छ। कुनै पनि आधुनिक राज्यले परम्परागत राष्ट्र-राज्य प्रतिमानलाई नै शासनकला (Statecraft) को आधार बनाउने प्रयत्न जारी राख्दछ भने त्यसबेला राज्यले आफ्नो अस्तित्व गुमाउने खतरा बन्दछ किनकी यो प्रकृयाले राज्यको वहुलराष्ट्रिय अस्तित्वलाई निषेध गर्ने प्रयत्न गर्दछ । राज्यधारी सम्भ्रान्तहरुको यस्तो कार्यले राज्यको अस्तित्व र सारतत्वविच द्वन्द्व बढ्न गई राज्यभित्रका राष्ट्रहरुविच संयोग नभई विसंयोगलाई वढावा दिन्छ । आधुनिक राज्यहरुले आफ्नो सारतत्व वचाई राख्नको निमित्त सारतत्वको पूर्ववर्तिता अर्थात वहुलराष्ट्रहरुको अस्तित्वलाई स्विकार गर्दै त्यसको सापेक्षित्तामा वहुलराष्ट्रिय लोक्तान्त्रिक व्यवस्था वा शासनकला (Statecraft) बिकास गर्दै निरन्तर संयोग बनाई राख्नु अनिवार्य छ। यसर्थ, सम्पूर्ण नेपालीहरुले “वहुलराष्ट्रिय राज्य नेपाल” स्विकार गर्नै पर्दछ ।

## २. वहुलराष्ट्रिय राज्यः

वहुलराष्ट्रिय राज्य एक राजनीतिक वा भू-राजनितिक सत्ता हो, जसले विविध राष्ट्रहरु आफैभित्र एकत्र गरेको हुन्छ तर एकलराष्ट्रिय राज्य संरचना विपरित वहुलराष्ट्रिय राज्य, वहुल राजनीतिक समुदायहरु तथा संवैधानिक विषमता सहित राजनीतिक तथा प्रशासनिक विकेन्द्रिकरणद्वारा गठन हुन्छ। नयाँ प्रशासनिक प्रणालीले साँस्कृतिक विषमरूपलाई स्थापित गर्दछ र सम्पुर्ण सामाजिक क्षेत्रहरू तथा समुहहरूको राजनीतिक सहभागिता सुनिश्चित गराउँदछ । वहुलराष्ट्रिय राज्यले आधुनिक राष्ट्रिय राज्यहरु निर्माण हुनुभन्दा पहिले नै अस्तित्वमा रहेको स्व-देशी/स्थानिय (Indigenous) जनताहरु, राष्ट्रहरु तथा राष्ट्रियताहरुको ज्ञानगत-सत्तामिमाँसिय (Epistemic-Ontological) सिद्धान्तहरु, संगठनात्मक स्वरुपहरु तथा जीविकोपार्जन जस्ता प्राचिन साँस्कृतिक परम्पराहरुमा

अभिव्यक्त स्व-देशी जनसंख्या (Indigenous Population) को वर्तमानका अनौपचारिक स्व-पहिचानसँग सामञ्जस्य राख्दै गरिने राज्यको भौगोलिक-प्रशासनिक पुनःसंरचनालाई ईंगित गर्दछ ।

(एकल)राष्ट्र-राज्य जस्तो नभई वहुलराष्ट्रिय राज्य अवधारणाले जोड दिन्छ कि, राज्यले फरक फरक ब्रह्माण्डिकी (Cosmologies) को अस्तित्व स्विकार मात्र गर्दैन, बरू राष्ट्रहरूको रूपमा मानिएका जनताहरूको आत्मानिर्णय/स्वायत्ततालाई समन्वय गर्दछ र उनीहरूसँग सरोकार राख्ने बिषयवस्तुहरू सम्वन्धी निर्णयमा सम्पुर्णको सहभागिता बढाउँछ ।[5]

"वहुल अर्थतन्त्र" अवधारणा वहुलराष्ट्रिय राज्यको एक प्रमुख खम्बा मानिन्छ, यसले चार फरक अर्थतन्त्रिय स्वरूपहरू; राज्य-निर्देशित, निजी, सामाजिक सहकारी तथा सामुदायिक[6] पहिचान गर्दछ । विशेषता, सामुदायिक स्वरूपको आर्थिक संगठनहरू– उदाहरणको निमित्त निजी जस्तो नभई– सामुदायिक भु-स्वामित्वमाथि आधारित हुन्छ । यसर्थ समुदायहरूले दिव्य वा पवित्र मान्ने भुमीको दोहन वा थप वस्तुकरण तथा विदेशी मालिकत्व रोक्नमा विशेषगरी महत्वपुर्ण छ भनि मानिन्छ ।[7]

वहुलराष्ट्रिय राज्य आधुनिक राष्ट्र-राज्यहरुको अ-औपनिवेशिकरण मार्फत उच्च लोक्तान्त्रिकिकरण गर्ने हो र एवंरितले समाज तथा जनता विच रहेको दोषीरेखा (Faultline) मेटाउने र विश्वका गणतन्त्रहरुको औपनिवेशिक चरित्रको अन्त्य गर्दै वास्तविक लोकतन्त्र स्थापना गर्ने महान अभियान हो । यो अभियान २१औं शताब्दीको प्रारम्भिक दशकबाट दक्षिण-अमेरिकी राज्यहरूको लोक्तान्त्रिकिकरण आन्दोलनको रुपमा बिकास भयो । सन २००८ मा ईक्वडोरको राष्ट्रपति रफाईल कोरेयले "वहुलराष्ट्रवाद" फरक फरक राष्ट्रियताहरुको सहअस्तित्व रुप (भनि) व्याख्या गरे जहाँ फरक जनता, सँस्कृति तथा विश्वदृष्टिकोणहरु अस्तित्वमा हुन्छ र पहिचान गरिएको हुन्छ । तथापी, (एक्वडोरले गरे जसरी) यो सोंच संविधानमा सम्मिलित गर्ने मात्र होईन सन २००९ मार्च महिनाको १८ दिनांकमा राष्ट्रपति ईभो मोरालेसद्वारा जारी सर्वोच्च आदेश मार्फत वास्तवमै देशको औपचारिक नाम परिवर्तन गर्दै बोलिभिया त्यस तर्फ जाने पहिलो मुलुक भयो । नयाँ बोलिभियाले मुलधारको राजनीतिक संरचना तथा भाष्यलाई चुनौती दिंदै, राज्यको एक नयाँ रुप पुनःआविस्कार गर्दै र अधिक विविध जातिय तथा साँस्कृतिक परिदृष्यको निमित्त सुहाउँदो नागरिकताको अवधारणा निर्माण गर्दै गहिरो सँस्थागत सुधार प्रकृयामा संलग्न भयो ।

बोलिभियाको निमित्त मोरलेसको नयाँ आर्थिक मोडल (निम्न नितिहरु)द्वारा नवउदारवादी आर्थिक नितिहरु पछाडि फर्काउन डिजाईन गरेको थियो ।

*१) अर्थतन्त्र र विशेषत बोलिभियाको प्राकृतिक स्रोतमाथि राज्य सार्वभौमिक्ता पुनःदावी गर्दै, २) ति स्रोतहरुको औद्योगिकरणद्वारा कच्चा पदार्थ निर्यात कर्ताको रुपमा बोलिभियाको परम्परागत स्थान तोडदै, ३) निर्माण तथा कृषि उत्पादन जस्तो क्षेत्रहरुको प्रवर्धन गर्दै, ४) गरिवी समाप्त गर्नको निमित्त राष्ट्रको धन पुनःवितरण गर्दै, र ५) बोलिभियामा समाजवाद तर्फको संक्रमणको दुई अति आधारभूत खम्बाको रुपमा मजदुर तथा सामुदायिक शक्तीहरुको सांगठनिक क्षमतालाई बलियो बनाउँदै ।* [8]

बोलिभियाली क्रान्तिको अर्को महत्वपूर्ण उपलब्धी "राज्यत्व" को वैधता पूनःस्थापना हो, जहाँ क्रान्ति भन्दा पहिलेको राज्य र गणतन्त्रको चरित्र पूर्ण रुपेण औपनिवेशिक थियो त्यसकारण लोक्तान्त्रिक थिएन । जब कुनै पनि राज्य व्यवस्थाको लोक्तान्त्रिक साख गिरावट (democratic deficit) हुन्छ त्यहाँ राज्यत्वको वैधता समाप्त हुने खतरा हुन्छ । बोलिभियाली क्रान्तिले राज्यको वहुलराष्ट्रिय तथा सामुदायिक समाजवादी पूनःसंरचना गर्दै

सफलतापूर्वक लोकतन्त्रको पूनर्पुष्टी (re–vindication of democracy) मार्फत राज्यको पूनर्पुष्टी (re–vindication of state) गऱ्यो । परिणामतः राष्ट्रपति ईभो मोरालेसको १४ बर्ष शासनकालमा बोलिभियाली अर्थतन्त्रले दक्षिण अमेरिका कै द्रुत बिकसित अर्थतन्त्र बन्न सफल भयो र अधिकांश ग्रामीण स्व-देशी (आदिवासी) जनसंख्या माझ व्याप्त ४०% गरिबी निवारण गर्न सफल भयो ।

### ३. दार्शनिक संशयात्मक स्थिती (Philosophical Ambiguity)

*त्यहाँ खिष्टिएन (बनाउने) लक्ष्य, सभ्य (बनाउने), र विकास तथा आधुनिक बनाउने लक्ष्यहरू थियो । उदारवाद, मार्क्सवाद, ईस्लामवाद उनीहरूको सत्य निमित्त अभिलाशा र राजी गराउने संकल्पद्वारा अभिलक्षित हुन्छ ।*[9]

सन १९८९-९० मा समाजवादी सोभियत महासंघको पतन, सितयुद्धको अन्त्य पश्चात राजनीतिशास्त्रीहरु विच “विचारहरुको मृत्यु” बारे ठुलो बहस उठ्यो । राजनीतिक विचारहरुको मृत्युबारे साधारण व्याख्या यो थियो कि, हामी उत्तर-वैचारिक यूगमा छौं, जहाँ २०औं शताब्दीको जनोपोयोगी सेवा संस्थानहरु तथा ठुलो उद्योगहरुसँग धेरै मिल्दोजुल्दो (गरी) महाभाष्यहरु अप्रतिष्ठित भएको छ र टुटिएको छ । कम्युनिष्ट पराजय नै विश्व राजनीतिमा ४० बर्षभन्दा ज्यादा समय प्रभावी रहेको सितयुद्ध अन्त्यको मुख्य कारण भएको हुँदा राजनीतिशास्त्रीहरु नयाँ विश्व व्यवस्थाको निमित्त नयाँ नयाँ राजनीतिक नमुनाहरु (paradigms) बारे प्रष्ट बोलिरहेको थियो । एउटा व्यापक रुपले व्यक्त नमुना (paradigm) जुन एक अनुमानमा आधारित थियो कि, सितयुद्धको अन्त्यको मतलव विश्व राजनीतिमा महत्वपूर्ण द्वन्द्वको अन्त्य र सापेक्षित रुपमा सामंजस्यपूर्ण विश्वको उदय । दक्षिणपन्थीहरु मध्य फ्रान्सिस फुकुयामाले यसलाई “ईतिहासको अन्त्य” भनी संकेत गरे जहाँ उनको दावी छ;

*“हामीले के देखी रहेको छौं (भन्दा) सितयुद्धको अन्त्य मात्र होइन, वा उत्तर-युद्धको एक विशेष समय विताइ रहेको, बरु जस्तो कि ईतिहासको अन्त्यः त्यो हो, मानवमात्रको वैचारिक बिकासक्रमको अन्तिम विन्दु र मानव सरकारको अन्तिम शैलीको रुपमा पश्चिमी उदार-लोकतन्त्रको विश्वव्यापिकरण ।”*[10]

यसबाट के अनुमान गरिएको थियो भने, (अबको) भविष्य विचारहरुमाथि ठुलो प्राणपोषक संघर्षमा समर्पित हुने छैन तर विशेष गरि साधारण आर्थिक तथा प्राविधिक समस्याहरु हल गर्न (हुनेछ) । तर, सबै राजनीतिशास्त्रीहरु फुकुयामाको नमुनासँग सहमत थिएन । फुकुयामा कै गुरु तथा दक्षिणपन्थी राजनीतिशास्त्री प्रो. श्यामुएल पि. हन्टिङ्टन ठीक विपरित तर्क गर्दै थियो, उनको तर्क छ;

*“उत्तर-सितयुद्ध (कालिन) विश्वमा जनताहरु माझ (रहने) अति महत्वपूर्ण भेद वैचारिक, राजनीतिक अथवा आर्थिक हुने छैन, तिनिहरु साँस्कृतिक हुनेछ । जनताहरु तथा राष्ट्रहरु मान्छेले सामना गर्न सक्ने अति आधारभूत प्रश्नः हामी को हौं? को जवाफ दिने प्रयत्न गरिरहेका छन र तिनिहरुले त्यो प्रश्नको जवाफ मानवजातिले परम्परागत तरिकामा जवाफ दिए जसरी दिई रहेको छ, त्यस्तो चिजहरुको ताल्लुकद्वारा जुन उनिहरुलाई अति अर्थ राख्दछ । जनताहरु आफैले आफैलाई वंशावली, धर्म, भाषा, ईतिहास, मूल्य, चालचलन, र संस्थाहरुको आधारमा व्याख्या गर्छन । उनिहरु साँस्कृतिक समुहहरुः झुण्डाहरु, जातिय समुहहरु, धार्मिक समुदायहरु, राष्ट्रहरु, तथा वृहत तहमा सभ्यताहरुसँग (आफ्नो) परिचय गराउँद छन । जनताहरुले राजनीतिलाई आफ्नो स्वार्थ बढोतरी गर्न मात्र उपयोग गर्दैन तर उनिहरुको पहिचान व्याख्या गर्न पनि (उपयोग गर्छन) ।”*[11]

त्यसरी नै अर्को दक्षिणपन्थी राजनीतिशास्त्री प्रा. ग्रहाम ई. फुलर लेख्छन;

*“वर्तमान अस्तित्वमा रहेको राज्य सिमारेखाहरू सहितको अन्तर्राष्ट्रिय व्यवस्था जुन मुलतः त्यहाँका बासिन्दाहरूको जातिय तथा साँस्कृतिक चहानाहरूलाई किञ्चित वास्ता नगरी खिचिएको थियो, सारमा अप्रयुक्त भएको छ । उदयमान राष्ट्रवादी शक्तिहरू*

*तथा साँकृतिक पुनोरूत्थानहरू आफै (नयाँ व्यवस्थाको दाबी गर्न) तयार देखिन्छन् । जुन राज्यहरू जसले आफ्ना जातिय अल्पसंख्यकहरूको उनीहरूले विगतमा भोगेका पीडामा मलम लगाउने र भविष्यमा वृहत आत्मानिर्णयको अधिकार लिने दुबै चाहनाहरूलाई सन्तुष्ट हुने गरी व्यवस्थापन गर्न सक्दैनन्, ती (राज्यहरू) टुक्रिने पक्का छ । अबको अन्तर्राष्ट्रिय व्यवस्थाको आधारभूत तत्व हाल अस्तित्ववान राष्ट्र-राज्यहरू हुने छैन बल्कि स्वघोषित राष्ट्रिय समुहहरू हुनेछ ।"* [12]

प्रा. हन्टिङ्टन थप तर्क गर्छनः "जनता नयाँ तर अक्सर पुरानो पहिचान पत्ता लगाइ रहेका छन र नयाँ तर अक्सर पुरानो झन्डाहरु मुनी प्रदर्शन गर्दैछन ।" परिणामस्वरुप, हाल विश्वका संपूर्ण राष्ट्र-राज्यहरु भित्र राज्यको औपनिवेशिक एकलराष्ट्रिय स्वरुप तथा संरचनाबाट वहुलराष्ट्रिय स्वरुप तथा संरचनामा रुपान्तरणको निमित्त राष्ट्रिय मुक्ती आन्दोलनको बलमा राज्यविहिन राष्ट्रहरुले ठुलो दवाव सृजना गर्दै आएका छन । सन १९९० को दशकमा वहुदलिय लोक्तन्त्रको पूनर्स्थापनासँगै नेपाल राज्यको स्व-रुप वा सं-रचना कस्तो हुने भन्ने बिषयमा भीषण राष्ट्रिय संघर्ष चलिरहेका छ । यो ऐतिहासिक राष्ट्रिय संघर्षको जगमा हुँदै आएको छ जसद्वारा नेपाल राज्य बन्ने क्रममा समाज (राज्य) र जनता विच सामाजिक–सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा खिचिएको दोषीरेखा (Faultline) कसरी मेटाउन सकिन्छ भन्ने प्रश्नको हल गर्दछ । ईतिहासकालदेखि खिचिएका दोषीरेखा मेटाउने वर्तमानको मूल सवालमा २१औं शताब्दीको प्रारम्भदेखि नै विश्वमा उदयमान स्व-देशवादी ईण्डिजिनिष्ट शक्तिले परम्परागत उदारवादी क्यपिटलिष्ट शक्ती र मार्क्सवादी कम्युनिष्ट शक्तीहरुको राज्यविहिन राष्ट्रहरुको मुक्तीको सवालमा उनिहरुभित्र अन्तर्निहित दार्शनिक संशयात्मक स्थिती (Philosophical Ambiguity) लाई उजागर गर्दै चुनौती दिएको छ र स्व-देशवाद, बहुलराष्ट्रवाद, सामुदायिक समाजवाद (Indigenism, Plurinationalism, Communitarian Socialism) को दार्शनिक धार बिकास गरेको छ ।

राष्ट्रिय मुक्ती क्रान्तिले संश्लेषण गरेको वैचारिकीमाथि चर्चा गर्नु भन्दा पहिला उदारवाद र मार्क्सवादभित्रको दार्शनिक संशयात्मक स्थितीलाई केलाउन, बुझ्न र आलोचना गर्नु वान्छनिय हुन्छ ।

### ३.१ उदारवाद

राजनीतिक दर्शनशास्त्रमा उदारवादको उदय यूरोपको १४औं शताब्दीको पूनर्जागरण तथा १८औं शताब्दीको ज्ञानोदय यूगको जगमा भएको हो । ज्ञानोदय वा उद्वोधन विचार किंवदन्तीको एक परस्पर तुलना तथा त्यसको विपरित शक्ति दुबै रूपमा बुझियो । एक परस्पर तुलनाको रूपमा किनकी, यसले उत्तम तर्कको अहस्तछेपी हस्तछेपद्वारा परम्पराको अख्तियारीलाई प्रतिकार गर्दछ; विपरित शक्तिको रूपमा जहाँसम्म की यसले व्यक्तिगत रूपमा प्राप्त ज्ञान जुनले हौसलात्मक बल प्राप्त हुन्छ, (त्यस्तो ज्ञानद्वारा) किंवदन्तीय शक्तिको सामुहिक सम्मोहन वा आकर्षणलाई विच्छेद गर्दछ ।[13]

ज्ञानोदय वा उद्वोधन यूगको जगमा बिकास भएको राजनीतिक उदारवादले प्रस्ताव गरेको उदार-लोक्तान्त्रिक पूँजिवादी राज्यहरुमा समाजको आधारभूत अँग (Building Block) "व्यक्ती" हुने ठहर गऱ्यो र समाज तथा राज्य व्यवस्था निर्माणमा एक स्वतन्त्र व्यक्ती आफै सार्वभौम शक्तीको स्रोत हुने मान्यता स्थापित भयो । यो अवधारणाले त्यस भन्दा पहिलेको समाज तथा राज्य व्यवस्थाको सार्वभौम शक्ती ईश्वर हुने धार्मिक किंवदन्तीको प्रस्तावलाई अस्विकार गऱ्यो र धर्म सापेक्षित समाजहरु तथा राज्यहरुलाई धर्म निरपेक्षित समाज तथा राज्य व्यवस्थामा बदल्ने क्रमको शुरुवात गऱ्यो । ईतिहासको यो विशिष्ट क्रमलाई आधुनिक यूग भन्यो र यूरोपबाट

शुरुवात भएको यो प्रकृयालाई विशाल आधुनिकीकरण योजना (grand modernization project) को माध्यमद्वारा संसारभर फैलाउने कार्यको शुरुवात गऱ्यो ।

### ३.२ मार्क्सवादः

कालिक रुपमा मार्क्सवाद उत्तर-ज्ञानोदय (Post–enlightenment) राजनीतिक दर्शन हो । मार्क्सवादले ज्ञानोदय कालिन तर्क र प्रमाणहरु भित्र अन्तर्निहित सिमाहरुलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको दार्शनिक आलोकद्वारा उदाङ्गो पाऱ्यो । मार्क्सवादले मुख्यतः दार्शनिक उदारवादको व्यक्ती स्वतन्त्रता तथा सार्वभौमिक्ताको रुढोक्ती (Cliché) भित्रको वर्गिय राजनीति अर्थात स्वार्थमाथि कडा प्रहार गऱ्यो । मार्क्सवादको जोड आर्थिक समानता रह्यो । जबसम्म समाजका सदस्यहरु विच आर्थिक समानता कायम हुँदैन वा आर्थिक समानतालाई स्थापित गर्ने समाज तथा राज्य व्यवस्था निर्माण हुँदैन तबसम्म समाजमा व्यक्तीको स्वतन्त्रता कायम हुनै नसक्ने ठोकुवा गऱ्यो र त्यसलाई तर्क तथा प्रमाणको आधारमा सावित गऱ्यो । एक व्यक्ती समाजको सदस्यको रुपमा कहिल्यै पनि स्वतन्त्र हुन्न जबसम्म समाज वर्गविहिन हुँदैन । वर्गिय समाजमा एक व्यक्ती आफु पनि वर्गिय रुपमा विभाजित हुन्छ । यसर्थ उसको चेतना पनि त्यसरि नै आ-आफ्नो वर्ग स्वार्थ अनुसार निर्माण हुन्छ । आफु भन्दा अगाडिका सम्पूर्ण दार्शनिक मतहरुलाई कटाक्ष गर्दै मार्क्सले घोषणा गऱ्यो कि, “वस्तुगत सत्य मानव सोंचसँग सम्वन्धित हुन्छ कि (हुन्न? भन्ने) विवादका बिषय सिद्धान्तको प्रश्न होइन, तर व्यवहारिक प्रश्न हो,’ । विचारको सत्य, अर्को शब्दमा वास्तविक्ता तथा शक्ती व्यवहारमा देखिनु पर्दछ । विचारको वास्तविक्ता वा अवास्तविक्ता भन्ने जस्तो वादविवाद जुन अभ्यासबाट वियुक्त छन, विशुद्ध शास्त्रीय विषय हो .... दर्शनशास्त्रीहरुले विभिन्न तरिकाद्वारा संसारको व्याख्या मात्र गरेका छन, तर वास्तविक कार्य यो वदल्नु हो ।”[14]

संसारका मार्क्सवादी कम्युनिष्टहरू जो आफुलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दावा गर्दछन उनीहरू संसारको ईतिहासमा ठुलाठुला परिवर्तनहरु बिना कुनै दुई पक्षविचको द्वन्द्व भएको छैन र भविष्यमा पनि हुने छैन भन्ने तर्क गर्दछ । मार्क्स-एँगेल्सले सन १८४७ मा जारी गरेका कम्युनिष्ट घोषणा पत्रमा “अहिलेसम्म अवस्थित संपूर्ण समाजको ईतिहास वर्ग संघर्षको ईतिहास हो”[15] भनि दावी प्रस्तुत गरियो । ऐतिहासिक वर्ग-संघर्षको नियम अनुसार पूँजिबाद बिकासको पछाडि वुर्जुवा पूँजिपतिहरु र सामन्तहरु विचको संघर्षबाट भएको थियो । त्यस्तै समाजवाद वा साम्यवादको उदयको निमित्त सर्वहारा वर्ग र वुर्जुवा वर्ग विचको द्वन्द्वले गराउने छ भनियो । यी वर्गहरुको विच पनि स्पष्ट दोषीरेखा थियो । क्रान्तिले दोषीरेखा मेटाए पश्चात समाज नयाँ ढंगले अगाडि बढ्न सफल भयो भन्ने दावी गरियो । यसर्थ, मार्क्सवाद दर्शनमात्र होइन संसार बदल्ने विज्ञान पनि हो भन्ने दावी गरियो ।

### ३.३ स्व-देशवादः

स्व-देशवाद जीवन-जगतलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने नविन राजनीतिक दर्शन प्रणाली हो । यो विश्व स्व-देशी (आदिवासी) जनताको स्व-देशी ज्ञानको स्रोतबाट बिकास भएको एक सार्वभौम सिद्धान्त हो जुन स्व-देशी जनता मात्र होइन सम्पूर्ण जीवन-जगतको कल्याणको निमित्त अपरीहार्य भएको छ । ज्ञानको स्रोतको रुपमा यसले स्व-देशी जनतालाई मान्दछ भने ज्ञानको प्रयोगमा स्वदेशी-गैरस्वदेशी विचको द्वन्द्वात्मक अवस्थाबाट माथि उठेर सिंगो जीवन-जगतको दुःख मुक्तिलाई केन्द्रमा राख्दछ । यहाँ स्व-देशवाद (Indigenism) दर्शनको प्रमुख प्रस्तावकहरु मध्यका वार्ड चर्चिल “आइ एम ईण्डिजिनिष्ट” पुस्तकमा लेख्छन;

*प्राय: मेरो लेखहरू तथा सम्वोधनहरूमा म आफुलाई विचारधारामा स्वदेशवादी भनि परिचित गराउँछु । यसमा मेरो मतलब यो हो कि, म (त्यो) हुँ जो स्व-देशी (आदिबासी) जनताको अधिकार मेरो राजनीतिक जीवनको उच्चतम महत्वको रूपमा मात्र लिन्न बरू जो विश्व भरि स्व-देशी जनताहरूद्वारा हजारौं बर्षहरूमा विकास गरेका परम्पराहरू– ज्ञान तथा (त्यससँग) सम्बन्धित मुल्यको संकेतहरू– माथि आकर्षित हुन्छ । यो आधारमा म वर्तमान सामाजिक, राजनीतिक, आर्थिक, र दार्शनिक यथास्थितिको आलोचना मात्र होईन तर विकल्प परिकल्पना गर्छु । बदलामा यसले मैंले पछ्याउने खालको लक्ष्यहरू तथा उद्देश्यहरूलाई आकार दिने मात्र हैन मैंले वकालत गर्ने रणनीति र जुक्ति, मैले सहयोग गर्न चाहने संघर्षको प्रकारहरू, म प्रवेश गर्न चाहेको गठबन्धनहरू, तथा अन्यलाई आकार दिन्छ ।"* [16]

उदारवादको एक व्यक्ती र मार्क्सवादको व्यक्तीहरु सम्मिलित आर्थिक वर्ग भन्दा भिन्न यहाँ "स्व-देश" आवधारणा प्रधान हुन्छ । 'स्व'ले कुनै एक व्यक्तीको आत्मागत पक्षमात्र बुझाउँदैन बरु सबै सृजित (सजिव वा निर्जिव) वस्तुहरु (Phenomena) को अस्तित्वलाई बुझाउँदछ जुन उदारवादको एक व्यक्ती र मार्क्सवादको वर्ग जस्तो सापेक्षित हुँदैन, शास्वत हुन्छ । त्यसरी नै देशले दीग (space) लाई जनाउँछ । देश वा दीग दिश् धातुबाट आएको हो जहाँ दिश् वा दिशा भन्ने बुझिन्छ । यसर्थ देश वा दीगले पूर्व-पश्चिम-उत्तर-दक्षिण दिशायुक्त क्षेत्र वा ठाउँ (Space) अर्थात व्यवहारिक अनुभव र प्रयोगको गाउँ (Village, Country), देहात (Country), र देश (Country) भन्ने बुझाउँदछ ।

अब २१औं शताब्दीको विश्व समाज र व्यवस्थाहरुले सामना गर्नु परेका चुनौतीहरुको समाधान गर्ने सवालमा परम्परागत उदारवाद र मार्क्सवादको दार्शनिक संशयात्मक स्थितीलाई हेरौं ।

स्वदेशवादले परम्परागत उदारवाद र मार्क्सवाद जस्तो मानवकेन्द्रवाद (Anthropocentrism) को विकल्पमा जैविक वहुलवाद (Bio-pluralism) लाई केन्द्रमा राख्दछ । यसर्थ, स्वदेशवादमा सार्वभौमिकताको सवाल गौण हुन्छ अर्थात जसरी उदारवाद र मार्क्सवादले जैविकता भित्रको मान्छेलाई मात्र सार्वभौम मान्दै अन्यमाथि मानव (एका)अधिकारलाई स्थापित गर्छ, स्वदेशवादले त्यसको ठीक विपरित मान्छे जीव मण्डल (Biosphere): प्रकृति (nature) जीव (biology) तथा पर्यावरण (ecology) को एउटा अँग वा ईकाईमात्र मान्दछ त्यसकारण मान्छेको एकाधिकारलाई अस्विकार गर्दछ । यसै मान्यताको जगमा वहुलराष्ट्रिय राज्य बोलिभियाको "वहुलराष्ट्रिय विधायिकी सभा" ले सन २०१० मा Law of the Rights of Mother Earth (धर्तिमाताको अधिकारको कानुन) पारित गऱ्यो । दक्षिण अमेरिकाको एउटा भू-परिवेष्ठित मुलुक बोलिभिया यस्तो कानुन पारित गर्ने विश्वका पहिलो मुलुक बन्न कसरी सम्भव भयो जहाँ उत्तर-अमेरिका, यूरोपका विकसित र सभ्य भनिएका देशहरुले र संयुक्त राष्ट्र संघ समेतले यस कानुनको प्रसंशा मात्र होइन Universal Declaration of Rights of Mother Earth नै घोषणा गर्न वाध्य भयो । यो कसरी सम्भव भयो भने बोलिभियाको बामपन्थी ईन्डिजिनिष्ट पार्टी Movement Towards Socialism (Moveimiento al Socialismo–MAS) ले परम्परागत मार्क्सवाद वा उदारवादको विकल्पमा राज्य सिद्धान्त (state principle) स्व-देशवाद (Indigenism) र शासनकला विज्ञान वहुलराष्ट्रवाद (Plurinationalism) र सामुदायिक समाजवाद (Communitarian Socialism) लाई अंगिकार गरे पश्चात सम्भव भयो ।

सुक्ष्म विश्लेषण गर्दा उदारवाद र मार्क्सवादले प्रशय दिने मानवकेन्द्रवाद र एकाधिकार विश्वभरका स्व-देशी राष्ट्रहरु तथा पूर्विय चिन्तन प्रणाली वैदिक तथा बौद्धभन्दा विपरित पश्चिमी "एब्रह्मिक" धर्म-दर्शनबाट आएको हो । त्यसकारण एब्रह्मिक धर्महरुले जस्तै गरी उदारवाद र मार्क्सवादले वैज्ञानिकता, तार्किकता तथा

प्रमाणिकताको नाममा अन्य स्व-देशी ज्ञानसंहार गर्दछ र औपनिवेशिकता लाद्ने गर्दछ । यूरोपेली ज्ञानोदय (उद्बोधन) यूगको प्रारम्भदेखी नै यूरोपले आफु बाहेक संसारका अन्यलाई हेर्ने दृष्टिकोणमा एउटा प्रक्षेप निर्माण गऱ्यो जहाँ "कला तथा सौन्दर्यशास्त्र" कसरी दार्शनिक संकथन भयो, केही मापदण्ड स्थापित गर्नको निमित्त उत्तरदायी मात्र होइन जसले (अहिलेसम्मको मानव) "रुची"लाई दुरुस्त गर्दछ र विश्वभर फरक जनसंख्याहरु विभाजन गर्नको निमित्त पनि जो, ईम्यानुएल क्यान्टको अवधारणा अनुसार (यूरोपेली जनासंख्या वाहेक) अन्य विश्वका जनसख्याहरू सुन्दर तथा उत्कृष्ट थाहा पाउन र बुझ्न तत्पर थिएन । विश्वभर फरक जनसंख्याहरु विभाजन गर्न उनिहरुले "उस्तै तर फरक" अर्थात "similar but different" विशेष पद सृजना गऱ्यो । "उस्तै तर फरक" विरोधालंकार सुविचरित छ । यो पश्चिमी धर्मशास्त्र, सेक्युलर दर्शन तथा विज्ञानद्वारा आविस्कार गरिएको साम्रज्यवादी तथा औपनिवेशिक ज्ञानगत, सौंन्दर्यशास्त्र, धार्मिक र तत्वमिमांसिय भेदको कारण हो ।

ज्ञानगत-तत्वमिमांसिय (Epistemic–Ontological) सिद्धान्तमा उदारवाद र मार्क्सवाद एब्रह्मिक मूल्य-मान्यताको नविकृत संस्करण हो । यसकारण यि दुई आधुनिक भनिएका दार्शनिक प्रणालीले अवलम्वन गर्ने प्रणालीगत (Methodological) कृयाको केन्द्रमा हिंसा रहन्छ । जसरी ज्ञान-तत्वमिमांसिय आधारमा एब्रह्मिक धर्म-दर्शनहरुले एब्रहमको सम्प्रभूतालाई स्थापित गर्दछ, विकल्पमा धर्म निरपेक्ष ज्ञान-दर्शन प्रणालीको दावी सहित उदारवाद र मार्क्सवादले एब्रहमको विकल्पमा मानव सम्प्रभूता स्थापित गर्दछ ।

उदारवादी र मार्क्सवादी दर्शन प्रणालीको निर्देशनमा एक व्यक्ती वा समुह (वर्ग) सहभागि कालिक प्रकृया (temporal process) जुनलाई दर्शनशास्त्रमा दुःख र पीडाको संयोग मानिन्छ, साथै मुक्ती (trandscendence) तर्फको संकेत वा सूत्र प्रदान गर्ने रुपमा पनि हेरिन्छ– दुःख र पीडाको पुनोरूत्पादन गर्दछ । किनकी ज्ञानगत-तत्वमिमांसिय सिद्धान्तमा उदारवाद र मार्क्सवादले मानवकेन्द्रवाद र अधिनायकत्वलाई स्थापित गर्ने हुँदा यि दुई दार्शनिक प्रणालीलाई मान्ने र अवलम्वन गर्ने संसारका (केही) सम्भ्रान्त मान्छेहरु सहभागी कुनै देश वा दीग (space) भित्रको कालिक प्रकृयामा साझेदारीता तथा सामुहिकताको शून्य उपस्थिती हुन्छ । जहाँ प्रकृति, जीव र पर्यावरणमा केवल एक मान्छेको सम्प्रभूता र अकाधिकार हुन्छ त्यहाँ देश र दीग (space) मा सम्भ्रान्तहरुको सम्प्रभूता र एकाधिकार स्थापित गरिन्छ । विपरितमा ज्ञानगत-तत्वमिमांसिय सिद्धान्तमा स्व-देशवादले जैविक वहुलवादलाई स्थापित गर्ने हुँदा यो दार्शनिक प्रणाली मान्ने तथा अवलम्वन गर्ने स्व-देशवादी राष्ट्रहरु सहभागी देश वा दीग (space) भित्रको कालिक प्रकृयामा साझेदारी र सामुहिकताको दरिलो उपस्थिती हुन्छ ।

विशेषतः मार्क्सवाद र साधारणतः उदारवाद लगाएत अन्य पश्चिमी राजनीतिक दर्शन प्रणालीहरु (विशुद्ध विज्ञान समेत) द्वैतवादी हुन्छ । उनिहरुको ज्ञानगत-तत्वमिमाँसिय सिद्धान्तमा जगत (वस्तु) र जीवन (चेतना)को अलग अलग अस्त्विवत्व स्विकार गर्दछ अर्थात दुबैलाई मूर्तरुप दिन्छ । चेतनाविष्ट काल र वस्तुनिष्ट दीग दुबै मूर्त हुन्छ । त्यस कारण सम्पूर्ण सत्य वा अस्तित्व अनिवार्य ऐतिहासिक, द्वन्द्वात्मक तथा भौतिक हुन्छ । विपरितमा स्व-देशवादले सबै सत्य र अस्तित्व अनिवार्य सापेक्षिक, संवादात्मक र साँस्कृतिक हुने मान्दछ । द्वन्द्ववादीहरुको निमित्त ईतिहासको गति वा परिवर्तनको नियम थेसिस (पक्ष) एन्टीथेसिस (विपक्ष) विचको निरन्तर द्वन्द्वबाट सिन्थेसिस (संयोग) बन्ने र एवंरितले उर्धमूख (spiral) प्रवाह हुने जहाँ द्वन्द्वात्मक निषेध (dialetic negation) नियमबाट अगाडि बढ्ने क्रममा परिणामतः परिवर्तनले यथास्थितीको संख्यात्मक क्रममा गुणात्मक फड्कोद्वारा

क्रमभंग गरिन्छ। यस प्रकृयामा शक्तिको भूमिका अनिवार्य तथा महत्वपूर्ण हुन्छ। समाजको निरन्तरको चाललाई गतिवान बनाउनु अनिवार्य हुन्छ। निरन्तरको चालमा क्रमभंग गर्दै गतिवान बनाउनुको निमित्त अतिरिक्त शक्ती उत्पादन गर्नु अतिआवश्यक हुन्छ जुन बल (हिंसा)को प्रयोग द्वारा गर्न सकिन्छ । हिंसा र बलको प्रयोगद्वारा पुरानो ध्वंश नभईकन नयाँ निर्माण हुन सक्दैन भन्ने मान्यता अनुसार युद्ध छेडिन्छ । यो उनिहरुको जीवन-जगतको तत्वमिमांसीय निराशावाद (pessimism) को कारण हो जसले उनिहरुलाई गहिरो गरी उच्छेदवाद (nihilism) को संकट तर्फ डोऱ्याउँछ। उच्छेदवादीहरु संरक्षणमा विश्वास गर्दैनन बरु ध्वंशलाई नै निर्माणको अनिवार्यता मान्दछ किनकी उनिहरुको निमित्त "यावत जिवेत् सुखम जिवेत् । ऋणम् कृत्वा घ्रिणम् पिवेत । भष्मीभूतस्य देहसस्य पूनरागमन कुतः" नै सत्य हो । उनिहरुको निमित्त आफ्नो स्वार्थ (स्व-अर्थ) बाहेक केही पनि सत्य छैन अन्य कुनैको मुल्य पनि छैन। त्यसकारण जो आफ्नो स्वार्थको निमित्त उपयुक्त छैन ति सबै ध्वंश गर्नु अनिवार्य हुन्छ। त्यो नै महानता हो र क्रान्ति हो ।

### ४. संवादात्मक तथा द्वन्द्वात्मक (dialogic and dialectic) विचको अन्तर बारेः

संवादात्मक प्रकृया G.H.F. Hegel द्वारा प्रस्तावित द्वन्द्वात्मक प्रकृयाको विपरित उभिन्छ। द्वन्द्वात्मक प्रकृयामा विविध नमुनाहरु (Paradigms) अथवा विचारधाराहरु (Ideologies) विचको सम्वाद तथा समाधान व्याख्या गर्दै, एउटा कल्पित, अनुमानित वा तथाकथित समाधान (putative solution) लाई अन्य (समाधानहरू) माथि उत्कृष्टता स्थापित गर्दछ। द्वन्द्वात्मक प्रकृयाको लक्ष्य तर्क तथा विपरित तर्क (thesis and antithesis) लाई द्वन्द्व तथा तनावको माध्यमबाट एउटा सम्झौता अथवा अन्य सहमतीको अवस्थामा संयोग गराउनु हो (synthesis) । "संयोग जुन पूर्वपक्ष तथा प्रतिपक्ष विचको प्रतिद्वन्द्वीबाट बिकास हुन्छ ।" द्वन्द्वात्मक विधीले हिंसालाई पूनोरुत्पादन गरिरहन्छ वा रहनु अनिवार्य हुन्छ जबसम्म साम्यवाद (communism) जुन एउटा कल्पित, अनुमानित वा तथाकथित समाधान (putative solution) हो, पूर्णरुपेण स्थापित हुँदैन ।

विपरितमा संवादात्मक प्रकृयामा विविध दृष्टिकोणहरु सह-अस्तित्वमा रहन्छ र उनिहरुको अन्तर्कृया सापेक्षित रूपले अस्तित्वपरक तथा सापेक्षात्मक हुन्छ। यहाँ, प्रत्येक विचार विशेष अवस्थाहरुमा ज्यादा महत्व राख्दछ। यदि रणनितीको वान्छित प्रभाव नभएमा परिवर्तन यिनै विचारहरु भित्रै गर्न सकिन्छ । यहाँ विचारहरु विच पूर्वपक्ष र प्रतिपक्ष भेद हुन्न, त्यसकारण विचारहरु विच संवाद (dialogue) हुन्छ, द्वन्द्व (dialectic) हुँदैन । साथै, भूत र भविष्यतकालको वस्तुकरण हुन्न र जे हुन्छ र गरिन्छ वर्तमानमा गरिन्छ। वर्तमानमा गरिने हुँदा न भूतकालको भुतले सताउँछ नत भविष्यतकालको लोभले डुबाउँछ । उदारवादी क्यपिटलिष्ट र मार्क्सवादी कम्युनिष्टहरुले हालसम्म उनीहरूको भूतकालको भुतबाट त्रसित हुँदै र भविष्यतकालको लोभबाट ग्रसित हुँदै वर्तमानलाई क्षति पुऱ्याई आएका छन। तर, हामी स्व-देशवादी ईण्डिजिनिष्टहरु वर्तमानको संरक्षण नै भूतकालको सम्मान हो र भविष्यतकालको रक्षा गर्नु हो भन्ने मान्यता राख्दछौं ।

### ५. द्वन्द्वात्मक या संवादात्मक समाधान

वर्तमान विश्वका राष्ट्र-राज्यहरूभित्र राज्यधारी राष्ट्र र राज्यविहिन राष्ट्रहरु विचको दोषीरेखाले एक अलग्गै किसिमको अन्तरविरोध सृजना गरेको छ। यस संबन्धमा प्राध्यापक श्यामुएल पी. हन्टिङ्टन माईकल डिब्डिनलाई उदृत गर्दै लेख्छन;

*हामी थाहा पाउँछौं, हामी को हौँ जब हामी थाहा पाउँछौं हामी को होइनौं र मात्र जब हामी थाहा पाउँछौं हामी कसका विरुद्धमा छौं ।* [17]

यस भनाइलाई गहिरेर विचार गर्ने हो भने संसारभरीका सिमित राज्यधारी राष्ट्रहरु भित्रका मुट्ठीभर सम्भ्रान्तहरुद्वारा राज्यविहिन राष्ट्रहरुमाथि प्रयोग गर्दै आएको राज्य औपनिवेशिकता नै हो जसले आफ्नै किसिमको सत्ता निर्माण गरी त्यही सत्ताको बलमा दुई तिहाई भन्दा ज्यादा संख्यामा रहेका सार्वभौम स्व-देशी राष्ट्रियताहरुमाथि उपनिवेश लादेको थियो । विश्वभरका सार्वभौम स्व-देशी राष्ट्रियताहरुलाई अबिकसित र असभ्य करार गर्दै १७-१८औं शदाव्दीदेखिको Civilizing missions तथा २०औं शताव्दीको विशाल आधुनिकिकरण तथा विकास योजना (Grand Modernization and Development Project) मार्फत उनिहरुमाथि बलपूर्वक सामाजिक-साँस्कृतिक, राजनीतिक तथा आर्थिक औपनिवेशिकता लागु गर्दै राष्ट्रिय/जातिय-संहारको योजना अगाडि बढायो । त्यस निमित्त उनीहरू (शासकहरू)ले,

*हामी जो थियौं, त्यो होइन भनियो । हामी जो थिएनौं, त्यो हो भनियो । हामी जो थिएनौं र होईनौं "गोर्खाली राष्ट्रियता", हामी जो थियौं र हौं "स्व-देशी राष्ट्रियता" । हामी जो थियौं र हौं "स्व-देशी राष्ट्रियता" त्यसलाई निषेध गरियो र गरि नै रहेको छ । हामी जो थिएनौं र होईनौं "गोर्खाली राष्ट्रियता" त्यसलाई स्विकार गराईयो गराई नै रहेको छ ।*

यहाँ समाज र राज्यविच ईतिहासका वुर्जुवा लोक्तान्त्रिक र सर्वहारा समाजवादी भनिएका क्रान्तिहरुले मेट्न असमर्थ दोषिरेखा (Faultline) हाल पर्यान्त कायम नै छ । जसले नेपाली जनताहरुको निजी जीवनहरु मात्र होइन राज्य संयन्त्रहरुलाई पनि प्रभाव पारेको छ र वर्तमान गणतन्त्रको औपनिवेशिक चरित्रले निरन्तरता पाएको छ । यस प्रसंगमा बोलिभियाली समाजबादी क्रान्तिको नेता तथा उपराष्ट्रपति अल्वारो गार्सिया लिनेराको भनाइ सारगर्भित छ,

*यहाँ एउटा निरन्तरताको धार छ र एउटा सुःखको धार छ । निरन्तरता मेरो प्रतिवद्धतामा अन्तर्निहित छ कि स्व-देशी जनताहरुले बोलिभियामाथि शासन गर्नु पर्छ, र यो मात्र एउटा बाटो हो १८० बर्षदेखी समाज र राज्यविच रहेको दोषीरेखा मेटाउने, र यो गणतन्त्रको औपनिवेशिक चरित्रको अन्त्य गर्ने जुनले बोलिभियाली निजी जीवनहरु जस्तै (गरि) राज्य संयन्त्रहरुलाई पनि प्रभाव पार्दछ ।*

२१औं शताब्दीको हाम्रो समाज र राज्यविचको दोषीरेखालाई मेटाउन बोलिभियाली क्रान्तिले सन २००९ मा वहुलराष्ट्रिय राज्य बोलिभिया घोषणा गरे जसरी नेपालको वर्तमान एकलराष्ट्रिय राज्य स्व-रुप वा सं-रचनालाई वहुलराष्ट्रिय राज्य स्व-रुप वा सं-रचनामा बदल्नु अनिवार्य भएको छ । र त्यस मार्फत स्व-देशी जनताहरुको राजनीतिक स्वतन्त्रता प्राप्त गर्नु जसबाट अन्ततः राज्यमाथिको शासन स्व-देशीको हातमा आउनेछ । यो राज्य स्व-देशीद्वारा शासित हुनुपर्छ ।

*हामी जो थियौं/हौं "स्व-देशी राष्ट्रियता" पूर्णरुपेण स्थापित हुनु पर्छ । त्यहि लोकतन्त्र औ जनतन्त्र हो, त्यहि अधिकार हो, त्यहि परिवर्तन, रुपान्तरण, पुनःसंरचना, क्रान्ति हो, त्यहि नै नयाँ नेपाल र शान्ति हो ।*

यसको लागि हामीले आफुलाई यो ऐतिहासिक जिम्मेवारी लिनको निमित्त ठुलो तयारी गर्नु पर्दछ ।

हामीले स्व-देशी र गैरस्व-देशी विचको दोहोरो द्वन्द्वबाट माथि उठी सिंगो देशकोनिम्ती समाधान दिन सक्नुपर्दछ । हामी ति जनताहरुको निमित्त पनि योजना ल्याउनु पर्दछ जो स्व-देशी राष्ट्रियता होइन तर जो हामी जस्तै कुनै रुपबाट उत्पीडित छन । तर अब यसको नेत्रित्व हामीले लिनु पर्दछ अन्यथा हिजोकै शासकहरुको नेत्रित्वमा

राज्य रह्यो भने नत त्यसले सामाजिक लोकतन्त्रको अवधारणालाई सफल बनाउने छ नत हामी विचको दोषीरेखा मेटिन गई नयाँ क्रममा हामी प्रवेश गर्ने छौं ।

हामी विश्वका उत्पीडित राज्यविहिन राष्ट्रका जनताहरूको तर्फबाट हाम्रै मुक्तिको निमित्त उत्पीडक राज्य विरुद्ध संघर्ष गरिरहेका नेपालका ईन्डीजिनिष्टहरु यसबेला २१औं शताब्दीको नविन नेपाली क्रान्ति “राष्ट्रिय मुक्ति क्रान्ति”को विचार, नेतृत्व, योजना निर्माण गर्दै अघि बढिरहेका छौं । यस घडीमा हामीलाई विश्वमा विकास भईरहेको अन्तरसंघर्षको विश्लेषण गर्ने विधि तय गर्नुछ भने अन्तरसंघर्षहरुको समाधान गरि दिगोशान्ति स्थापित गर्न अवलम्बन गर्नुपर्ने योजनाको निमित्त नव-नमुना निर्माण पनि गर्नुछ ।

सन १९८० को दशकबाट शुरु भएको विश्वव्यापिकरण र नवउदारवाद नवसाम्राज्यवादको अवतार हो । नवउदारबादी पुँजिबादको जगमा खडा भएको नवसाम्राज्यबाद विश्व बैंक, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनको तीनपाँग्रे रथ चढेर विश्वभरिको उत्पीडित स्व-देशी राज्यविहिन राष्ट्रका जनताहरुले युगौंदेखी बचाई ल्याएका प्राकृतिक स्रोत, स्व-देशी ज्ञान, सिप, प्रविधीको उपयोग (वा दुरुपयोग) गरी आफु र आफ्नो कम्पनीको अंशियारहरुको व्यक्तिगत धन बढाउने योजना मुताविक विश्वभरी नै लुट मचाउँदै हिंडिरहेको छ । विश्वभरिका आधुनिक राज्यहरुको शासकहरु आ-आफ्नै देश भित्रको जनताहरुको बुई चढ्दै यिनै अन्तरराष्ट्रिय नवसाम्रज्यबादी शक्तीहरुको गुलामी गर्नमा नै तल्लिन छन । कुनै बेला कथित सर्वहारा वर्गको नेत्रित्व गर्ने भनी विश्वभरी हल्लाको खेती गर्दै हिंडेका बामपन्थी कम्यूनिष्ट नेताहरु क्रमैसँग पराजित हुँदै गएको परिप्रेक्षमा नवउदारबादको नाईके प्रोफेसर फ्रान्सिस फूकुयामाहरुले त अब विश्वमा वैचारिक वा सैद्धान्तिक राजनीतिक टकरावको यूगको अन्त्यको घोषणा गर्न सेमत भ्याए । तर सन १९९० को दशकको शुरुवातसँगै शुरु भएको विश्व स्व-देशबाद र राष्ट्रिय मुक्ती क्रान्तिको चौथो लहरसँगै नवउदारबादी साम्राज्यबादको क्याम्पमा ठुलो भुईचालो गयो । त्यसपश्चात भने उनिहरुले आफ्नो अन्तरराष्ट्रिय सहयोग एजेन्सीहरु मार्फत ईण्डिजिनिष्ट नेत्रित्वहरुलाई (आइ.)एन.जि.ओ. आन्दोलनमा नै सिमित पार्ने योजना बढायो भने कम्यूनिष्टहरु निर्लज्जा ढँगले राष्ट्रिय मुद्दाहरुलाई उपयोग गर्दै सत्ताको बागडोर सम्हाल्न पुगे । यसविच दक्षिण अमेरिकाका ईण्डिजिनिष्ट मूभ्मेन्टहरु राजनीतिक रुपमा बिकास हुँदै अन्ततः शान्तीपूर्ण तथा सशस्त्र विद्रोहहरु मार्फत स्व-देशी सत्ताहरु निर्माण गर्न सफल भए । हाल नेपालमा पनि ऐतिहासिक शक्तिहरु पूँजिबादी नवउदारबादी शक्ती नेपाली कँग्रेस र कम्यूनिष्ट पार्टीहरू असफल हुँदै गर्दा एउटा ईण्डिजिनिष्ट शक्तिको उदय अवश्यंभावी भएको छ । तर ईण्डिजिनिष्ट नेत्रित्वहरु भने राजनीतिक रुपमा अघी नबढी उही (आइ.)एन.जि.ओ. आन्दोलन झैं गरिरहेको परिस्थिती माझ उनिहरु तिनै नवउदारवादको नाईके कँग्रेस र नवदलाल कम्युनिष्टहरु कै पछाडि विनार्थ कुदिरहेको  देखिन्छ । यस्तो हुनुमा नेताहरुमा रहेको वैचारिक टाटपल्टाई नै हो । यसर्थ अब हामीले कुनै नवउदारबादी वा नवमार्क्सबादीहरुको पछी लाग्नु भन्दा एक पटकलाई आफ्नै ईण्डिजिनिष्ट धारबाट एउटा राजनीतिक संश्लेशन गरी शान्तिपूर्ण सशक्त विद्रोह मार्फत स्व-देशी सत्ता निर्माण गर्न जनता समाजवादी पार्टीको झण्डा मुनी गोल्बन्द भई संघर्ष गर्न जरुरी भएको छ ।

**मित्रहरु,**

विद्रोह सम्पन्न गर्न हामीलाई विद्रोहको निमित्त नवनमुना आवश्यक्त पर्दछ । त्यसको निमित्त हामीलाई सामाजिक संरचनाको ज्ञान हुन आवश्यक हुन्छ । समाजको संरचना नै राजनीतिक संरचनाको आधार बन्दछ । समाजको प्रमुख तीन संरचनाहरू; आधारसंरचना, सामाजिक संचना र उपरीसंरचना हुन । तथापी, यो आर्थिक जगमा

आधारित भएतापनि, उपरीसंचना आर्थिक आधारभन्दा माथि उठ्छ र सामाजिक संचनासँग सहकार्य गर्छ, कहिलेकाहिं त निर्णायक रूपमा । यो उपरिसंचना र आधारविचको द्वन्द्वात्मक सम्बन्ध धेरै जटिल हुन्छ र संधै बुझ्न सक्ने हुन्न । तर अन्तिम अनुसन्धानमा आर्थिक आधार संधै निर्णायक शक्ति भएर आउँछ । यि तीनै संरचनाहरु नै राजनीतिक शक्ती उत्पादनको स्रोत समेत हो । प्रयास उपरीसंरचना शक्ती अभ्यासको लागि उपयुक्त र वैध हुन्छ । तर आधारसंरचना भने उपरीसंरचनाको शक्तीलाई उत्पादन गर्ने स्रोत समेत हुन्छ । तब न त प्रयास संसारको विद्रोहीहरुले सुरुमा आधार संरचनाभित्र अन्तर्निहित शक्तिलाई आफ्नो पक्षमा लिन्छ । जसको निमित्त उनिहरुले आधार संरचनामा भएको उपरीसंरचना विरुद्धको भावनालाई नयाँ राजनीतिक मार्ग वा कार्यदिशा मार्फत विद्रोहको शक्तिमा बदल्छ र क्रमिक रुपले उपरीसंरचनालाई भत्काउन उपयोग गर्दछ । जसको निमित्त नेतृत्वले कठोर निर्णय गर्नु पर्छ, किनकी-

*साधरणतय मानव चेतना प्रगतिशिल वा क्रान्तिकारी हुँदैन । परिस्थितिलाई प्रतिकृया जनाउन ढिलो गर्छ र गहिरेर रूढिबादी हुन्छ । धेरै जसो मानिसहरू परिवर्तन चाहन्न, क्रान्तिकारी परिर्वतन ज्यादै कम । यो परिवर्तनको भित्री भय सामुहिक मनोविज्ञानमा गहिरो गरि जरा गाडिएको हुन्छ । यो एक प्रतिरोध प्रकृयाको अँग हो जसको शुरूवात मानव जीवको सुदुर भुतकालमै हुन्छ । ईतिहास केहि गर्दैन, यो कुनै ठुलो धन संचय गर्दैन, यो कुनै युद्ध छेड्दैन । यो त मान्छे हो, वास्तविक जीवित मान्छे जो यी सबै गर्छ, जो (धन) संचय गर्छ र (युद्ध) लड्छ । ईतिहास (त्यस्तो) छैन जस्तो थियो, एक व्यक्तिको साथमा, मान्छेलाई यसको आफ्नै उद्देश्य प्राप्तिको साधनको रूपमा उपयोग गर्दै ईतिहास मान्छेको आफ्नै लक्ष्य पछ्याउने कृयाकलाप बाहेक केहि होईन – मार्क्स तथा एँगेल्स, द होली फ्यामिली, च्याप्टर छैठौं ।*

साधारण नियमको रूपमा, हामी भन्न सक्छौं कि समाजले एक खुड्कीला अघि सार्ने निर्णय कहिल्यै लिंदैन जबसम्म अति-आवश्यक्ताको बलमा त्यसो गर्न वाध्य पारिन्न । जबसम्म विस्तारै परिवर्तन हुँदै गरेको वास्तविक्त तिर नजाँनिदो रूपले बानी बसाउँदै पुरानो सोंचहरू कै आधारमा जीवन घुमाई रहन सम्भव हुन्छ, तबसम्म मानिसहरू (पुरूष तथा महिला) सहजै अपनाएको बाटोहरूसँगै निरन्तर हिंडि रहन्छ । मेकनिक्समा ईनर्सिया शक्तिले जसरी परम्परा, आदत र रूटिनले मानव चेतनामा गह्रुँगो भारी बनाउँछ, जसको अर्थ हुन्छ कि सोंचहरूले जहिले पनि घटनाहरूलाई ढिलो गराउने गर्दछ । यो ईनर्सियालाई परास्त गर्न ठुला घटनाहरूको हथौडे मुक्का आवश्यक हुन्छ र मानिसलाई अस्तित्वमा रहेको समाज, त्यसको सोंच र मुल्यहरूलाई प्रश्न गर्न वाध्य पार्छ । प्रकृति जस्तै समाज ढिलो तथा विस्तारै हुने परिवर्तन जान्दछ, तर यहाँ पनि विष्फोटक विकासहरू युद्ध तथा क्रान्तिहरूद्वारा लाईनलाई विच्छेद गराईन्छ, जहाँ परिवर्तनको प्रकृयालाई अधिक तेज पारिन्छ ।

क्रान्तिले जम्मा देखाउने वास्तविक्त त्यो हो कि समाजको वर्तमान सामाजिक संरचना तथा आर्थिक बिकास विचको द्वन्द्वबाट पैदा भएको सामाजिक अन्तरविरोधहरु असहनिय भएको छ । यो केन्द्रिय अन्तरविरोध वर्तमान प्रणालीको क्रान्तिकारी पलटबाट मात्र समाधान गर्न सकिन्छ र नयाँ सामाजिक सम्बन्धहरुद्वारा यसको प्रतिष्ठापन गरेर जसले आर्थिक आधारलाई उपरीसंरचनासँग सामंजस्य ल्याउँछ । क्रान्तिमा समाजको आर्थिक आधारहरुले क्रान्तिकारी परिवर्तन भोग्नु पर्दछ । त्यस पश्चात कानुनी तथा राजनीतिक उपरिसंरचना एउटा गम्भिर परिवर्तनबाट गुजर्नु पर्छ । प्रत्येक मामिलामा पुरानो समाजको गर्भमा एउटा नयाँ समाजतर्फ संक्रमण निमित्त एक तत्काल आवश्यकता प्रस्तुत गर्दै नयाँ उत्पादनको उच्च सम्बन्धहरु भ्रुणमा परिपक्व भएको हुन्छ । यसरी उपरीसंरचना तलबाट हुने प्रहारको परिणामस्वरुप कृया गर्नै नसक्ने अवस्थामा पुगे पश्चात त्यहाँ नयाँ संश्लेषण हुन्छ र नयाँ संरचना निर्माण हुन पुग्दछ ।

यसबेला हामीलाई के कुरा थाहा हुन जरुरी छ भने हामीमाथी काठोर शासन लाद्ने शासक जाति–वर्गले कुन वैचारिक धरातलमा उनिहरुको सत्तालाई वैध बनाएका थिए । स्मरण रहोस कि सामन्ती सत्ताहरु समेत ठुलै धार्मिक दर्शनको आधारमा वैध बनाएका थिए । ब्रह्माण्डको सत्य आइडिया होईन म्याटर वा वस्तु हो । आईडिया त फगत वस्तुको उत्पादन हो । यसर्थ ब्रह्माण्डको वस्तुबादिता वा अब्जेक्टिवीटि नै सत्य हो । मार्क्सले व्याख्या गरे कि विचारहरु आकाशबाट झर्दैनन बरु मानिस (महिला तथा पुरुष) को नियन्त्रण भन्दा पर वस्तुगत अवस्थाहरु, सामाजिक दवाबहरु तथा अन्तरविरोधहरु थोर या बहुत सही तरिकाले प्रतिविम्वित गर्दछ । ईतिहास महामानव, राजाहरु, राजनीतिज्ञहरु तथा दार्शनिकहरुको स्वतन्त्र ईच्क्षा र सचेत चाहनाको परिणामको रुपमा प्रकट हुँदैन । त्यसको विपरित समाजको प्रगति उत्पादक शक्तीहरुको बिकासमा निर्भर रहन्छ जुन सचेत योजना होइन बरु मानिस (पुरुष तथा महिला)को पीठपछ्छी बिकास हुन्छ । यो वैज्ञानिक दृष्टिकोण विकास हुनु अगाव मानव समाजले ब्रह्माण्डको सत्य आइडिया वा चेतना मान्यो र भन्यो "ब्रह्म सत्य जगत मिथ्य ।" ब्रह्माण्ड भुत (पदार्थ), जीव (अहंकार) र आत्मा (चेतना) भनि बिभाजन गरियो र एवंरितले पदार्थ र अहंकारमाथि चेतनाको सर्वोपरितालाई जोड दिईयो । अर्थात कर्ता, कृया र कर्म चेतनामात्र हो र आत्मा, ब्रह्म, ईश्वर, ब्राह्मण चेतना रूपहरू हुन । यसर्थ यीनिहरू सवै पुज्य हुन भने बाँकी सबै त्याज्य हुन । जो यो मान्छन उनीहरू आस्थावान (आस्तिक) भए र पुरस्कृत भए । जो यो मान्दैनन उनीहरू अनास्थावान (नास्तिक) भए र तिरष्कृत भए । चारवकजनहरू, बौद्धजनहरूले मानेनन तिरष्कृत भए । स्व-देशीजनहरूले मानेनन तिरष्कृत भए । महिलाहरूको चेतनालाई चेतना मानिएन किनकी त्यो पुरूषको छाँया मात्र हो जसरी पानी भित्रको सूर्य । केहिलाई शूद्र बनाईयो र दास बनाईयो सदाको लागि र मालिकको सेवामा नै आफ्नो मोक्ष देख्न बाध्य तुल्यायो ।

दक्षिण एशियाको सबै भन्दा प्राचिन मोहेन्जोदारो र हरप्पको सभ्यता ईतिहासकार ईमानसिं चेम्जोङ अनुसार यहाँका प्रथम राष्ट्र, स्व-देशी जनताहरुले निर्माण गरेका थिए । चेम्जोङ्ले आफ्नो पुस्तक किराँतको ईतिहासमा भनिए अनुसार उत्तर तिरबाट आएका आर्यहरुले सिन्धु उपत्यकामाथी आक्रमण गरि कब्जा गरे पश्चात वैदिक सभ्यताको युग शुरु भयो । ऋृगवेदको रचनासंगै शुरु भएको वैदिक सभ्यताले शुरुमै अन्य ज्ञान र संकथन विधिलाई अनार्य भनी धुत्कार मात्रै गरेनन बरु त्यस्तो अनार्य शिक्षा पद्दतिहरु समाप्त गर्नुपर्ने मान्यता अनुसार आक्रमण शुरु गरे । आर्य र अनार्यहरु विच घनघोर युद्द भएको कुरा ऋृगवेदमा समेत उल्लेख भए अनुसार हामीले तत्कालिन सभ्यताको द्वन्द्वको अनुमान सहजै लगाउन सकिन्छ । अथर्ववेदको पालामा आइपुग्दासम्म यि दुई सभ्यताहरु विच सन्धि शुलह भएको पाईन्छ र यो कुराको प्रमाण यो हो कि जहाँ ब्राह्मणहरु अथर्ववेदलाई अनार्य तत्वहरु रहेको भनी लामो कालसम्म वेदको गणना गर्न तयार भएन कालान्तरमा मात्र अथर्ववेदलाई वेदको गणनामा राखे ।

वैदिक ब्राह्मणहरु साह्रै तर्कबादी थिए भन्ने कुरा उनिहरुको प्रथम वेद ऋृगवेदको प्रारम्भिक बन्दनामा राखिएको गायत्री मन्त्रको भावार्थबाट थाहा हुन्छ जहाँ उनिहरुले आफ्नो ईश्टदेवी गायत्रीसंग अरु कुनै कुराहरुको याचना नगरि ज्ञानको ज्योति आफुलाई प्राप्त होस भनी प्रार्थना गरेका छन । वैदिक सभ्यताको बिकाससंगै अन्य स्व-देशी चिन्तन विधिहरु समाप्तै नभएता पनि ज्ञान र संकथनको केन्द्रमा वैदिक चिन्तन नै स्थापित भए । वैदिक ब्राह्मणबादको केन्द्रमा कथित वैदिक सनातन वर्णाश्रम धर्म विधान थिए । यो धर्म विधानले सामाजिक विधानको कार्य समेत गर्दथे जहाँ मानव धर्मलाई चार वर्ण र चार आश्रमको आधारमा विभाजित गरेका थिए । उनिहरु आआफ्नो सम्बन्धित वर्ण र आश्रम धर्म निभाउन वाध्य थिए कि त्यसको पालन नै परम कर्तव्य हुन्थ्यो र पालन

नभएमा वा अस्विकार गरेमा दण्डित हुन्थे । दण्ड समेत चारवर्णहरुको तह अनुसार हुन्थे । तल्लो वर्णका मानिसहरुको लागि कठोर दण्ड जस्तै मृत्यु दण्ड समेत हुन्थे भने ब्राह्मणहरुलाई कमसल दण्ड हुन्थे । ब्राह्मणलाई मृत्यु दण्ड वर्जित थियो । यस्तो सामाजिक संरचनाको प्रतिविम्व थियो राजनितिक संरचना पनि यसर्थ उपल्लो वर्णकै दबदबा थियो राजनीतिक संरचनामा । शक्तीको एकल वर्चश्व थियो र रह्यो धेरै कालसम्म जहाँ अन्य शक्तिहरु निरिह भए ।

नेपालको सामाजिक–सांस्कृतिक, राजनीतिक, आर्थिक संरचना २००७ सालको क्रान्तिपूर्वसम्म यही अवधारणाबाट निर्देशित थियो । यद्दपी २००७ साल कालिन राज्यक्रान्ति ताका नेपालमा प्रो. नमचम्स्की ले सन १९७० मा सुझाए जस्तै बिकासित औद्योगिक समाजमा मुलतः चार किसिमको वैचारिक पोजिसनहरु; १. क्लासिकल लिबरल, २. लिबर्टेरिएन सोसियलिष्ट, ३. स्टेट सोसियलिष्ट र ४. स्टेट क्यापिटलिष्ट विचारहरु वैदिक ब्राह्मणबादको विरुद्द आए र ततपश्चात एक अर्कामा कठोर प्रतिश्पर्धा समेत गरे । तथापी हाल विश्वमा मुलत सन १९९० पश्चात शुरु भएको “सभ्यता सँघर्ष” को प्रभाव नेपालमा पर्दै जांदा भने माथिको चार पोजिसन परिवर्तन भई संघर्षको प्राचिन रुपहरु जस्तैः आर्य–अनार्य, नास्तिक–आस्तिक, हिन्दू–गैरहिन्दू, ब्राह्मण–गैरब्राह्मण, स्वदेशी–गैरस्वदेशी, पहाडी-मधेशी आदि रुपमा बिकास भयो । यसबेला यहाँ हिजोका ब्राह्मणबादको विचारबाट लाभान्वित भएका उपल्लो जात–वर्णका शासकहरु माथिको चार पोजिसनहरु मध्य जुनसुकैमा रहेतापनि प्रत्यक्ष औ परोक्ष रुपमा उनिहरुको आफ्नै वर्णिय दबदबा कायम राख्न यि वैचारिक पोजिसनहरुको सहारा लिईरहेको छ र तदनुसार शक्तीमाथिको आफ्नो उत्पिडक जाति–वर्ग दबदबा कायम गर्न चाहन्छन ।

तर अबको विश्वमा एकल शक्तिको वर्चश्व कायम राख्न संभव छैन । बाहुल्य बिश्फोटको परिणामस्वरुप शक्तिको बहुलकेन्द्रहरु निर्माण भयो र ति बहुलशक्तिहरुले मानव सबालहरुमा आ-आफ्नो भूमिका खोजिरहेको छ र विशेषगरी राजनीतिमा त अब शक्तिको एकल केन्द्र संभवै छैन । राजनीतिको बहुलशक्ती केन्द्रहरुलाई कसरी लोकतन्त्रको विधिबाट मुलुकको मूलधारमा समाहित गर्ने भन्ने सबालमा राजनीतिक शक्तीको बहुलकेन्द्र निर्माणसंगै अर्थ-राजनिती भित्रको आर्थिक केन्द्रहरु पनि विनिर्माणको प्रकृयाबाट गईरहेको छ । यहाँ प्राध्यापक माईकल किटिङले अबको लोकतन्त्र बहुलराष्ट्रिय लोकतन्त्र हुनेछ र प्राध्यापक श्यामुयल पी हन्टिङ्टनले, “अबको नयाँ विश्वमा स्थानिय राजनीति जातिय राजनीति हुनेछ भने विश्व राजनीति सभ्यताहरुको राजनीति हुनेछ” भनि उद्घोष गरेको अबस्थामा उत्तरआधुनिकताबादी साहित्यकार जगदीश शम्सेर राणाले भने जस्तै ज्ञान र संकथनको क्षेत्रमा बाहुल्य बिष्फोट भइ सकेको छ यसर्थ अबको ऐतिहासिक जाति-वर्ग संघर्षको जगबाट बिकास भएको नेपाली राजनीतिक अन्तर्विरोधहरु हल गर्नको निमित्त हामीले स्व-देशवाद (Indigenism) को राज्य सिद्धान्त (आदर्श) बहुलराष्ट्रवाद तथा सामुदायिक समाजबादको शासनकला विज्ञान को आधारमा संघिय लोक्तान्त्रिक, राष्ट्रिय गणतन्त्रात्मक, “वहुलराष्ट्रिय राज्य नेपाल” निर्माण भएबाट मात्र हुन सक्छ । यसक्रममा विश्वभरी नै हाल राजनितिमा देखिएको अन्तर्विरोधलाई हेर्दा उदारबाद वा मार्क्सबादको अधिनायकत्वसंग स्वव-देशवाद (Indigenism) को संघर्ष लडिरहेको जस्तो देखिएता पनि सारमा हाम्रो लडाई दार्शनिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, तथा आर्थिक रुपमा सभ्यताहरु विचको संघर्ष हो । सभ्यताहरु विचको संघर्षले हन्टिङ्टनले दावी गरे अनुसार जब विश्व राजनीति सभ्यताको राजनीति भयो, देशिय राजनीति राष्ट्रिय/जातिय राजनीति भयो र महाशक्तीहरु विचको दुस्मनी सभ्यताहरु विचको टकरावले विस्थापित गर्‍यो । फलस्वरुप, २०औं शताब्दीको अन्तिम दशकदेखी शुरुवात भई २१ औं शताब्दीको प्रारम्भिक दशकबाट विश्वभर देखिएको बाहुल्य बिश्फोटको भेललाई रोक्न सक्ने क्षमता कुनैपनि शक्तिशाली राज्यको शक्तिशाली शासकसंग छैन ।

नेपालमा समेत विगतका बर्षहरुमा ज्ञान र संकथन तथा राजनीति र अर्थतन्त्रमा बाहुल्य विष्फोटले पारेको प्रभावका कारण अनेकौं अन्तर्विरोधहरु जन्मे । राजनीतिक रुपमा त्यस्तो अन्तर्विरोधहरु विगतमा भएका सबैखाले राजनीतिक संघर्षहरुमा देखिएका थिए तथापी विगतको माओवादी जनयुद्दताका भने घनिभूत रुपमा प्रकट भए । १२ बुंदे दिल्ली सम्झौता पश्चात भने यि अन्तर्विरोधहरुको हल खोज्ने क्रम शुरु भयो । त्यसको निमित्त नेपाली जनताले संविधान सभालाई पहिलो छनौट गरे तर विगतको प्रथम संविधान सभाको त्यही मुद्दाहरुको कारण अकाल मै मृत्यु भयो र दोश्रो संविधान सभा फगत एक थान संविधान जारी गर्ने कर्मकाण्डसम्म मात्र सिमित भयो । अहिले यो ऐतिहासिक अन्तर्विरोध झन घनिभूत हुँदो भएको छ । यसक्रममा नेपाली राजनीतिक अन्तरसंघर्षको विभिन्न कोणहरुबाट व्याख्या वा अपव्याख्या हुन थालेको छ । यसक्रममा नेकपाको महासचिब नेत्र विक्रम चन्द लेख्नुहुन्छ,

*सबैलाई थाहा छ, नेपालको राजनीतिक संक्रमणकाल नयाँ जनवाद चाहने कम्युनिस्ट नेतृत्वको धार र संसदीय व्यवस्था नै चाहने संसदवादी नेतृत्वको धार बीचको भिडन्त र सहमतिबाट पैदा भएको हो ।*

यो कुरा सोह्रै आना सत्य हो कि नेपालमा धर्मतान्त्रिक सत्ताको पतन पश्चात उदारलोकतन्त्र र नयाँ जनबादी धारहरुले समाजको उपरीसंरचना र आधारसंरचनामा हुने उथलपुथलहरुलाई दिशानिर्देश गरी आयो । तर यो संघर्षभित्र शुशुप्त रुपमा सभ्यताको संघर्ष थियो जुन मूलतः जातिय अन्तर्विरोधको रुपमा २००७ सालको जनक्रान्ती भन्दा धेरै अगाडिदेखी राजनीतिक रुपमै प्रकट हुँदै आएको थियो । २००७ साल पश्चात भने उदारलोकतन्त्र र नयाँ जनबादको मुद्दा बोक्ने काँग्रेस र कम्यूनिष्ट शक्तिहरु दुबैले नेपालमा विध्यमान जातिय अन्तर्विरोधमा विद्रोहको निमित्त आवश्यक पर्ने शक्ती अन्तर्निहित रहेको बुझे र दुबै शक्तिहरुले आवश्यकता अनुसार यसको आआफ्नो राजनीतिक स्वार्थको निमित्त उपयोग गर्दै आए । २०५२ सालदेखिको जनयुद्दमा त ईतिहासमा कहिलै नभएको स्तरमा अधिकतम उपयोग भयो । नेपालमा तत्कालिन नेकपा माओबादीको नेत्रित्वमा भएको १० बर्षे जनयुद्ध वास्तवमै जनताको विद्रोह थियो जस मार्फत हिमाल, पहाड र मधेशका संपूर्ण उत्पीडित राज्यविहिन राष्ट्रका जनताहरुको राजनीतिक स्वतन्त्रता प्राप्त गर्ने आकंक्षा प्रश्फुटित भएको थिए । तथापी जनयुद्ध एउटा कम्यूनिष्ट पार्टीको आह्वानमा भएको थिए तर जनयुद्ध मार्फत भने उत्पीडित जाति–वर्गको ऐतिहासिक पीडाहरु विद्रोह मार्फत अभिव्यक्त भए । यो फगत मार्क्सबादी मान्यताको आधारमा मात्र भएन बरु अन्य सबाल्टर्नहरु पनि उत्तिकै उत्साहका साथ विद्रोहमा सामेल भए । वृहत शान्ती संझौता पश्चातको राजनीतिक बिकासक्रममा भने विश्वका अन्यत्र भए जस्तै कम्यूनिष्ट पार्टीको नेत्रित्वहरुले जनताको मुद्दाहरु एकपछी अर्को गरि पन्छाउँदै लगे । अन्ततः नेपालको पहिलो ऐतिहासिक संविधान सभा बिना संविधान जारी विगठन भयो र दोश्रो संविधान सभा भने एक थान प्रतिगामी संविधान जारी गर्दै व्यवस्थापिका संसदमा रुपान्तरण भयो । नेपालमा पूनः एक पटक जनताको मुद्दाहरु संबोधन बिना नै बेवारिश भए जबदेखी जनयुद्धको शक्तिले यसलाई छोड्दै गए । यसर्थ फेरी पनि नेपालमा अर्को राजनीतिक विद्रोहको गुन्जायस जिवितै रह्यो जुन विद्रोहलाई पार्टीको दस्तावेजमा “बहुलराष्ट्रिय विद्रोह” भनेको छ । त्यसपश्चात मात्र नेपालमा राजनीतिक अन्तर्विरोध समाप्त भई अन्य सबालहरु प्रधान हुने छ । यसर्थ अबको सहमती उदार लोक्तान्त्रिक शक्ती र नयाँ जनबादी कम्यूनिष्ट शक्तीहरु विचमात्र भएर हुँदैन बरु यहाँको तेस्रो धार र मूलधारको शक्ती स्व-देशबादी शक्तीसँग पनि हुन जरुरी छ ।

तत्कालिन नेकपा (माओबादी) ले यही विज्ञान प्रयोग गरी नेपालमा २०४७ को परिवर्तन पश्चात निर्माण भएको नेपाली कांग्रेस नियन्त्रित र नेकपा (एमाले) समर्थित उपरीसंरचना विरुद्ध आधारसंरचनामा उत्पिडनमा परेका

मधेशी, महिला, दलित, आदिबासी जनजाति लगाएत अन्य पक्षको जायज विरोधलाई कार्यनितिक रुपमा उपयोग गरी उनिहरुकै भाषामा भनिएका पुरानो सत्तालाई बदल्दै हाल आफै उपरीसंरचनाको मूल केन्द्र बन्न सफल भयो । तर जसै उनिहरुले त्यो राजनितिक हैसिएत प्राप्त गरे तब उनिहरुले हिजो उठाएको मुद्दाहरु क्रमैसंग छोड्दै गए । यो कम्यूनिष्ट पार्टीहरुको पुरानै प्रवृत्ती हो । हालको नेकपा (माओबादी केन्द्र) को वर्ग उत्थान र रुपान्तरण पश्चात अब आधार संरचनामा नयाँ शक्ती केन्द्रिकृत हुँदैछ । विभाजित भई पुनःगठन भएको नेकपा (विप्लव) त्यो नयाँ शक्तिको केन्द्रविन्दु बन्ने प्रयत्नमा छन । अब सबाल उठ्छ के नेकपाले त्यो हैसिएत लिन सक्छ? वा के अब कुनै कम्यूनिष्ट पार्टीले त्यो हैसियत लिन सक्छ? यदी सक्दैन भने कुन शक्तिले आधार संरचनाको शक्तिको केन्द्रविन्दु लिन्छ? यस बिषयमा गम्भिर भई चिन्तन मनन गर्दै कार्य गरौं ।

हाल विश्वभरी नै ईण्डिजिनिष्टहरु त्यस्तो तेस्रो शक्तीको रुपमा उदाउंदो छ। स्वदेशवाद सशक्त रुपमा विश्वभरी उठिरहेको वर्तमान परिस्थितीमा हिजोका प्रभावी दर्शनहरू (मार्क्सबाद र उदारबाद) सँग यसको कस्तो संम्बन्ध रहन्छ भन्ने सबाल नै आजको विश्व राजनीतिको महत्वपूर्ण बिषय हो । अझ पछील्लो समय बिकास भएको नवमार्क्सबाद र नवउदारबादसंगको अन्तरसंवाद वा अन्तरसंघर्षले आगामी विश्व राजनीतिलाई पूरै प्रभाव पार्ने छ । हामीलाई थाहा नै छ कि नेपालको वर्तमानको राजनितिमा ईण्डीजिनिष्टहरुको बढ्दो शक्तिले परम्परागत अर्थराजनितिको कुरा गर्ने लिबरल क्यपिटलिष्ट पार्टीहरु र मार्क्सबाद, लेनिनबाद, माओबाद (मालेमा) लाई निर्देशक सिद्धान्त मान्ने कम्यूनिष्ट पार्टीहरु आ-आफ्ना वैचारिक निष्ठालाई चटक्कै विर्सदै हिजोकै पहाडिय गोर्खाली साम्प्रदायिक्त तर्फ झुकाउ राख्न थालेका छन । यस प्रसंगमा संबिधान जारि पश्चात नेकपा (एमाले) र नेपाली कांग्रेसले स्पष्टै रुपमा उदाउंदो ईण्डीजिनिष्ट शक्तीसंग लड्ने तयारी नै गरिरहेको देखिन्छ भने माओवादी पार्टीहरु भने अझै ताक परे तिबारी नत्र गोतामेको निती लिईरहेको देखिन्छ ।

यसविच विश्व राजनितिक वहस नयाँ विश्व प्रणाली निर्माणको केन्द्रिय बिषयमा हुन शुरु भएको छ। क्यापिटलिष्ट र कम्युनिष्टहरुले दाबी गरे जसरी लोकतन्त्र वा जनबादको अभ्यासका निमित्त राष्ट्र-राज्यहरुको अपरिहार्यता अब रहेन किनकी राष्ट्र-राज्यहरुले उपयोग गरी आएका सार्वभौमसत्ता बिभाजित हुन पुग्यो जसको निमित्त विश्वका राष्ट्र-राज्यहरुहरू भित्र समाहित भएका ऐतिहासिक राष्ट्रियताहरुको राजिनितिक पूनःउदयले ठुलो भूमिका खेल्यो। प्रो. कन्चन चन्द्रले भने जस्तै यदी अब लोकतन्त्रले पूनःउदय भएका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्ताको सम्मान गर्दैन भने त्यो लोकतन्त्र र जसमार्फत सार्वभौमसत्ता उपयोग गरिरहेका राष्ट्र-राज्यहरुले दिगोपन प्राप्त गर्न सक्दैन। नेपालको २००७, २०४७, र २०६२-६३ सालको आन्दोलनहरु पश्चात पनि यहाँका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्तालाई सम्मान हुनेसम्मको जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएको मान्न सकिन्न जबसम्म प्रो. माइकल किटिङले दाबी गरे जस्तै लोकतन्त्र पूर्णरुपेण बहुलराष्ट्रिय लोकतन्त्रको रुपमा स्थापित हुन्न । वर्तमान "राष्ट्रिय मुक्ती क्रान्ति" जसको मूल जग हुने छ "बहुलराष्ट्रिय विद्रोह" यसको मुख्य लक्ष नेपाललाई राज्य संचालन अर्थात शासनकलाको नयाँ प्रणाली बिकास गराउँदै नयाँ युगमा प्रवेष गराउने हो । २००७ सालको जनक्रान्तिद्वारा कठोर सामन्ती धार्मिक शासन व्यवस्थाको अन्त्य भएबाट नेपाली समाज परम्परागत संरचनाबाट आधुनिक्त तर्फ फड्को मार्न थालेको करिब सात दशक भन्दा बढी भईसकेको छ। यस बेला अबको राज्य सिद्धान्त वा राज्यको आदर्श के हुने भन्ने प्रमुख सबाल खडा भएको छ । नेपालको सामन्तबादको जग धार्मिक आदर्शबाद नै थियो तथापी यो सर्वस्विकृत भने थिएन । किनकी यहाँका स्व-देशी जनताहरुको आ-आफ्नै मौलिक प्रकृतिवादी विश्वदृष्टिकोणको आधारमा राज्य आदर्श निर्माण गरिसकेका थियो । केन्द्रिय सत्ताले त्यस्तो प्रतिपक्ष विश्वदृष्टिकोण समाप्त पार्न गोर्खाली नृजातिय राष्ट्रबादको जिहाद छेडेका थिए

। मुलतः वि. सं. १९१० सालमा जारी गरिएका मूलुकी ऐनले वर्णाश्रम धर्म विधानलाई राज्य धर्मको रुपमा स्थापित गऱ्यो । यो विधान आदर्शबादी ब्राह्मणबादको दर्शनिक धरातलमा आधारित थिए । यस्तो राज्यको संपूर्ण विशिष्टताहरु नबुझिकन हामीले प्राप्त गर्न चाहेका परिवर्तन कस्तो हुने भन्ने कुराको टुंगो लगाउन गाह्रो हुन्छ । विश्व राष्ट्रिय मुक्ती आन्दोलनको ईतिहासको सही विश्लेशण बिना हामीले वर्तमानको हाम्रो राष्ट्रिय मुक्ती क्रान्तिको कार्यादिशा तय गर्न सक्दैनौं । वर्तमान राष्ट्रिय मुक्ती आन्दोलनको सबालमा देखा परिरहेका समस्याहरुको हामी सही विश्लेशण गर्न असमर्थ भई नयाँ संश्लेशण पनि ठीक ढंगले गर्न असमर्थ हुन्छौं । हामीले वर्तमान राजनीतिक शक्तीहरुमा रहेको लघुताभास र पराधिनताको समस्यालाई पनि यही परिवेशमा खोजिनु पर्दछ ।

**मित्रहरु,**

यस सबालमा धेरै ठुलो बहसको माग गर्दछ तथापी यहाँ राष्ट्रिय मुक्ती आन्दोलन कमजोर हुनुको एउटा तर प्रमुख कारक पक्षको भने चर्चा गर्नेछौं । यस प्रसंगमा प्राध्यापक श्यामुयल पी हन्टिङ्टनको भनाइलाई पुनः हेरौं, “अबको नयाँ विश्वमा स्थानिय राजनीति जातिय राजनिती हुनेछ भने विश्व राजनीति सभ्यताहरुको राजनीति हुनेछ । माहशक्तिहरु विचको दुश्मनी सभ्यताहरु विचको द्वन्द्वले प्रतिस्ठापित गर्नेछ ।” उनको दाबी अनुसार अब विश्व बहुध्रुविय शक्ती संघर्षमा प्रवेश भईसकेका छन । यसले दक्षिण एसिया लगाएत विश्वका अन्य महाद्विपहरुमा पनि शक्ती संतुलन फेरबदल गरायो । यस्तो फेरबदल राज्यहरुविचको संबन्धमामात्र नभै राज्यहरुभित्र रहेको राष्ट्रहरु (जातिहरु) विचको संबन्धहरुलाई पनि धेरै परिवर्तन गरी दियो । परिणामस्वरुप राष्ट्रिय मुक्तिको सबालमा राज्यहरुभित्रको आन्तरिक राष्ट्रबादको सबाल प्रखर राजिनिक मुद्दाको रुपमा बिकास भयो । यस परिप्रेक्षमा राज्यहरुभित्र औसत रुपमा एकलराष्ट्रिय राज्य ब्यवस्था निर्माण गरी हालिमुहाली गरी आएका विशेष जात वा वर्णका शासकहरुको कथित प्रजातन्त्र तथा प्रजातान्त्रिक भनिएका प्रणालीहरु निश्काम प्रायः भयो । उनिहरुद्वारा खडा गरिएका कथित उदार लोक्तान्त्रिक पद्दतिहरु काम गर्न नसक्ने हुंदै आए । परिणामतः राज्यको बाह्य राष्ट्रबादलाई मजबुत पार्न प्रथमतः आन्तरिक राष्ट्रियताको सबाल हल हुन जरुरी भयो ।

यही पृष्टभुमिमा भएको नेपालको राष्ट्रिय मुक्ती आन्दोलन हाल एउटा दुविधामा फसेको छ । यहाँका एकल वर्णिय दबदबा बनाइ शासन गरी आएका एकलवर्ण विशेषका शासक वर्ग आन्तरिक राष्ट्रियताको सबालमा ऐतिहासिक राष्ट्रियताहरुलाई नयाँ राजनीतिक ईकाईको रुपमा पुनःउदय गराउने सबालमा पुरै अनुदार मात्र नभै पुरै प्रतिक्रान्तिकारी कित्तामा उभिएको अवस्थामा उनिहरु आफ्नो राजनीतिक वर्चश्व कायमै राख्न बाह्य शक्तीहरूलाई पनि आफ्नो स्वार्थ अनुकुल उपयोग गर्दै आएका छन । राष्ट्रियता वा देशभक्तीको सवालले वर्तमान भुमण्डलीकरण युगमा ठुलो राजनीतिक महत्व राख्दछ । यो भू-राजनिती तथा अन्तरराष्ट्रिय सम्वन्धको अध्ययनका प्रमुख बिषय भएको छ । यस सवालमा नेपाली शासक सम्भ्रान्तहरु हिजोको शाह-राणा राजा महाराजादेखी उदार-दक्षिणपन्थी काँग्रेस र बामपन्थी कम्युनिष्टहरुको अवसरवादी, ढोंगी र ढुलमुले चरित्रले देशलाई धेरै ठुलो नोक्सानी पुऱ्याएको छ । नेपाली कम्युनिष्टहरुको राजनीतिक दुस्साहसवाद र लापरवाही विदेशनितीले देशको उन्नती, बिकास र समग्रमा सार्वभौमसत्ता मै संकट आइपरेको छ । विशेषतः दुई कम्युनिष्ट पार्टीहरु नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) विच ऐकिकरण पश्चात निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र त्यसको डि-फ्याक्टो नेत्रित्व दावी गरेको पुष्पकमल दाहाल “प्रचन्ड”को आत्माकेन्द्रित तथा लहडको भरमा नेपालको राजनीतिक अवस्थितीलाई ऐतिहासिक लोक्तान्त्रिक कित्ताबाट हठात

कम्युनिष्ट कित्तामा लैजाने दुस्साहस र त्यस निमित्त रचिएको आधारहिन प्रोपगाण्ड साह्रै घातक सिद्ध भएको छ ।

१२ बुँदे दिल्ली सम्झौता र ततपश्चातको शान्ति सम्झौता मार्फत बहुदलिय प्रतिष्पर्धात्मक राजनीतिमा अवतरित भएको तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र त्यसको नेता पुष्पकमल दाहाल “प्रचन्ड”ले देशी-विदेशी मित्र तथा सुभेच्क्षुक शक्तीहरुसँग छलकपट गर्दै ति लोक्तान्त्रिक शक्तीहरुको नेपालमा दिर्घकालिन शान्ति स्थापना गर्ने सुभेच्क्षा, सदभाव र सहयोगको गलत उपयोग गर्दै आफ्नो अधिनायकवादी कम्युनिष्ट सत्ता स्थापना गर्ने गोप्य योजना मुताविक देशभित्र र बाहिर राजनीतिक दुस्साहसीपूर्ण कृयाकलाप गर्दै आयो । विश्वका कम्युनिष्ट शक्तीहरुको असफल रणनिती र कार्यनितीलाई नेपालमा प्रयोग गर्ने दुस्साहस प्रदर्शन गरेको हुँदा अन्ततः तत्कालिन नेकपा (माओवादी) पार्टी तथा नेताहरु भित्र ठुलो लोक्तान्त्रिक विचलन र अविश्वास पैदा भयो । परिणामतः त्यो पार्टी विभिन्न स्वार्थी गुट-उपगुटमा विभाजित हुँदै समाप्त हुने अवस्थामा पुग्यो ।

यसर्थ अबको बाटो भनेको हामी उत्पीडित जाति-वर्गका राष्ट्रिय मुक्ती क्रान्तिका अग्रदस्त योद्दाहरु नै समग्र रुपमा बाह्य राष्ट्रियताको मुद्दालाई पनि हल गर्ने ढंगले अघी बढ्नु बान्छनिय भएको छ । यसरी अब हामी यहाँका उत्पीडित जाति-वर्गका जनताहरूले मुलुकको विद्यमान संपुर्ण अन्तरविरोधहरूको हल गर्ने सबालमा नेतृत्वदायी पहलकदमी लिने बेला आएको छ जसको निमित्त हामीले अब कुनै उदार-दक्षिणपन्थी कँग्रेस वा वामपन्थी कम्युनिष्ट शक्तिहरूमा भर पर्नु हुँदैन बरू हामी ईन्डीजिनिष्टहरू आफ्नै दल निर्माण गरि अघि बढ्नु पर्छ ।

नेपालको सबालमा उत्पीडित जाति-वर्गको जनताको आफ्नै पार्टी निर्माण गर्ने प्रयत्न २०४७ सालबाटै शुरु भएको हो । शुरुवातमा हिमाल, पहाड र मधेशमा वसोवास गर्ने मुख्यरुपले आदिवासी जनजाति पहिचान बोक्ने जनताहरुलाई केन्द्रित गर्दै नेपाल जनजाती पार्टी र राष्ट्रिय जनमुक्ती मोर्चा नामक २ संगठनहरु अस्तित्वमा आए र यि दुबै संगठनहरुको एकिकरण पश्चात राष्ट्रिय जनमुक्ती पार्टी स्थापना भयो । त्यसरी नै सिंगो मधेशका मधेशी र थारु जनताहरुलाई केन्द्रित गर्दै नेपाल सद्भावना पार्टी स्थापना भयो । त्यसबेला क्रान्तिको चार तयारीको आवश्यकता महशुस नै गरिएन र मुलतः वैचारिक तयारीको भने ठुलो अभाव रह्यो र यसको अभावमा नेत्रित्व तथा कार्यकर्ताहरु माझ उच्च सचेततत्वको बिकास भएका नेत्रित्वपंत्तीको बिकास हुन नसकी जनताको स्वतःस्फुर्त प्रयत्नहरुबाट मात्र शक्तिको बिकास हुन सकेन । हाल देखापरिरहेका घट्ना परिघट्नाहरुको विश्लेशण गर्दा २०४०-५० को दशकमा भन्दा केही सुधार भएको देखिएता पनि वर्तमानको चुनौतिहरु सामना गर्न आवश्यक पर्ने राजनीतिक शक्ती निर्माण गर्न अपनाउनु पर्ने होसियारी र तयारी नपुगेको स्पश्टै छ । परिणामतः जनताले कुनैपनि नयाँ शक्तिहरुलाई पत्याई हालेको अवस्था नहुँदा ब्रेगेल्ती पार्टी खोल्न निर्वाचन आयोगको ढोका चाहर्नेको संख्यामा कुनै कमी आएको छैन । यसर्थ यही नै हालको निमित्त राष्ट्रिय मुक्ती आन्दोलनको मुख्य कार्यनितिक चुनौती हो ।

### ६. उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीको विचार, नेत्रित्व, योजना कस्तो हुने ।

उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीको विचार, नेत्रित्व, योजना निर्माण गर्ने सवालमा प्रमुख तीन बिषयहरुमा गम्भिर ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

**६.१ वर्गिय सन्तुलन-** के हामीले बनाउने उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीले सामाजिक वर्ग चेतनालाई ध्यानमा राख्न जरुरी हुन्छ? विश्व राष्ट्रिय मुक्ती क्रान्तिको ऐतिहासिक बिकासक्रममा सर्वहारा वर्ग चेतनाको भूमिका कस्तो रह्यो होला? वा उत्पीडित जाति वा राष्ट्रहरुभित्र वर्गिय बिभाजन हुन्छ कि हुन्न? यदी हुन्छ भने उत्पीडित जाति वा राष्ट्रका जनताहरु विचबाट कुन वर्गका जनताहरुले राष्ट्रिय मुक्ती क्रान्तिको निमित्त अग्रदस्त भई काम गर्ने । क्रान्तिको अगुवा शक्ती कुन बर्गको हुनेः बुर्जुवा पूंजिपती, निम्न पूँजिबादी वर्ग, दलाल पूँजिपती, नोकरशाही वर्ग जस्तै I(NGO) मा कार्यरतहरु । यसरी उत्पीडित जाति वा राष्ट्रका जनताहरु माझबाट नयाँ शक्ती बनाउँदा ती जनताहरु विचको वर्गिय चेतनाको ख्याल नगरि बनाएको पार्टीहरुले कस्तो कार्यदिशा बनाउँछ भन्ने कुरालाई सिधै प्रभाव पार्ने हुँदा हामी सचेत र सजक हुन जरुरी छ । हालसम्म निर्माण भएको क्यप्टिलिष्ट कंग्रेस र कम्युनिष्ट बाहेकका वैकल्पिक शक्तीहरुको हबिगत हेर्दा यो कुराको पुष्टी हुन्छ ।

**६.२ सचेत तत्व-** राजनीतिक क्रान्तिको निमित्त रणनिती र कार्यनिति विचको तालमेल अति जरुरी हुन्छ । रणनिती क्रान्तिकारीहरुको सचेत तत्वसंग सम्बन्धित हुन्छ भने कार्यनिती वस्तुगत अवस्थाहरुसंग संम्बन्धित हुन्छ । रणनितीलाई विचारले ठोस बनाउछ भने कार्यनितिलाई कार्यक्रमहरुले । क्रान्तिकारीहरुमा हुने सचेत तत्व भनेको सही वैचारिक संश्लेशणले दिन्छ र यसले क्रान्तिकारीहरुलाई जस्तोसुकै असहज वस्तुगत परिस्थिती विच पनि लक्ष्यको निमित्त लडिरहन, जुटिरहन, र खटिरहन भित्रैबाट शक्ती, जोश र जांगर दिन्छ । कार्यनितिक असफलता वा कमजोरिहरुलाई सही विश्लेशण गर्ने दृर्ष्टिकोण पनि दिन्छ । किनकी संपूर्ण कार्यनिती तथा कार्यक्रमहरु सफल नै हुन्छ भन्ने हुँदैन त्यसकारण यदी क्रान्तिकारीहरुको सचेत तत्व बलियो ढंगले बिकास भईसकेको अबस्थामा उनिहरुले आफ्नो कार्यनितिक कमजोरीहरु सहजै पहिल्याउन सक्दछ । विविध घटना, परिघटना, अवस्था, योग, विग्रह, संघर्ष, अन्तर्विरोध, अन्तर्संघर्ष आदिको विश्लेशण मात्रले क्रान्तिकारीहरुमा सचेततत्वको बिकास हुन्न बरु त्यो विश्लेशणको आधारमा गरिने नयाँ संश्लेशणले भने गराउंछ । कमजोर विश्लेशणबाट कमजोर संश्लेशण हुन्छ र कमजोर संश्लेशणले धुमिल सचेतनता मात्र बिकास गराउंछ । धुमिल सचेत तत्वको जगमा उभिएर संसार हेर्दा सत्य गोचर हुँदैन । सत्य प्रश्ट गोचर नभएमा सत्य बोध हुँदैन । सत्य बोध नभएकाहरु आफै मुक्त हुँदैन र आफै मुक्त भई नसकेकाहरुले राष्ट्रिय मुक्ती क्रान्तिको नेत्रित्व गर्न सक्दैन । यदी कथंकदाचित गर्ने जमर्को गरेमा लक्ष्यमा पुग्न सक्दैन । जब लक्ष्य भेदन गर्न सक्दैन निरशा पैदा हुन्छ र आत्मासमर्पण गर्न पुग्दछ । तसर्थ नेत्रित्व लिन चाहना बोक्नेहरुले सर्वप्रथमतः आफुलाई आत्मागत रुपमा अज्ञानताबाट मुक्त गर्नु पर्दछ । त्यसको निमित्त आफु को हो भन्ने पहिचान गरिसक्नु पर्दछ । आफुलाई चिन्न कुनै एक दर्शनको सहारा लिनु पर्दछ । दर्शन ग्रहण गर्न आत्मागत अध्ययन र वस्तुगत भोगाई दुबै चाहिन्छ । त्यसैले त सही नेत्रित्व जन्मनको निमित्त समय लिन्छ । जो कोहीले ईच्छा राख्दैमा नेत्रित्व बिकास गर्न सक्दैन तर नेतागिरी गर्न भने सक्छ । हामीलाई नेत्रित्व चाहिने हो कि नेतागिरी गर्नेहरु चाहिने हो यो अब खुट्टयाउनु आवश्यक भईसकेको छ ।

**६.३ राष्ट्रिय चेतना-** यस परिप्रेक्षमा रूसी सामाजिक लोकतन्त्रबादीहरू बिच देखा परेको रणनितिक भेदहरू र त्यसैको जगमा निर्माण भएका कार्यदिशात्मक अन्तरबारे उल्लेख गर्नु सान्दर्भिक हुन्छ । रूसी सामाजिक लोकतान्त्रिक आन्दोलन वा समाजबादी आन्दोलनमा मुलतः चार खाले प्रवृतिहरू देखियो; पपुलिष्ट (बाकुनिनिष्ट), ईकोनोमिष्ट  (ट्रेड युनिनिष्ट), टेररिष्ट र मार्क्सीष्ट (रिभुलुसनिष्ट) । यी चारै धारहरू एउटै आन्दोलन भित्रका फरक फरक प्रवृतिहरू थिए जुन उनीहरू विच रहेको दार्शनिक भेदका कारण उब्जेको थियो । उनीहरू विच मुलतः मजदुर वर्ग चेतना विकासको सापेक्षतामा पार्टी, नेतृत्व र क्रान्तिको कार्यदिशा कस्तो हुने भन्ने बिषयमा

ठुलो वैचारिक मतान्तर थियो । जसमा पनि दुई मूल समुहहरू थिए जुन ईतिहासको बुझाई सम्बन्धमा थियो । पहिलो समुह अप्टिमिष्टहरू थिए जो पपुलिष्ट (बाकुनिनिष्ट) र ईकोनोमिष्ट (ट्रेड यूनिनिष्ट) धारमा विभाजित थिए भने दाश्रो समुह पेसिमिष्टहरू थिए जो मार्क्सीष्ट (रिभुलुसनिष्ट) र टेररिष्ट धारमा विभाजित थिए । अप्टीमिष्टहरू कामदारहरूमा सर्वहारा वर्ग चेतना विकास सम्बन्धमा अप्टीमिष्टिक वा आशावादी दृष्टिकोण राख्दथे । उनीहरू कामदारहरूमा सर्वहारा वर्ग चेतनाको स्व-विकास हुने तर्क गर्दथे यसर्थ मजदुरहरूलाई उनीहरूको वर्गिय चेतना उनीहरूदेखि अलग अन्य कुनै माध्यमद्वारा विकास गराउने कुरालाई अप्राकृतिक ठान्थे ।

तर, जो ईतिहास र वर्ग चेतना बिकासको सवालमा पेसिमिष्ट धारणा राख्दथे उनिहरुको तर्क थियो कि मानिसहरु सर्वहारा मजदुरहरु समेत प्राकृतिक झुकाउमा समाजवादी हुन्न बरु वुर्जुवा हुन्छ । यसर्थ उनिहरुलाई आफ्नै अवस्थामा छोडि दिने हो भने उनिहरुमा ट्रेड यूनियन चेतना मात्र बिकास हुन्छ र ट्रेड यूनियन चेतना सर्वहारा वर्ग चेतना वा समाजवादी चेतना होइन । ट्रेड यूनियन चेतनाले मजदुरहरुलाई केही सिमित तलबमान बढाउने र कार्यस्थलको भौतिक सुधार गर्ने लक्ष्यसम्मको संघर्षको निमित्त तयार पार्दछ । यदि उनिहरुमा सर्वहारा वर्ग चेतना वा समाजवादी चेतना बिकास हुँदा सिंगो वुर्जुवा राज्य व्यवस्था ध्वंश गर्दै समाजवादी राज्य व्यवस्था स्थापनाको निमित्त संघर्ष गर्दछ । तर, कामदारहरुमा सर्वहारा वर्ग चेतना उनिहरु आफैभित्रबाट आउँदैन अर्थात उनिहरु आफैभित्र समाजवादी चेतना बिकास गर्न सक्ने आन्तरिक गतिशिलता हुँदैन । यसर्थ उनिहरुमा समाजवादी चेतना ल्याउने हो भने उनिहरु आफै भन्दा बाहिर मार्क्सवादी विज्ञानद्वारा ज्ञानोदय (उद्बोधित) शिक्षित वुर्जुवा अग्रदस्तहरुबाट ल्याउनु पर्ने हुन्छ ।

वर्ग-संघर्षको बेला लागु हुने यो नियम राष्ट्रिय संघर्षको निमित्त पनि उत्तिकै महत्वकासाथ लागु हुन्छ । यहाँ, उत्पीडित राज्यविहिन राष्ट्रका सदस्यहरु पनि प्राकृतिक झुकाउमा समाजवादी तथा राज्यवादी हुन्न बरु उनिहरुमा निम्न-वुर्जुवा झुकाउ हुन्छ । यदि उनिहरुलाई आफ्नै अवस्थामा छोडि दिंदा उनिहरुमा मजदुरहरुमा ट्रेड यूनियन चेतना बिकास भए जस्तै एनजीओ चेतना मात्र बिकास हुन्छ र एनजीओ चेतना राष्ट्रिय चेतना होईन । एनजीओ चेतनामात्रले उनिहरुलाई उत्पिडक राज्यसँग केही किस्तावन्धी सुविधा र आरक्षण प्राप्त गर्नेसम्म संघर्षको निमित्त तयार बनाउँछ । उनिहरु राज्यत्वको दावी गर्दै वर्तमानको एकल राष्ट्रिय राज्यलाई वहुलराष्ट्रिय राज्यमा रुपान्तरण गर्नेसम्मको संघर्ष गर्ने तयार हुँदैन । तर, उत्पीडित राष्ट्रहरुमा पनि राष्ट्रिय चेतना उनिहरु आफै भित्रबाट आउँदन अर्थात उनिहरु आफै भित्र राष्ट्रिय चेतना बिकास हुने आन्तरिक गतिशिलता नहुने हुँदा उनिहरुमा राष्ट्रिय चेतना उनिहरु आफै भन्दा बाहिर स्व-देशवाद (Indigenism) विज्ञानद्वारा ज्ञानोदय (उद्बोधित) शिक्षित वुर्जुवा अग्रदस्ताहरुबाट ल्याउनु पर्ने हुन्छ ।

### ७. अवैधानिक (अवैध सत्ता) र विद्रोहको आधारः

मुलुकका प्रमुख दलहरु आफैले निर्माण र अभ्यास गरेका अन्तरिम संविधान विपरित तथा हिमाल, पहाड, मधेशका युगौंदेखीको राष्ट्रिय मुक्ती आन्दोलनहरुसँग गरिएको सन्धी-सम्झौताहरु समेत उल्लंघन गरी संविधान सभाबाट उत्पीडित जाति-वर्गका जनताको आकंक्षा विपरित पुनः सन १८५४ मा जारी मुलुकी ऐनको दोश्रो संष्करण जस्तो एक थान प्रतिगामी संविधान जारी गरी सकेको वर्तमान अवस्थामा एउटा प्रश्न उब्जिएको छ “के अब नेपालमा वास्तविक संवैधानिक तथा कानुनी शासन कायमै छ?” यसको सोझो उत्तर हुन्छ “छैन” किनकी राज्यमा हाल प्रचलित रहेको संविधान र कानुन मुख्यतः राज्यधारी सम्भ्रान्तहरुको स्वार्थ रक्षा गर्ने र

राज्यको औपनिवेशिक चरित्रलाई वैधता दिने उद्देष्य ज्यादा जनताहरुको लोक्तान्त्रिक अधिकार प्राप्तिको आकंक्षाको सम्वोधन कम रहेको छ। त्यसो भए अब के हुन्छ त? वा हामी नेपाली जनताहरुको यस समय कस्तो भूमिका रहन्छ त? के हामी दलहरुलाई यसरी नै अराजनितिक र असंवैधानिक कदमहरु चाल्दै जान छुट दिई रहन सक्छौं? के विधिको शासन पुनःस्थापना गर्नु हाम्रो दायित्व होइन? अफ्न यस बेला मुलुकमा ईतिहासदेखी जारी रहेको संपूर्णखाले उत्पिडनको अन्त्यको निमित्त जनताको अन्तिम बिद्रोहको रुपमा "बहुलराष्ट्रिय विद्रोह" को तयारी गरिरहेका हामी राष्ट्रिय मुक्ती क्रान्तिका योद्धाहरुको भूमिका यस घडीमा कस्तो हुने? के हाम्रो अभियान र संघर्षका कार्यक्रमहरुले मात्र क्रान्ति सम्पन्न हुनसक्छ? के हाम्रो हालसम्मको संघर्षका कार्यक्रमहरु पर्याप्त छ? हाम्रो अभियान-संघर्ष-विद्रोहको योजनाको चार विकल्प-चार तयारी यस घडीमा अतिमहत्वपूर्ण बिषय बनिरहेको छ। हामीलाई आशा छ यस सन्दर्भमा संपूर्ण मुक्तिकामी जनताको पूर्ण सहयोग हुनेछ। चार तयारीको चरण अतिसान्दर्भिक ढंगले भईरहेको छ। विद्रोह चाडै हुनेछ र संपूर्ण उत्पीडित जाति-राष्ट्रका जनताहरुको मुक्ती पनि चाँडै हुनेछ।

**८. अबको बाटो के हो?**

यही मूल प्रश्न प्रत्यक नेपालीहरुको मस्तिष्कमा घुमिरहेको हुनु पर्दछ। हामीले बुझ्फी सक्यौंकी यहाँका कम्युनिष्ट र काँग्रेस शक्तिहरु आफ्नो मुलुकको बारेमा आफै निर्णय गर्न सक्दैन। उनिहरु जनतामा अन्तर्निहित सार्वभौमसत्ताको प्रतिनिधित्व गर्दै जनता कै निमित्त प्रयोग गर्न असमर्थ देखिएका छन। उनिहरु आफ्नो स्वार्थको निमित्त मुलुकको सार्वभौमसत्तामाथि खतरा उत्पन्न हुने गरी अन्तरराष्ट्रिय भू-राजनितिक दुस्साहसी खेलवाड गर्दै आएका छन। उनीहरु जसले हिजो मुलुकभित्र जनबाद स्थापना गर्ने सबालमा भएंकर तानाशाहसंग समेत संझौताहिन संघर्ष गरी लोकतन्त्र बहाली गर्ने उद्धेश्यमा सदैव अग्रपंतिमा उभिएर संघर्ष गरे तर राष्ट्रियताको सबालमा किन निरिह देखिन्छन? हाम्रो नेपाली राष्ट्रिय मुक्ती क्रान्तिलाई अगाडि लैजाने सबालमा उनिहरु किन जहिले पनि ठुलो लघुताभासबाट ग्रसित रहन्छ र कुनै पनि राष्ट्रघाती निर्णय लिन तत्पर हुन्छ? बाह्य राष्ट्रियताको सबालमा उनिहरु माफ्न देखा पर्ने निरिहताको कारक पक्ष के हो?

कार्ल मार्क्सले कम्युनिष्ट पार्टीको घोषणा पत्रमा भनेको थियो "हाल पर्यान्त अवस्थित मानव समाजको ईतिहास वर्ग संघर्षको ईतिहास हो।" यो ऐतिहासिक भौतिकबादको मूल संश्लेशण हो। मार्क्स कै भनाइमा समाजमा अन्य खालको संघर्ष वा अन्तर्विरोधहरु पनि हुन्छन तर तिनिहरु सबै अन्ततः वर्ग संघर्ष नै हो। यसर्थ ऐतिहासिक वर्ग संघर्ष मार्फत सर्वहारा वर्गको अधिनायकत्व स्थापित भएसंगै संपूर्ण अन्य गैरवर्गिय अन्तरसंघर्षहरु पनि हल हुन्छ। मार्क्सले ईतिहासको यस्तो संश्लेशण गरीरहेकै समय विश्वभरी राष्ट्रिय मुक्ती आन्दोलनहरु पनि जोडदारका साथ उठिरहेको थियो। सामन्तबादको अन्त्य भईरहेको र वुर्जुवा पूंजिबादको बिकास भईरहेको त्यस ऐतिहासिक कालखण्डमा वुर्जुवा पूँजिपतीहरु र सामन्तबादको अवशेष विचपनि भीषण संघर्ष भईरहेको थियो र संघर्षको केन्द्रविन्दु नयाँ बनिरहेको राज्यसत्तामाथि कसको नियन्त्रण हुने भन्ने नै थियो। सामन्तहरु आफ्नो गुमिरहेको सत्ता कायम नै राख्न चाहन्थे भने भर्खरै उदय भईरहेको वुर्जुवा पूँजिपतिहरु परम्परागत सामन्ती शक्तिको विस्थापन चाहन्थ्यो र सत्तामाथि आफ्नो वर्चस्व कायम गर्न चाहन्थ्यो। तर त्यही बेला समाजका अन्य गैरवर्गिय अन्तर्द्वन्द्वहरु मुलतः जाति, लिङ्ग, रङ्ग, वर्ण, क्षेत्रको आधारमा पनि प्रकट भई नै रहेका थिए। यसरी हेर्दा समाजको अन्तर्विरोधहरु पूर्णरुपेण वहुआयामिक थियो। तर मार्क्स-ऐँगेल्स भने सामाजिक अन्तरसंघर्षहरुको वहुआयामिक्तालाई स्विकार गर्दागर्दै त्यसलाई एकलायामिक ढंगले विश्लेषण र समाधान गर्ने प्रयत्न गरेका थिए

। उनिहरुको यो कमजोरिलाई अर्को जर्मन समाजशाश्त्री म्याक्सवैवरले बुझेका थिए । हुनत कार्ल मार्क्सले “कुनै पनि अन्य जातिलाई शोषण गर्ने एउटा जाति आफै पनि स्वतन्त्र रहन सक्दैन” भनी जातिय स्वतन्त्रताको पक्षमा वकालत गरेका छन तथापी विश्वका मार्क्सबादी कम्यूनिष्टहरुको निमित्त राष्ट्रिय वा जातिय सबाल प्रधान नभै सहायक नै रह्यो । उनिहरुले जनताको राष्ट्रिय मुक्तिको आकांक्षलाई सदैव क्रान्तिमा आवश्यक जनपरिचालन गर्नको निमित्त मात्र उपयोग गरी आयो र उनिहरु सदैव राष्ट्रिय मुक्ती क्रान्तिको स्वतन्त्र अस्तित्व र ताकतलाई निश्तेज पार्न वुर्जुवा पूँजिबादीहरुले जस्तै अनेक अनर्गल लांछना लगाउदै आएका छन ।

आधुनिक विश्वका दुई महान क्रान्तिहरु १. समाजवादी (वर्गिय मुक्ती) क्रान्ति र २. राष्ट्रिय मुक्ती क्रान्तिले मुलतः १९औं र २०औं शताब्दीलाई पूरै आफ्नो प्रभावमा राख्न सफल भयो । फ्रान्सेली राज्य क्रान्ति, बेलायती औधोगिक क्रान्ति, अमेरिकी स्वतन्त्र संग्राम, भारतीय स्वतन्त्र संग्राम, सोभियत समाजवादी क्रान्ति, चिनियाँ जनबादी क्रान्ति लगायत अन्य कयौं क्रान्तिहरु वुर्जुवा लोकतान्त्रिक क्रान्ति र समाजवादी (वर्गिय मुक्ती) क्रान्ति वा राष्ट्रिय मुक्ती क्रान्ति थियो । यि क्रान्तिहरु विश्वमा बिकास भएका साम्राज्यबाद तथा उपनिवेशवाद विरुद्धको क्रान्तिहरु थियो र साथै थियो सामन्तबाद विरुद्धको क्रान्तिहरु । नेपालमा २००७ सालमा भएको क्रान्ति मुलतः सामन्तबाद र (अर्ध)उपनिबेशबाद विरुद्ध थियो । जहाँ नेपाली जनताले आन्तरिक सामन्तबाद र वाह्य (ब्रिटिश-भारत) अर्ध-उपनिबेश विरुद्ध क्रान्ति गरेका थिए । यसर्थ अब राष्ट्रिय मुक्ति क्रान्तिको कार्यभार पुरा गर्न हामी नयाँ संश्लेषणमा जानै पर्छ । यसै पृष्ठभूमीमा हामीले भनेका छौं, “ऐतिहासिक जाति-वर्ग संघर्ष सफल पारौं ।” यहाँ भनिएका “जाति-वर्ग संघर्ष” अबको क्रान्तिको नयाँ संश्लेशण हो र हामीले अब भन्नै पर्छ कि “हाल पर्यान्त अवस्थित मानव समाजको ईतिहास वर्ग संघर्षको ईतिहास मात्र नभई जाति-वर्ग संघर्षको ईतिहास हो ।” यसरी संश्लेषण गरिरहंदा अबको क्रान्ति भनेको राष्ट्रिय मुक्ती क्रान्ति नै हो जसले समग्रमा अन्य उत्पिडनहरुको समेत अन्त्य गर्छ । राष्ट्रिय मुक्तिको सबालमा पनि दुई पक्षहरु अन्तर्निहित हुन्छन १. बाह्य राष्ट्रियता र २. आन्तरिक राष्ट्रियता । बाह्य राष्ट्रियताको सबालमा मुलतः विस्तारबादी तथा साम्राज्यबादी उत्पिडनबाट सिंगो मुलुकलाई मुक्त पार्नु हो भने, आन्तरिक राष्ट्रियताको सबालमा मुलुक भित्रको ऐतिहासिक बहुलराष्ट्रियताहरुको मुक्तिको सबाल हो । अबको क्रान्तिकारीहरुले यही रणनितीक लक्ष्यहरुलाई दृष्टिगत गर्दै आन्दोलनको कार्यदिशा निर्माण गर्नु आवश्यक छ

विश्वका राष्ट्रिय उत्पिडन विरुद्धको आन्दोलनलाई दार्शनिक रुपमा दिशानिर्देश गर्न “बहुलराष्ट्रबाद” एक सशक्त रुपमा आयो जसले लोकतन्त्र र संघियतालाई थप उचाइमा बिकास गऱ्यो । प्रकारन्तरले हाल आएर “बहुलराष्ट्रबाद” लाई थप बिकासित गराउन “स्वदेशबाद” सशक्त रुपमा बिकास भयो र यसले उदारबाद र मार्क्सबादको निमित्त ठुलो चुनौती खडा गऱ्यो । जसरी विश्वका उदारबादीहरुको निमित्त उदारबाद निर्विकल्प थियो र छ साथै मार्क्सबादीहरुलाई मार्क्सबाद निर्विकल्प थियो र छ। त्यसरी नै हामी विश्वका स्वदेशी जनताहरु- जो आधुनिक राज्यहरूको औपनिवेशिताको कारण राज्यविहिन भए र जो औपनिवेशिक राज्यहरुसँग राष्ट्रिय मुक्तीको निमित्त निरन्तर संघर्ष गर्दै आएका छन- हाम्रा निमित्त स्व-देशबाद निर्विकल्प थियो, छ र रहने छ ।

## ९. चुनौतिहरुः

राष्ट्रिय मुक्ती आन्दोलनले पनि वर्गिय आन्दोलन वा अझ भनौ लोक्तान्त्रिक आन्दोलनले जस्तै चुनौतिहरु बेहोरिरहेको छ । यो एक स्वभाविक कुरा पनि हो किनकी क्रान्तिको जहिले पनि प्रतिपक्षी शक्ती हुन्छ । प्रतिपक्षी शक्तिले क्रान्तिलाई जहिले पनि प्रतिक्रान्तिमा बदल्ने प्रयत्न गर्दछ । तथापी क्रान्तिकारीहरुको सदैव विजय

भएको छ र हुनेछ । क्रान्तिको दर्मियान बिभिन्न शक्तिहरु उदय हुन्छ र कैयन अवस्थाहरुमा त क्रान्तिकारी शक्ती र प्रतिक्रान्तिकरी शक्तीविच भेद गर्न गाह्रो हुने परिस्थिती समेत सृजना हुन जान्छ । हाल नेपाली राजनीतिमा धेरै विचार तथा संगठनहरु बेग्रेल्ती देखा परिरहेको छ। बर्षायाममा च्याउ उम्रेसरी निर्वाचन आयोग रुपी खेतबारिमा राजनीतिक पार्टीहरु उम्रिरहेको छ । यो पनि एक स्वभाविक प्रकृया नै हो । किनकी समग्रमा समाजमा आएको परिवर्तनले मनिसहरुको अन्तरदृष्टिगत चेतनामा आफू पनि त्यस किसिमको परिवर्तनको प्रतिफल लिने अभिलाषा उत्पन्न गरिदिन्छ । तर यसखालको संगठनहरुले प्रयासः क्रान्तिको दिशा र गतिलाई सहयोग गर्नुको सट्टा भ्रम सृजना गर्ने गर्दछ । किनकी बिना ठोस कार्यदिशा, कार्ययोजना, विचार, नेत्रित्वको खाली दर्ताको वैधानिक्तामात्र पुरा गरेका संगठनहरुले क्रान्तिको निमित्त आवश्यक पर्ने क्रान्तिकारी पार्टीको आवश्यकता तथा भूमिका पुरा गर्न सक्दैन ।

जनबादी वा लोक्तान्त्रिक क्रान्तिको अर्थ हो जनताको शासन सुनिश्चित गर्नु । नेपालमा ३ पटक भएको जनान्दोलनहरु २००७, २०४७, र २०६२-६३ साल पश्चात बामपन्थी कम्यूनिष्टहरु तथा उदार-दक्षिणपन्थी क्यपिटलिष्ट शक्तिहरुको निमित्त जनबादी वा लोक्तान्त्रिक क्रान्ति सम्पन्न भएको जिकिर गरिंदैछ । यो जिकिर गर्नेहरुमा नेपाली कांग्रेस र नेकपा (एमाले) मात्र नभै नेकपा (माओबादी केन्द्र) समेत उभिएको छ । तर के नेपालमा वास्तवमै जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएकै हो त? यो प्रश्नको उत्तरमा पाइने आ-आफ्नै तर्कभित्र शक्तीहरुको आ-आफ्नै दर्शनिक चिन्तनले निर्देशित भएको हुन्छ। नेपालको मुलतः बामपन्थी कम्यूनिष्ट र उदार-दक्षिणपन्थी काँग्रस धारहरुमा बिभाजित एकै वर्ण (जात) र सांस्कृतिक पहिचान बोकेका राजनीतिक प्राणीहरुको निमित्त त शायद जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएकै हुनुपर्छ तर यहाँका ऐतिहासिक राष्ट्रहरु जो हालपर्यान्त त्यही एकल वर्ण (जात) र सांस्कृतिक दबदबाबाट उत्पीडित छन उनिहरु लगायत अन्य उत्पीडित जाति-वर्ग, क्षेत्र, लिङ्गका जनताहरुको निमित्त हालसम्म भएका जनान्दोलनहरु पश्चात पनि प्रो. माइकल किटिङले दाबी गरे जस्तै जबसम्म लोकतन्त्र पूर्णरुपेण बहुलराष्ट्रिय लोकतन्त्रको रुपमा स्थापित हुन्न जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको मान्न सकिन्न ।

उदारपुँजीवादी तथा मार्क्सवादीहरुले दाबी गरे जसरी लोकतन्त्र वा जनबादको अभ्यासका निमित्त राष्ट्र-राज्यहरुको अपरिहार्यता अब रहेन किनकी राष्ट्र-राज्यहरुले उपयोग गरी आएका सार्वभौमसत्ता अब बिभाजित हुन पुग्यो जसको निमित्त विश्वका राष्ट्र-राज्यहरू भित्र समाहित भएका ऐतिहासिक राष्ट्रियताहरुको राजिनितिक पूनःउदयले ठुलो भूमिका खेल्यो। प्रो. कन्चन चन्द्रले भने जस्तै यदी अब लोकतन्त्रले पूनःउदय भएका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्ताको सम्मान गर्दैन भने त्यो लोकतन्त्र र जसमार्फत सार्वभौमसत्ता उपयोग गरिरहेका राष्ट्र-राज्यहरूले दिगोपन प्राप्त गर्न सक्दैन । नेपालको २००७, २०४७, र २०६२-६३ सालको आन्दोलनहरु पश्चात पनि यहाँका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्तालाई सम्मान हुनेसम्मको जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएको मान्न सकिन्न । हाल भईरहेको बहसहरुमा जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको र अब पूंजिबादी क्रान्ति सम्पन्न गर्दै समाजवाद तर्फ फड्को मार्ने कुरा पूर्णरुपेण छलकपट, धुर्त्यांइ, फट्टयांई, बाहेक केही होइन । यो छलकपट, धुर्त्यांई, फट्टयांइ भित्र संघिय लोक्तान्त्रिक गणतन्त्र भित्र समेत उपल्लो वर्णकै सम्भ्रान्त नेत्रित्वहरुको हालिमुहाली कायम राख्ने बदि्नयत लुकेको कुरा घाम जतिकै छर्लङ्ग छ। यसर्थ यस्तो भ्रमहरुमा नपरी महान राष्ट्रिय मुक्ती क्रान्तिको यात्रामा अडिग रहौं । राष्ट्रिय मुक्ती क्रान्तिको कार्यभार अझै बांकी छ र राष्ट्रिय मुक्ती क्रान्ति सम्पन्न भएसंगै जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको मान्न सकिन्छ ।

यूरोपको १६ औं शताब्दिको पुनर्जागरण, धर्मसुधार र ज्ञानोदय आन्दोलनहरु पश्चात राष्ट्र-राज्यको अवधारण बिकास भयो। यी आन्दोलनहरुको परिणामस्वरुप विश्वले दुई महत्वपूर्ण राजनीतिक दर्शनहरु प्राप्त गरेः उदारबाद र मार्क्सबाद (हुनत अराजकताबाद पनि आयो) । यी दुई लाइनहरुको आ-आफ्नो पृथक दर्शन, ईतिहास, राजनीतिक-अर्थशास्त्र तथा मानव समाजलाई बिकास गराउन चाहेको अधिक्तम लक्ष्य सहित विश्व राजनीतिमा प्रतिश्पर्धा गरे। दुई शताब्दिको दुश्मनीपूर्ण प्रतिश्पर्धा पश्चात हाल यी दुबै राजनीतिक विचारहरुले एउटै चुनौती बेहोर्नु परेको छ र त्यो चुनौती विश्व स्व-देशवादी (वा राष्ट्रबादी) आन्दोलनले दिएको छ । हुनत विश्वका उत्पीडित प्रथम राष्ट्रहरुको मुक्तिको आकंक्षालाई यी दुबै आन्दोलनले चलाखी पुर्वक उपयोग गरी आए कै हो तर २०औं शताब्दिको मध्यदेखी भने विश्व स्व-देशवादी वा राष्ट्रबादी आन्दोलनले आफै आफ्नो नेत्रित्व लियो। फलत २१औं शताब्दिको प्रमुख राजनीतिक दर्शन "स्व-देशबाद" भयो।

नेपाली काँग्रेसको नेता रामचन्द्र पौड्यालले नेपालमा काम्यूनिष्टहरुले राज्य शक्तीको औसत ६०% शक्ती ओगटेकोमा त्यसैलाई नै नेपालको राजनीतिक अस्थिरता र अल्पबिकासको कारण हो भनेको टेलिभिजनमा सुन्न पाईयो। हो साँच्चिनै भन्ने हो भने बिक्रम सम्बत २००७ सालदेखी २०७० सालसम्म आईपुग्दा देशको कथित लोक्तान्त्रिक भन्ने शक्तिहरु खुम्चिएर पुरै कम्यूनिष्टहरुको पिच्छालग्गु भएको यथार्थ भएको छ। बिडम्बना त यो छ कि उनिहरु आफ्नो शक्तीको क्षयिकरणको कारक पक्ष केलाउन त्यती बिग्न उत्सुक पनि देखिन्न। यसको पछाडिको मूल कारण के हो त? भन्ने सबालमा ध्यान नदीईरहेको वर्तमान अवस्थामा पूनः कम्यूनिष्टहरु नै संस्थापन र विपक्ष शक्तीको केन्द्र विन्दुमा बसेको छ। विगत केही दिनको भनाइहरुलाई हेर्दा त उपेन्द्र यादव र अशोक राई पनि कम्यूनिष्ट लाइनसंग नजिकिन पुगेको प्रतित हुन्छ। यो शक्ती सन्तुलनमा फेरबादल आउन नयाँ शक्ती उदय हुनु अतिआवश्यक छ र त्यो नयाँ शक्ती नयाँ वैचारिक संश्लेशणबाट मात्र जन्मन सक्दछ। अन्यथा जति पनि नयाँ दलहरु खोलिए पनि कम्यूनिष्ट लाइनमा केन्द्रिकित हुने नै हो। यही आजको यथार्थ हो र चुनौती पनि।

नेपाली कांग्रेसले वि.सं. २०१२ को राष्ट्रिय सम्मेलनबाट प्रजातान्त्रिक समाजवादको सिद्धान्त प्रतिपादन गऱ्यो र पार्टीको निर्देशक सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र र समाजवाद भन्यो। यो पार्टी मूलतः शुरुवातदेखी नै उदार वुर्जुवाहरुको पार्टी बन्यो जसकारणले नेपालको उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त उनिहरुको मुद्दा तथा भावना बोक्ने पार्टीको आवश्यकता पऱ्यो जसको पूर्ती कम्यूनिष्ट पार्टी(हरु)ले गऱ्यो। नेपाली कांग्रेसका नेताहरु बी. पी.देखी नै एक खालको आधुनिकवादी थिए र छन। उनिहरु मुलतः यूरोपको ज्ञानोदय विचारद्वारा निर्देशित थियो र छ। उनिहरुको राज्य सम्बन्धी अवधारणा समेत त्यही युरोप केन्द्रित विचारमा आधारित थियो र छ। ज्ञानोदयको २ प्रमुख योगदान रहेको छः १. मानव स्वतन्त्रता र सार्वभौमको स्थापना र २. राज्य सम्बन्धी दैवी अबधारणा अस्विकार गर्नु र राज्य अपरिहार्यता मान्नु। यस हिसाबले हेर्दा उहिलेदेखि र हालसम्म समेत नेपाली कांग्रेसको लक्ष्य यिनै मान्यताहरुको संरक्षण गर्नु रह्यो। यसर्थ पृथ्वीनारायण शाहको आन्तरिक साम्राज्य विस्तार र त्यसको परिणामस्वरुप झन घनिभूत भएको ऐतिहासिक राष्ट्रियताहरु माथिको उत्पिडनलाई यो पार्टीले स्विकार गरेन र पृथ्वीनारायण शाहको नेत्रित्वमा भएको आन्तरिक उपनिबेशिकरणलाई जायज ठहऱ्याउने कोशीस गरी आयो। किनकी कांग्रेस आफ्नै नेत्रित्वमा भएको २००७ सालको क्रान्ति एकखालको वुर्जुवा लोक्तान्त्रिक क्रान्ति थियो जसको मुल धेय राष्ट्रिय राज्य स्थापना गर्नु थियो। तर कांग्रेसको लागि राष्ट्रिय राज्य स्थापना गर्नुका निमित्त भएका राष्ट्रिय मुक्ती क्रान्ति जुन भारतमा पनि जोडका साथ उठिरहेका थिए, त्यो जायज भयो भने त्यही रुपमा नेपालमा आन्तरिक उपनिबेशीकरणबाट मुक्ती पाउन भएको राष्ट्रिय मुक्ती क्रान्ति

चाँही स्वीकार्य भएन जुन क्रान्तिको लक्ष्य देशभित्रको राष्ट्रिय राज्यले खडा गरेको आन्तरिक उपनिबेशिकरणबाट उत्पिडनमा पारिएका जाति-राष्ट्रहरुको मुक्ती गर्नु थियो र छ । यो विश्व भरिका ज्ञानोदय आधुनिकवादीहरुको समस्या हो कि उनिहरु प्रथम लहरको विश्व राष्ट्रिय मुक्ती क्रान्तिहरुको परिणामस्वरुप निर्माण भएका राष्ट्रिय राज्य भन्दा भिन्न व्यबस्थाको परिकल्पना गर्न सक्दैन । जबकी विश्व राष्ट्रिय मुक्ती क्रान्तिको दोश्रो तथा तेश्रो लहरमा आइपुग्दा राष्ट्रिय मुक्ती क्रान्तिले विश्व उपनिबेशबादबाट मुक्त भएर निर्माण भएका नयाँ राष्ट्रिय राज्यहरुको कारणले ति राष्ट्र-राज्यहरु भित्रै उत्पिडनमा परेका ऐतिहासिक राष्ट्रियताहरुको मुक्तिको सबाललाई जोडका साथ उठायो । यस बेला भने मूलतः वुर्जुवा लोकतन्त्रले नै सबै सामाजिक राजनितिक अन्तर्विरोधहरु हल गर्छ भन्ने नेपाली कांग्रेस जस्तो पार्टी राष्ट्रिय मुक्ती क्रान्तिको विपक्षमा उभिन पुग्यो । परिणामतः कांग्रेसको विरोधी शक्तीहरु राजतन्त्र र कम्यूनिष्टहरुले भने ऐतिहासिक जातिहरुको मुक्ती आकंक्षालाई उपयोग गरी आयो र कांग्रेसलाई पूरै कमजोर बनायो । झन संबिधान सभाको अबसान पश्चात यस मामलामा कांग्रेस पूरै उनुदार देखियो । यदी कांग्रेस ईतिहासको राजनीतिक बिकासको गतिलाई पकड्न असमर्थ भई रहने हो भने यो पार्टी फगत एक अनुदार झुण्डामा रुपान्तरण हुने निश्चितप्रायः भईसक्यो ।

## १०. नयाँ पार्टीहरु खोल्ने विधी

राजधानीको अलिशान पार्टी प्यालेशमा विवाहको प्रिती भोज खाए जसरी भोज खाँदै नयाँ पार्टी घोषणा गर्नु र संपूर्ण उत्पीडित जाति-वर्गका जनताहरुको मुक्ती चाहनु कती सान्दर्भिक होला? के यो (I)NGO हरुमा हाम्रो लामो संसर्गबाट बिकास भएको एकखालको निम्नपूँजिबादी संस्कार होइन त? विश्वका पूँजिबादी क्रान्तिहरु र कम्यूनिष्ट क्रान्तिहरुलाई नेत्रित्व दिएको पार्टीहरु र नेत्रित्वहरुको जन्म संघर्षको मैदानमा जनताको विचबाट भएको भएको होइन र? के बन्द कोठामा पार्टीको बिधान र घोषणा पत्र ड्राफ्ट गरेर, अलिशान पार्टी प्यालेशहरुमा विवाहको पार्टी खाएसरी दिवाभोज खाँदै घोषणा भएको नयाँ पार्टीहरु र नेत्रित्वहरु क्रान्तिको दर्मियान आउन सक्ने कठिन भन्दा कठिन परिस्थितीहरुसंग जुझ्ने साहस बटुल्न सक्लान? विश्वका उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त क्रान्तिको प्रथम बाधक तत्वहरु प्रतिकृयाबादीहरु भन्दा जनताहरु आफै विचबाट जन्मने अबसरबादीहरु हो जुन क्रान्तिको दर्मियान स्वभाविक रुपले जन्मन्छ । यो एकखालले समाजमा जब जाति-वर्ग संघर्ष घनिभूत हुन्छ तब त्यही संघर्षको विचबाट बिकास हुने गर्दछ । चिनिया क्रान्ति ताका जन्मेका यस्तो वर्गलाई माओले प्रतिकृयाबादीहरुको पाल्तु कुक्कुर भनेका थिए । हामीलाई थाहा छैन यस्तो वर्ग हामी माझ छ कि छैन र यदी छ भने तिनलाई कसरी पहिचान गर्ने? यदी छैन भने आउन सक्ने खतराबाट क्रान्तिलाई कसरी जोगाउने? वा अझ भनौ पूंजिबादी क्रान्ति र कम्यूनिष्ट क्रान्तिताका होसियारीका साथ हेरिएका यस्तो तत्वहरुको उदयलाई राष्ट्रिय मुक्ती क्रान्तिमा होसियारिका साथ हेरिनु पर्ला कि नपर्ला? पहिचान गर्नु पर्ला कि नपर्ला? के राष्ट्रिय मुक्ती क्रान्तिमा क्रान्ति सफल हुन पार्टी तथा नेत्रित्वमा क्रान्तिकारी चरित्र हुन आवश्यक छैन वा पर्दैन? के हामीलाई चाँही विना संघर्ष, बलिदान, कष्ठ, कठोरता, कठीनता बिना नै सत्ता उपलब्ध होला वा विरोधीले हामीलाई सत्ता देलान? नेपाल हालका दिनहरुमा गहिरो र पेचिलो जाति-वर्ग संघर्षबाट गुज्रिरहेको छ । यस्तो बेला समाजमा धेरै किसिमको आकंक्षाहरु जन्मिन्छ तर सबै आकंक्षाहरु क्रान्तिको निमित्त साधाक हुन्छ भन्न सकिन्न । कैयन अवस्थाहरुमा बाधक पनि हुन सक्छ । यसर्थ हामी क्रान्तिकारीहरु यस्तो कुरामा तुरुन्तै वहाकाउमा आउनु हुँदैन र ठोस परिस्थितीको ठोस विश्लेशण गरेर आफ्नो पाइला चाल्नु पर्छ । हाम्रो उद्देश्य कुनै पनि उचित प्रयत्नहरुलाई निरुत्साहित पार्ने वा कुनै पनि खालको तुच्छ गाली गलौच गर्ने नभै हामी सबैलाई थोरै होसियार रहन सजक गराउने मात्र हो ।

## ११. तितो यथार्थ मनन गर्नुपर्ने यथार्थ

नेपालमा विगत केही बर्षहरुमै अनुमान नगरिएको भन्दाबढी परिवर्तनहरु भए । लाग्दछ कि यि परिवर्तनहरु यति सहज रुपमा भएकी हामीले यसको निमित्त आफुहरुलाई तयार पार्न समेत भ्याएनौ । हुन त यो परिवर्तनका पछाडि अन्तरराष्ट्रिय शक्तिहरुको पनि संलग्नता रहेको हुंदा यसको संस्थागत गर्न पनि धेरै शक्तिहरुको विच सहमती बन्नु अतिआवश्यक हुने हुँदा वर्तमानको ढिलाई केहीहदसम्म प्राकृतिक पनि हुनसक्छ तर राजनीतिक क्रान्ति वा परिवर्तनहरु पश्चात शक्तीमा आउने फेरबादल यती नाटकिय जस्तो लाग्छ कि सबै कुराहरु अचानक भएको जस्तो अनुभुती हुन्छ । त्यस्तो बेला नयाँ शक्तिहरुको कांचोपना, केही अपरिपक्वता, केही लफ्फाजी, केही हतारो तथा शक्ती विहिन हुन पुगेका पुराना शक्तिहरुको परिवर्तनलाई नस्विकार्ने वा सकेसम्म उल्ट्याउन खोज्ने प्रवृत्तिहरुको कारकत्वमा परिवर्तनलाई संस्थागत गर्ने बाटोमा अबरोध खडा हुन जान्छ र कहिलेकांही त प्राप्त उपलब्धिहरु समेत गुमाउन पुग्दछ । कहिलेकांही स्थायित्व प्रतिको ज्यादा लगाउले केही कस्मेटिक परिवर्तनमात्र हुने र वास्तविक्तमा पुरानै यथास्थिती कायम रहने हुन जान्छ । शायद नेपाल अहिले यस्तै दोसांधमा उभिएको छ । यस्तो बेला यहाँका उदार-दक्षिणपन्थी पुंजिबादी शक्ती र बामपन्थी कम्युनिष्ट शक्तिहरु आ-आफ्नो राजनीतिक कित्ता वा ध्रुबहरु मजबुतपार्न भरमगदुर प्रयत्नरत छन । यसकोलागी उनिहरु सडक, सदन, सरकारको मोर्चाहरुमा अधिक्तम प्रभाव कायम राख्न प्रतिस्पर्धारत छन । तुलनात्मक रुपमा उदार दक्षिण र बाम शक्तिहरु जसको हातमा सत्ताको चाबी पालैपालो परिवर्तन भई आएको छ उनिहरु पनि राजनीतिक वृत्तमा देखापरेका ध्रुबिकरणबाट प्रभावित हुनपुगी अनिर्णयको बन्दी बन्नपुग्दा दुबै कोणमा अतिबादी शक्तिहरु पनि देखापरिरहेको छ । यो ध्रुबिकरणले अन्तरराष्ट्रिय शक्तिहरुलाई पनि प्रभावित पारेको छ । यस्तो ध्रुबिकरण तिब्र भईरहेको बेला मध्यममार्गी शक्ती कमजोर हुनगै राजनीतिले द्वन्द्वको बाटो लिन सक्ने खतरा हुन्छ । यसरी कथांकदाचित द्वन्द्वको पुनरावृत्ती भएमा हामी ऐतिहासिक कालदेखी नै राज्य उत्पिडनबाट मुक्ती खोजिरहेको जाति-वर्गका जनताहरुको जायज मागहरु पुनःओझेलमा पर्ने खतरा हुन्छ । यस्तो बेला हामी उत्पीडित जनताहरुको जायज मुद्दाहरु राजनीतिक बहसमा जोड्दाररुपमा उठिरहेको त हुन्छ तर बाम वा दक्षिणपन्थी शक्तिहरुले आ-आफ्नै राजनीतिक कित्ताहरुलाई मजबुत पार्न मात्र उपयोग भईरहेको हुन्छ । यो एकखालको राजनीतिक मुद्दाहरुको ठगी हो जुन खतरनाक पनि साबित हुन सक्दछ । यस्तो ठगी र बेईमानीबाट हाम्रा मुद्दा र जनताहरुलाई बचाउन हामीले एनजीओ चेतना र कार्यक्रम भन्दा माथि उठेर राजनीतिक रुपमा आफ्नो धार सृजना गर्नु अनिवार्य हुन्छ । २०७८ जेष्ठ २१ गते जसपा बरिष्ट नेता माननिय राजेन्द्र महतोले नेपाल सरकाको उपप्रधान तथा शहरी बिकास मन्त्रीको पदभार ग्रहण गर्दै वहुलराष्ट्रिय राज्य स्थापना गर्ने पार्टीको एजेण्डा भएको र त्यसलाई अघि बढाउन राष्ट्रिय मुक्ती आन्दोलनको तयारी गर्न सरकारमा सहभागी भएको भन्दै ऐतिहासिक र साहसिक भनाइ राखे पश्चात नेपाली राजनीतिको वैकल्पिक धार र मुद्दा उठान गम्भिर ढंगले शुरुवात भएको छ ।

## १२. आजको हाम्रो कमजोरी के हो र बलियो पक्ष के हो?

नेपालको उत्पीडित जाति-वर्गका जनताहरुको आजको सबै भन्दा बलियो पक्ष हो हामीले ईतिहासमा भोगेका र अहिलेपनि भोगिरहेका सामाजिक-संस्कृतिक, राजनीतिक, तथा आर्थिक उत्पिडनका मुद्दाहरु वर्तमान नेपालको राजनीतिक डिस्कोर्शको प्रमुख बिषय बन्नु हो जसको निमित्त हाम्रा पुर्खाहरुले धेरै नै संघर्षहरु गर्नु पर्‍यो र धेरै राज्य दमन बिरुद्ध लड्नु पर्‍यो । यहाँसम्म यो मुद्दाहरुलाई ल्याइ पुर्‍याउन नेपालका उत्पीडित जाति-वर्गका जनताहरुले ठुलो बलिदानीपूर्ण संघर्षहरु पार गर्नु पर्‍यो । आजको हामी संघर्षशिल उत्पीडित जाति-वर्गका

जनताहरु जुन स्तरमा यो मुद्दाहरुले राजनीतिक स्थान पाए त्यही अनुपातमा हामीले राजनीतिक शक्ती प्राप्त गर्न असमर्थ भई रहेको छ । यसका पछाडिका कारणहरु खोज्नु आजको प्रथम आवश्यकता हो । हाम्रो विचारमा यो क्रान्तिको कार्यनितिक कमजोरी नभै रणनितीक कमजोरी हो किनकी राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपले वस्तुगत परिस्थिती तयार भईसकेको अबस्थामा पनि हामीले राष्ट्रिय मुक्ती आन्दोलनलाई सफल बनाउन नसकिरहेको अबस्था विद्यमान छ । शायद केही कार्यनितिक कमजोरिहरु पनि रहेको हुनसक्दछ तर मुलभुतरुपमा भन्दा यो रणनितीक कमजोरी नै हो जुन सिधै आत्मगत तयारी र बुझाईसंग प्रत्यक्ष सरोकार राख्दछ । कमजोर रणनितीक तयारी रहेको अबस्तामा लिने कार्यनितिक चालहरु क्रान्तिको निमित्त अनुत्पादक मात्र नभै नकरात्मक हुने खतरा हुन्छ । त्यसैले हामीले क्रान्तिको शास्वत नियमहरु बारे ज्ञान राख्नु आवश्यक छ र हाम्रो तयारी ठोसढंगले गर्नु आबश्यक छ ।

मार्क्सबादीहरु भन्छन "अन्ततः समाजको संपूर्ण अन्तर्विरोधहरु वर्गिय अन्तर्विरोध नै हो ।" यसर्थ वर्ग संघर्ष नै शास्वत सत्य हो र वर्ग संघर्षले नै समाजको अन्य अन्तर्विरोधहरुको पनि हल निकाल्छ । राष्ट्र (जाति) भन्ने कुरा वर्ग जस्तो स्थिर होइन र साथै यो वर्ग जस्तो भौतिक वा वस्तुगत पनि होइन यो त विशुद्ध सांस्कृतिक बिषय भएको हुँदा पूर्णतयः आत्मिक बिषय हो । यसको ऐतिहासिकता वा प्रामणिकता पनि स्थापित गर्न सकिन्न यसर्थ यो वैज्ञानिक छैन । कुनैपनि वस्तु वैज्ञानिक हुन त्यो ऐतिहासिक र भौतिक हुनु अनिवार्य हुन्छ । तसर्थ राष्ट्रियताको सबालमा मार्क्सबादीहरु सर्वहारा अन्तरराष्ट्रबादको वकालत गर्दछ । राष्ट्रिय स्वाधिनताको सबालले सर्वहारा वर्गलाई विभाजित गर्दछ भन्ने मत बलियो साथ उठाएको हुन्छ । त्यसैले कार्लमार्क्स स्वयंले उत्तरी आयरल्याण्डको राष्ट्रिय मुक्ती आन्दोलनलाई समर्थन गरेन । त्यसरी नै रोजा लक्सम्बर्गले पनि पोल्ल्यान्ड लगायत अन्य राष्ट्रिय मुक्ती आन्दोलनहरुको विरोध गरे । तत्कालिन यूरोप र रुसमा यहुदीहरुले उनिहरुलाई पनि एक राष्ट्रियताको रुपमा स्थापित गर्न शुरु गरेका यहुदी राष्ट्रिय आन्दोलनको पनि समर्थन गरेन जबकी रोजा आफै एक यहुदी नै थिए । तर केही एस्ट्रो-हङ्गेरिएन मार्क्सबादीहरु भने प्रश्ट रुपमा सांस्कृतिक राष्ट्रियताहरुलाई मान्यता दिनु पर्छ भन्थे । राष्ट्र-राज्यहरु जस्तै संयुक्त अधिराज्य वा ब्रिटेन भित्रको राष्ट्रहरु वएल्स, उत्तरी आयर्ल्याण्ड, स्कटल्याण्ड आदिहरुको स्वतन्त्रता, सार्वभौमिक्ता स्थापित हुनुपर्दछ भन्ने वकालत गर्थे ।

नेपालको राजनीतिक मैदानमा नेपाल प्रजापरिषदको गठनसंगै शुरु भएको लोकतान्त्रिक आन्दोलनको प्रमुख वैचारिक लाइन समाजबादी आन्दोलन नै थियो । त्यो बेला युरोपको १७औं शताब्दिमा भएको पुनर्जागरण आन्दोलनबाट बिकास भएको तर्कबाद र मानवबादको चिन्तन जुनपछी यूरोप मै भएका ज्ञानोदय आन्दोलन पश्चात बिकास भएको राज्य र सरकारको अबधारणाबाट बिकसित भएका राज्य सिद्धान्तहरु मूलतः उदारबाद र मार्क्सबादबाट पूर्णतय प्रभावित थियो, यस्तो नयाँ औ नविन विचारको प्रभावबाट नेपालको आधुनिक राजनीतिक परिवर्तन निर्देशित भएका थिए । वेलायती औधोगीक क्रान्ति र फ्रान्स तथा अमेरिकाको राजनीतिक क्रान्ति पश्चात जब यूरोपमा पूँजिबादले जरा गाडे त्यसपश्चात परम्परागत उत्पादन प्रणाली भंग भई पूंजिबादी उत्पादन प्रणाली बिकास भए जुन प्रणालीले श्रमको वस्तुकरण गरे । श्रमिक वर्गले परिणामतः ठुलो विभेद खेप्नु पऱ्यो । श्रमिकहरुको दयनिय अवस्थाबाट मुक्त गर्न समाजबादको प्रतिपादन भए । तर यूरोपमा जब समाजवादीहरु विभजित भई सामाजिक लोकतन्त्रबादी र सर्वहारा अधिनायकत्व पक्षधर कम्यूनिष्ट पार्टीमा विभजित भए; यो विभाजनले दुई खाले विशिष्ट राज्य सिद्धान्त प्रस्तावित गऱ्यो । जसको प्रभाव नेपालको २००७ साल कालिन राजनीतिमा प्रष्टै देखियो । वैचारिक रुपले त्यसबेला प्रष्टै रुपमा तीन धारहरु; परम्परागत राजतन्त्रात्मक धार, उदारलोकतान्त्रिक धार र बामपन्थी कम्यूनिष्ट धारहरु विच अन्तर्विरोध बिकास भयो ।

यहाँका प्रथमराष्ट्र स्व-देशी जनताहरु लगायत अन्य उत्पीडित जनताहरुले मुख्यगरी उदारलोकतान्त्रिक धार र बामपन्थी कम्यूनिष्ट धारमा पुरै समाहित भई राष्ट्रिय मुक्ती आन्दोलनलाई अगाडि बढाए । यो बेला साम्यवादको वकालत गर्ने मार्क्सबादी कम्यूनिष्ट र लोकतान्त्रिक समाजवादको वकालत गर्ने उदारबादी काँग्रेसहरुको आन्दोलन प्रमुख थियो भने राष्ट्रिय मुक्ती आन्दोलन शुसुप्त थिए । कम्यूनिष्टहरु माझ भने सशस्त्र क्रान्तिको सबाललाई लिएर बिभजित थिए । यसैक्रममा २०२८ सालमा आएर युवा कम्यूनिष्टहरुले प्रथम पटक सशस्त्र विद्रोहको अभ्यास गऱ्यो जसलाई झापा विद्रोह भनी चिनिन्छ। कम्यूनिष्ट आन्दोलनमा झापा विद्रोह एकखालको क्रान्तिको ट्राएल थियो। यो मूलतः भारतको कम्यूनिष्ट आन्दोलनमा देखापरेका दक्षिणपन्थी संशोधनबाद विरूद्धको जबर्जस्त विद्रोह "नकशलबादी विद्रोह" को यान्त्रिक नक्कल थियो। किनकी नेपालको कम्यूनिष्ट आन्दोलन पनि दक्षिणपन्थी संसोधनबादबाट अतिनै प्रभावित थियो । त्यस्तो बेला क्रान्तिको सही कार्यदीशा, रणनिती, कार्यनिती, कार्ययोजनाको बिकासबिना फगत नकशलबादीहरुको यान्त्रिक नक्कल थियो; प्रकारान्तरले यो विद्रोह असफल भयो । एवमरितले २०४० साल तिरदेखी प्रखर हुँदै आएका राष्ट्रिय मुक्ती आन्दोलनपनि प्रारम्भदेखिनै भारतको राष्ट्रिय मुक्ती आन्दोलनको यान्त्रीक नक्कलबाट पुरै प्रभावित देखिन्छ । भारतको राष्ट्रिय मुक्ती आन्दोलनहरू कुनै निर्दिष्ट राजनीतिक सिद्धान्त बिना नै एकखालको जातिय आन्दोलन जसरी बिकास भयो । परिणामतः त्यसमा संगठन नै आन्दोलन, आन्दोलन नै दर्शन जस्तो भयो । उदाहरणको निमित्त "झारखण्ड मुक्ती मोर्चा" आफै संगठन, आन्दोलन र दर्शन पनि भयो । र त्यसमा जबर्जस्तको हींसा मिसाएर क्रान्तिको नाम दियो । यस्तो आन्दोलनको न मार्क्सबाद, न उदारबाद, न कुनै अन्य वैचारिक वैचारिक लाईनसंग कुनै सम्बन्ध थियो । नेपालको राष्ट्रिय मुक्ती आन्दोलन यही भारतको राष्ट्रिय मुक्ती आन्दोलनको यान्त्रिक नक्कल भयो । उदाहरणको लागि "संघिय लिम्बुवान राज्य परिषद," "तामाङ सालीङ स्वायत्त राज्य परिषद" मधेश आन्दोलनहरू आदि आफै संगठन, आन्दोलन र विचार पनि भयो । यी आन्दोलनहरुको कुनै निर्दिष्ट सिद्धान्त थिएन र छैन पनि । राष्ट्रिय जनमुक्ती पार्टीले समेत कुनै निर्दिष्ट सिद्धान्त, विचार, योजना बिना नै ३० बर्ष बिताए । क्रान्तिको वैचारिक, राजनीतिक, भौतिक, तथा सांगठनिक तयारी बिना नै हचुवाको भरमा आन्दोलन गरियो । त्यसरी नै मधेशको आन्दोलनको पनि त्यही दुर्दशा भयो । यसर्थ चुनावी सफलता प्राप्त भए पनि सत्ता स्वार्थको कारणले विभाजन हुन पुग्यो । यसबाट पाठ सिक्दै जनता समाजबादी पार्टीले किटानी विचार, किटानी नेत्रित्व, किटानी योजना अगाडि सार्ने जमर्को गरेको छ । हामीले "स्वदेशबाद" लाई राज्यको सिद्धान्तको रुपमा प्रस्ताव गरेका छौं भने शासनकलाको विज्ञानको रुपमा बहुलराष्ट्रिय लोकतन्त्र, संघियता, सामुदायिक समाजवाद प्रस्ताव गरेका छौ । यो मुलतः १९९० को दशक पछी दक्षिण अमेरिकामा बिकास भएको राष्ट्रिय मुक्ती आन्दोलनहरुबाट प्रेरित छ ।

विश्वका धेरै आधुनिकवादीहरु "प्रथम राष्ट्र" "स्वदेशी" "राष्ट्रियता" जस्तो राजनीतिक शब्दवलीहरु भित्र सम्यस्या रहेको तर्क प्रस्तुत गर्दछ । उनिहरुको लागि बिकास भनेको एउटा यूरोपिएन समाजले बिकास गरेको खाका जस्तो हो र जेजे नयाँ बिकास हुन्छ त्यो त्यही आधारमा जायज ठहराइन्छ र यदी त्यो मान्यताहरु भन्दा सापेक्षित अन्तर राख्छ भने त्यो समाजकै लागि खतरनाक देख्दछ । नेपालको जातिय आन्दोलन विश्वकै एक उन्नत राष्ट्रिय मुक्ती आब्दोलनहरु मध्य एक हो भन्दा अतिशयोक्ती नहोला । राष्ट्रिय मुक्ती आन्दोलन विश्वभर भई रहेको लोक्तान्त्रिक र जनबादी आन्दोलन जतिकै अपरिहार्य भई सकेको तथ्यहरु प्रकाशित भएका छन । आधुनिकवादीहरु जसरी आधुनिक राष्ट्र-राज्य अनिवार्य हो भन्छन त्यसरी नै राजनीतिमा उदारबादी वा मार्क्सबादी धार बोकेका राजनीतिक दलहरुमात्र सांचो अर्थको राजनीतिक दल हुन सक्छन भन्ने तर्क गर्दछन। यो एकखालको यान्त्रिक बुझाई हो जुन १९-२०औ शताब्दीको उपज हो । तर सन १९९० को दशक पश्चात विश्वमा

“स्वदेशबाद” एक शसक्त राजनीतिक विचार र प्रणालीको रुपमा बिकास भईसकेको तथ्यबाट धेरै स्वदेशी जनताहरु अनविज्ञ छन । उनिहरु त्यहि एमाले, कांग्रेस र माओबादी जस्ता राजनीतिक दलका नेताहरुले दिएको बासी प्रशिक्षणहरुको आधारमा आफ्नो तर्कहरु निर्माण गरिरहेको हुन्छन ।

## १४. के होला नेपालको भविष्य र नेपालमा ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको भविष्य

हामीले दावी गर्दै आएका छौं कि हालपर्यान्त अवस्थित मानव ईतिहासको ईतिहास भनेको जाति-वर्ग संघर्षको ईतिहास हो । यो ईतिहासलाई हेर्ने एक प्रमुख दृष्टिकोण हो तर यो मात्रै दृष्टिकोण चाँही हैन किनकी ईतिहासलाई हेर्ने अन्य दृष्टिकोणहरु पनि छन । तर यहाँ हामीले यसलाई प्रमुख दृष्टिकोण भनेका छौं । नेपालको राजनीतिक ईतिहास जाति-वर्ग संघर्षको ईतिहास हो । हाम्रो ईतिहासका वास्तविक पानाहरु जाति-वर्ग संघर्षको गाथाहरु ले भरिएको छ जहाँ उत्पिडक जाति-वर्ग र उत्पीडित जाति-वर्ग विच सम्झौता विहिन संघर्षहरु भएका छन । हाल पर्यान्तको जाति-वर्ग संघर्षमा रुपमा उत्पिडक जाति-वर्गले जितेको जस्तो देखिएतापनि वास्तविक जित सारमा उत्पीडित जाति-वर्गको नै हुँदै आइरहेको छ। नेपालको सन १७७० मा भएको १० लिम्बुवान विद्रोहदेखिको सबै राजनीतिक संघर्षहरु मूलतः जाति-वर्ग संघर्ष नै हो तथापी यसको प्रभावी रुप भने १० बर्षको जनयुद्ध मार्फत भएको यथार्थ हो । ईतिहासमा भएको जाति-वर्ग संघर्षहरुमा जातिय संघर्ष गौण वर्गिय संघर्ष प्रधान जस्तो देखिएको थियो किनकी यसको नेत्रित्व उत्पिडक वर्ण भित्रकै वर्गिय रुपमा निम्नमध्यम वर्गिय मनिसहरुले गरेको थिए । उनिहरु सिधै जातिय अन्तर्विरोधलाई सम्बोधन गर्न चाहन्न थिए । तर जब मुलुकमा दलिय परम्पराले मान्यता पाए, उत्पिडक वर्ण भित्र कै निम्नमध्यम वर्गिय नवशासकहरुको शक्ती संघर्ष र प्रतिश्पर्धामा केहीका लागी अब समाजको आधारसंरचनामा शुसुप्त रहेको ऐतिहासिक जातिय आन्तर्विरोधलाई नऊछालीकन प्रतिश्पर्धामा आफ्नो स्थान कायम राख्न मात्र नभै राजनीतिक रुपमा टिकिरहन असम्भवप्रायः भईसकेको थियो । यसविच नेपालको जाति-वर्ग संघर्षमा नेत्रित्व गरिरहेको शक्तिहरु मूलतः उदारबाद र मार्क्सवादको विचारका आधारमा आ-आफ्नो अवस्थालाई दार्शनिक रुपमा उचित ठहऱ्याउँदै आइरहेका थिए । त्यसक्रममा उदार लोकतन्त्रबादीहरुको लागि ०४७ सालको राजनीतिक परिवर्तन पश्चात राजनीतिक अन्तर्विरोध सम्बोधन भई सकेको मानिएको थियो तर मार्क्सवादी वा (मालेमाबादी)हरुको निमित्त भने कम्यूनिष्ट पार्टीको गठनदेखी नै बहुप्रचारिक सशस्त्र क्रान्ति बांकी नै थिए । यसर्थ मुलतः उत्पिडक वर्ण भित्रकै मानिसहरुको पकड रहेको कम्यूनिष्ट पार्टीले सशस्त्र क्रान्ति गर्ने क्रममा घोषित जनयुद्धको बेला सुशुप्त रहेको जातिय अन्तर्संघर्षलाई घनिभूत रुपमा उपयोग गरे पश्चात नेपालको जाति-वर्ग संघर्ष ईतिहासकै उच्चतम बिकासको अवस्थामा आइपुग्यो । तर जब त्यो शक्तिले ऐतिहासिक जाति-वर्ग संघर्ष मार्फत ठुलै शक्ती प्राप्त गरे तब त्यस पार्टी भित्रका उत्पिडक वर्णका नेत्रित्वहरुको लागि जातिय मुद्दा फलामको च्युरा चपाएसरि भएको महशुश भए । फलतः त्यो शक्ती नत वर्ग संघर्ष सफल पार्ने सबालमा इमान्दार देखिएका छन न जातिय संघर्षलाई संबोधन गर्ने सबालमा । प्रकारान्तरले नेपालका उत्पीडित जाति-वर्गका जनताहरुले पुनः एकपटक राजनीतिक धोखा पाएको महशुस गरी रहेको छ । फलतः नेपालको ऐतिहासिक जाति-वर्ग संघर्ष बिना निश्कर्ष रह्यो र मुलुकमा व्याप्त सामाजिक-सांस्कृतिक, राजनितिक तथा आर्थिक अन्तर्विरोध नयाँ रुपमा कायमै रहने भए । तर अब हाम्रो अगाडि एक ज्वलन्त प्रश्न पनि खडा भएको छ कि अब उप्रान्तको जाति-वर्ग संघर्षको नेत्रित्व कुन शक्तिले गर्ने र त्यो शक्तिको राजनीतिक दर्शन के हुने?

हाल विश्वमा भई रहेको जाति-वर्ग संघर्षका परिघटनाहरु केलाउंदा हामी के पाउँछौं भने अबको जाति-वर्ग संघर्षको नेत्रित्व उत्पीडित जाति-वर्गका मानिसहरुले नै गर्नु पर्दछ र यसक्रममा ति नेत्रित्वहरुको नेत्रित्वमा हुने जाति-वर्ग संघर्षको विचबाट मात्र २१औं शताब्दिको वास्तविक सामाजिक लोकतन्त्र स्थापित हुनेछ । यसर्थ हामी ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको सचेत हस्तछेपबाट मात्र नेपालको भविष्य उज्ज्वल बनाउन सकिन्छ । यसप्रकारले भन्दाखेरी ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त ठुलै चुनौतीका साथ मुलुकलाई दूर भविष्यसम्म नेत्रित्व प्रदान गर्ने एक सुवर्ण मौका प्राप्त भएका छन । यसर्थ अब हामी कुनैपनि प्रतिगमनकारी शक्तिहरुको भड्काउबाट सतर्क रहँदै मुलुक र मुलुकवासी प्रति पूर्णरुपेण जिम्मेवार रहदै राज्यसत्ताको अख्तियारी प्राप्त गर्न संघर्षको मैदानमा अथक कृयाशिल रहनु पर्छ । तर यस परिस्थितीमा हामीमा नै भएको वैचारिक ढुलमुलको तथा अझ खतरनाक रुपमा रहेको पद्लोलुप्ता अन्त्य गर्नु प्रथमः आवश्यक छ र यो विशुद्द आत्मगत बिषय हो जसको समाधान गर्न ठुलै ज्ञानमीमांसिय विधी अपनाउन सक्नु पर्दछ । यो फगतको बौद्धिक चिन्तनमात्रले समाधान गर्न सकिदैन । विश्वको बामपन्थी कम्यूनिष्ट आन्दोलन र दक्षिणपन्थी पूंजिबादी आन्दोलनको लामो ईतिहास केलाउंदा पनि हामी के पाउंछौं भने यि दुबै राजनीतिक धारहरुको स्थापित वैचारिक लाइनहरु पहिले नै संश्लेसित भएको हुँदा समेत फरक फरक मुलुकका राजनीतिक नेत्रित्वहरुले ठुलै परिश्रम गरी देश सुहांउदो रुपमा विचारको संश्लेशण गरेका थिए । हाम्रै मधेसका दलहरु र ति दलहरु भित्रको नेत्रित्वहरुले त्यस किसिमले वैचारिक तयारी गर्न नसक्दा कांग्रेस र कम्यूनिष्ट पार्टी तथा नेत्रित्वको अगाडि निरिह हुनु परेको दृष्टान्त देखिसकेका छन । तर हालका दिनहरुमा अकस्मात घोषणा हुँदै आएका नयाँ पार्टीहरुको दुर्दशा हेर्दा उत्पीडित जाति-वर्गका सच्चा क्रान्तिकारीहरु अचम्मित हुने परिस्थिती छन किनकी यि शक्तिहरु कतै क्रान्ति सम्पन्न भईसके जसरी बिना कुनै तयारी NGO दर्ता गरेसरी निर्वाचन आयोगमा दर्ता हुने होडमा छन ।

प्रा. बी. के. माबुहाङ लेख्नुहुन्छ, "नेपाली राज्य भन्नाले हिन्दू धर्म प्रधान, पर्वते उच्च जातिः बाहुन, क्षेत्री, सन्यासी, ठकुरी, पुरुष प्रधान, पर्वते भाषा (नेपाली भाषा) प्रधान राज्य भएका कारण सामाजिक आन्दोलन उनै समुह र सम्प्रदायको मात्र प्रभावकारी छ । तर जनजाति समाज, दलीत समाज, मुस्लिम समाज, मधेसी समाज जसको राज्य छैन उनको आन्दोलन निस्प्रभावि छ । परिणाममुखी छैन । किनकी जनजाति, मधेसी, मुस्लिम, दलित (मधेसी), महिला आन्दोलन जसको राज्य छैन, त्यो परिणाम मुखी भएको छैन ।" यी भनाइ फगत समाजको मीमांस मात्र त हैन होला । यो त्यस्तो यथार्थ हो जो परिवर्तनको बिषय हो । वा यो यथार्थमा परिवर्तन नभएसम्म हामीले चाहेको जस्तो शान्ति, संबृत्ती, र बिकास संभव छैन । अथवा जसको राज्य छैन उसलाई पनि राज्य हुनु पर्‍यो । यसरी हेर्दा जसरी मार्क्सबादले सर्वहारा वर्गको मुक्तिको सबालमा राज्य सत्ता बाहेक सबै भ्रम हो भनेको छ त्यसरी नै हामी उत्पीडित जाति (राष्ट्र) को लागि पनि सत्ता बाहेक सबै भ्रम हो भन्ने कुरा माथिको तथ्यबाट प्रमाणीत हुन्छ । त्यसो भए विश्व राष्ट्रिय मुक्ती आन्दोलनको रणनितीक लक्ष्य सत्ता प्राप्ति नै हो । सत्ता शासनसंग जोडीएको हुन्छ । हामीसंग सत्ता नभए पछी शासन गर्ने अधिकार पनि हुँदैन र हामी पर-शासित हुन्छौ । पर-शासित अवस्थामा हामीले गरेको सामाजिक आन्दोलनहरु स्वभाविकैले परिणाममूखी हुनै सक्दैन । त्यसो भए हाम्रो सत्ता चाहीं कस्तो हो त? के यो उदारबादी वा बामपन्थी सत्ता जस्तो हो त? संसारमा उदारलोकतन्त्र र सर्वहारा अधिनायकबादी कम्युनिष्ट सत्ताहरुले परम्परागत सामन्ती सत्ताहरु विस्थापित भएका थिए । यि दुबै खाले सत्ताहरुले १९औं र २०औं शताब्दी भरी प्रतिश्पर्धा गरेका थिए । हाल विश्वमा सर्वहारा

लोकतान्त्रिक मोडेलको अधिनायकबादी सत्ताहरु समाप्त भई एक किसिमले यत्र-तत्र-सर्वत्र उदार-दक्षिणपन्थी पूँजिवादी सत्ताहरु छन भन्न सकिन्छ । त्यसो भए;

१. हाम्रो सत्तापनि उदारलोक्तान्त्रिक सत्ता नै हो त?

२. जसको दर्शनिक आधार उदारबाद वा नवउदारबाद हो?

३. कि हामीपनि हाम्रो कम्यूनिष्ट मित्रहरुले भने जसरी नै अन्ततः संपूर्ण संघर्ष वर्ग संघर्ष नै हो भन्ने मार्क्सबादको प्रस्थावना अनुसार नै अबको हाम्रो मुक्तीपनि नयाँ जनबादी क्रान्तिले स्थापना गर्ने सर्वहारा लोकतन्त्र भएको जनबादी सत्ताले मात्र गर्छ भन्ने?

४. हामीले स्थापना गर्न खोजेको सत्ता कस्तो हुने?

५. त्यसको दार्शनिक आधार के हुने?

६. त्यसको आधारमा हुने शासनकलाको विज्ञान के हो वा हुने?

७. त्यस्तो सत्ताको अर्थ-राजनिती कस्तो हुने?

८. त्यस्तो सत्ता भित्रको वर्ग संघर्ष कस्तो हुने?

९. त्यस्तो सत्ताको भौतिकता तथा ऐतिहासिक्ता के हो?

१०. त्यस्तो सत्ताको वैज्ञानिकता र वैधता स्थापित कसरी हुने?

११. त्यस्तो सत्ताले मानव समाजको अन्तर्विरोधहरुको हल कसरी गर्ने? र

१२. कसरी मानव मुक्तीलाई साकार पार्ने?

यि प्रश्नहरुको उचित विश्लेशण विना सही संश्लेशण हुनै सक्दैन । र ठोस परिस्थितीको ठोस विश्लेशण विना ठोस संश्लेशण हुन सक्दैन र त्यो बिना खोलिएको कुनै पनि दल वा त्यस्तो दलद्वारा संचालित आन्दोलन परिणाममूखी हुन सक्दैन । उपरोक्त बिषयहरु क्रान्तिको रणनिती र कार्यनितीसंग प्रत्यक्ष जोडीएको हुन्छ र एवंरितले क्रान्तिको निर्दिष्ट सिद्धान्तसंग जोडीएको हुन्छ । जब क्रान्तिको दार्शनिक पक्ष गलत हुन्छ त्यसले ईतिहासको गलत व्याख्या हुनपुग्दछ । जब ईतिहासको गलत व्याख्या हुन्छ त्यसले गलत राजनीतिक यात्रा लिनपुग्दछ । जब गलत राजनीति पक्रन्छ त्यसले जनताका आर्थिक सवालहरुको सही हल दिन सक्दैन र अन्ततः क्रान्ति अबसरबादमा फस्न पुग्दछ । त्यसैले अप्रिय नै भएतापनि हामीले बिना वैचारिक तयारी क्रान्तिको अन्य तयारीहरु गर्नु अनर्थ हुन जान्छ र वैचारिक तयारीको निमित्त वैचारिक वहस अनिवार्य हुन्छ ।

जनता समाजबादी पार्टीको नेपाली क्रान्तिको कार्यदिशा "अभियानमा निरन्तरता संघर्षमा जोड विद्रोहको तयारी" अन्तर्गत अगाडि सारेका क्रान्तिको "चार विकल्प चार तयारी" अब परिपक्व भएको सन्दर्भमा अब हामी वर्तमान सामाजिक-राजनितिक, आर्थिक उपरीसंरचनालाई सामाजिक-राजनितिक, आर्थिक आधारसंरचना देखी "अभियान संघर्ष विद्रोह"को बलमा तलबाट हस्तछेप गर्ने र परिणामतः राज्यसत्तालाई नै बदल्ने योजनामा अघि बढ्न अन्तिम तयारी गरिरहेको छौँ । जसको शुरुवातको लागि ग्रामीण जाति-वर्ग संघर्षलाई आधार बनाई देशको केही

भागहरुमा आधार क्षेत्र निर्माण गर्दै क्रान्तिकारी योजनाको शुरुवात गरिने छ जुन क्रमैसंग अन्यत्र भागहरुमा विस्तार गरिने छ । यसरी शुरुवातमा क्रान्ति बाहिरी घेराबाट शुरु हुँदै मुलुकको केन्द्र तर्फ अघि बढ्नेछ र केन्द्रमा जाति-वर्ग संघर्षको हलचल पैदा गर्नेछ । यस क्रममा ग्रामीण सत्ता भने सामुहिकता वा सहकारीता मार्फत पूरै स्वदेशीकरण गरिने छ । यसक्रममा यो विद्रोहलाई वैधता दिन अन्तरराष्ट्रिय मान्यता, सिद्धान्त, कानुन मुताविक सबै योजनालाई अगाडि बढाईने छ । क्रान्तिको योजना पूर्णतय शान्तिपूर्ण हुनेछ जबसम्म राज्यले लोकतान्त्रिक तथा अहिंसात्मक विधीद्वारा व्यवहार गर्नेछ । धेरै हदसम्म राज्य हिंसात्मक हुँदा समेत क्रान्ति अहिंसात्मक बनाउने पूरै प्रयत्न गरिने छ । तर राजनीतिक विद्रोहमा हिंसाको गुन्जायसलाई पूरै अस्विकार गर्ने तहसम्मको पनि हुने छैन । ईण्डिजिनिष्टहरुलाई हिजोका पूँजिबादी वा बाम्पन्थीहरुलाई जस्तो राज्य विहिनताबाट राज्य प्राप्तिको लडाई लड्ने जस्तो अबस्था हैन । हामी त संधै सत्ताधारी नै थियौं । हाम्रो विद्रोह त खाली सत्ताको निमित्त हुने विद्रोह जस्तो हैन । हामीसँग त यो कथित आधुनिक भनिएका प्रतिकृयाबादी सत्ताको विकल्प संधै थियो । यसर्थ हाम्रो विद्रोह त **"विकल्प सहित विद्रोह"** हो । जहाँ हामी आफ्नै आदिथलोहरुमा आफ्नै सत्ताको अभ्यास गर्ने छौं । त्यही नै हाम्रो विद्रोहको लाईन हुनेछ ।

## १५. प्रमुख पार्टीको राजनीतिक चरित्र र पोजिसन सम्वन्धमा हाम्रो विश्लेषण:

हामीले अब हाम्रो प्रतिश्पर्धी (वा बिरोधी) शक्ती र सहयोगी (वा मित्र) शक्तीहरु को को हुन  भन्ने बारेमा ठोस अवधारणा निर्माण गर्नु पर्दछ । यसमा ति शक्तिहरु कुनकुन विचारद्वारा निर्देशित भई आएका छन भन्ने कुराले तय गर्दछ । यहाँ माथि जनाए जस्तै प्रोफेसर चोम्स्कीले सन १९७० मा भने अनुसार बिकासित औद्योगिक समाजमा विश्वमा मुलतः चार भिन्नभिन्न वैचारिक पोजिसन्सहरु; १. क्लासिकल लिबरलस २. लिबरटेरिएन सोसिएलिष्ट ३. स्टेट सोसिएलिष्ट ४. स्टेट क्यापिटलिष्ट हुनेछ । २००७ साल ताका गठन भएको दलहरुमध्य नेपाली कांग्रेसले आफुलाई लिबरटेरिएन सोसिएलिष्टको रुपमा बिकास गरे भने कम्यूनिष्ट शक्तिले भने स्टेट सोसिएलिष्टको रुपमा बिकास गरे । तर आज आइपुग्दा कांग्रेस पूरै क्लासिकल लिबरल्सको स्थितिमा आइपुग्यो भने कम्यूनिष्ट शक्तिहरु पूरै स्टेट क्यापिटलिष्टको स्थितीमा आइपुग्यो । उनिहरु सामाजिक लोकतन्त्रलाई स्थापित गर्ने उद्देश्यमा पूरै चुक्यो र उनिहरुको समाजबाद जसको निमित्त सयौं नेपालीहरु स्वदेशी-गैरस्वदेशीले प्राण आहुती गरे त्यो कहिल्यै स्थापित भएन । उनिहरुको आह्वानमा नेपालमा जतिपनि विद्रोहहरु भए अन्ततः त्यसले उनिहरुकै वर्ण-वर्गका सिमित मानिसहरुलाई मात्र फाईदा पुग्यो भने अधिकांस उत्पीडित जाति-वर्गका जनताहरु हालपर्यान्त गरीबी, रोग, भोग, उत्पिडन कै सिकार भइरहनुपरेको छ । उनिहरुको राजनीतिक दर्शनहरु बस्तुगत जगतमा देखिएका अन्तर्विरोधहरु हल गर्ने सबालमा पूरै असफल भएका छन । यि शक्तीहरुको वर्ण-वर्ग चरित्रका बारेमा हामीले माथि धेरै व्याख्या गरेका छौं । अब भने हामी यहाँ यि शक्तिहरुलाई उनिहरुको वर्ण-वर्ग चरित्र अनुसार हाम्रो प्रतिश्पर्धी (वा बिरोधी) शक्ती र सहयोगी (वा मित्र) शक्तीहरु के हुन त भनी बिभाजन गर्छौं

**(क) नेपाली कांग्रेस:** विचारको हिसाबले नेपाली कांग्रेस अब पूरै क्लासिकल लिबरल्स भएका छन जो कम्तिमा निओ-लिबरल्सहरुले ल्याउने जतिको बहुसांस्कृतिक सुधारसम्मको लागि पनि तयार देखिन्न । उनिहरु समाजलाई पूरै एकलसांस्कृतिक राष्ट्र-राज्यको रुपमा नै कायम राख्न चाहन्छ र त्यसैमा आफ्नो वर्णिय-वर्गिय स्वार्थ रक्षा हुने देख्छ । यो शक्ती हाल पूरै दक्षिणपन्थी कित्तामा धकेलिएको छ र यसले नेपालको अनुदार कन्जर्भेटिब शक्तिहरुको समेत प्रतिनिधित्व र नेत्रित्व गर्छ । यो शक्तिले भन्ने गरेको लोकतन्त्र खाली एकखालको औपचारिक लोकतन्त्र हो जुन हाल संसरभरी परिवर्तन भई बहुलराष्ट्रिय लोकतन्त्रको रुपमा बिकसित भईसकेका छन तर

नेपाली कांग्रेस यस्तो परिवर्तनलाई स्विकार गर्न तयार देखिन्न । अर्थराजनितिको सबालमा यो शक्ती पूरै दक्षिणपन्थी भासमा फसेको छ र पूरै दलाल तथा नोकरशाही पूंजिबादी चरित्र बिकास गरेको छ । यो आफ्नो दलाल तथा नोकरशाही पूंजिबादी वर्ग स्वार्थको रक्षा गर्न अन्तरराष्ट्रिय नवसाम्राज्यबादसंग घुंडा टेक्दछ र राष्ट्रिय अर्थतन्त्रलाई सधैं पराधिन बनाउछ । सामाजिक-सांस्कृतिक हिसाबले यो पार्टी नेपालको जातिय, वर्गिय, लैङ्गिक, क्षेत्रिय, सामुदायिक उत्पिडनका मुद्दा प्रति पूरै अनुदार र असहिष्णु छ । यो शक्ती यसरी हेर्दा २१ औं शताब्दिको राष्ट्रिय मूक्ती क्रान्तिको पूरै विपक्षी शक्ती हो र यसलाई हामीले त्यसरी नै हेरिनु र व्यवहार गरिनु पर्दछ ।

**(ख) नेपाल कम्युनिष्ट पार्टी (एमाले):** यो पार्टीले प्रारम्भमा आफुलाई नेपालका उत्पीडित जाति-वर्गका जनताको पार्टीको रुपमा स्थापित गर्न कोशीस गरेता पनि हाल आएर यो पार्टी विगतको दशकमा उदय भएका नवपूंजिबादी र ठुलो संख्याको मध्यम वर्गिय निम्न पूंजिबादीहरुको स्वार्थ रक्षा गर्ने पार्टीको रुपमा बिकास भयो । २०४७ सालको परिवर्तन पश्चात देखापरेका भूईफुट्ट दलाल तथा नोकरशाही वर्गको दबदबा रहेको यो पार्टीमा हाल सैद्धान्तिक रुपले ठुलो विचलन आएको छ । अब यो पार्टी कुनैपनी रंगले कम्युनिष्ट पार्टी रहेन । नत यो पूरै पूंजिबादी पार्टी पनि बन्न सकेका नै छन । यसको ढुलमुले नितिले यसलाई जनताको लोकतन्त्र, राष्ट्रियता तथा जनजिविकाको सबालमा सबै भन्दा खतरनाक पार्टी मान्न सकिन्छ किनकी यसले आफ्नो कमजोर वैचारिक तथा राजनीतिक आधारका कारण आफ्नो अस्तित्व बचाउन जस्तोसुकै अबसरबादी चरित्र प्रदर्शन गर्न सक्छ । हिजो नेपालको उत्पीडित जाति-वर्गको सही प्रतिनिधित्व गर्ने शक्तिको अनुपस्थितिमा उत्पीडित जाति-वर्गका ठुलो संख्याका जनताहरु यस पार्टीमा आबद्द भएका थिए तर यसले कालन्तरमा आएर संविधान सभाको अवशान र उत्पीडित जाति-वर्गको जनताहरुको मुक्तिको सबालमा खेलेको पूरै नकरात्मक भूमिकाबाट त्रशित हुँदै यस पार्टी भित्र आबद्द उत्पीडित जाति-वर्गका नेता तथा कार्यकर्ताहरुको ठुलै पंक्तीले यस पार्टीसंगको आफ्नो सम्बन्ध बिच्छेद गरे । त्यसपश्चात भने यो पार्टी नेपालका प्रथम राष्ट्र, स्व-देशी जनताहरु लगाएत अन्य संपूर्ण उत्पीडित जाति-वर्गका जनताहरु प्रति पूरै पूर्वाग्राही र प्रतिशोधकारी देखिएका छन । अब हाम्रो निशानामा यो पार्टी सबै भन्दा पहिलो हुनु पर्दछ किनकी यो पार्टी राष्ट्रिय मुक्ती क्रान्तिलाई पूरै समाप्त पार्ने गरि अघी बढ्नेछ ।

**(ग) नेपाल कम्यूनिष्ट पार्टी (माओबादी केन्द्र):** विक्रम सम्बत २००६ सालमा गठन भएदेखी नै अपुरा रहेको कम्यूनिष्ट पार्टीको शशस्त्र संघर्षको कार्यदिशा नेपाली बामपन्थी कम्यूनिष्ट संघर्षको ईतिहासमा विक्रम सम्बत २०४३ सालमा पूनः सैद्धान्तिक रुपमा सशस्त्र विद्रोहको कार्यदिशा अन्तर्गत दिर्घकालिन जनयुद्धको कार्ययोजना पारित गरी २०५२ सालबाट कार्यन्वयन गर्ने तत्कालिन नेकपा (माओबादी) हो । यो पार्टीले नेपाली राजनीतिक ईतिहासमा करिब विश्वभरी असफल र अस्विकृत हुँदै गरेको मालेमाबादलाई नेपाली सन्दर्भमा प्रचन्डपथको रुपमा संश्लेसित गर्दै २१औं शताब्दीको जनबाद बिकासको स्तरसम्म दिर्घकालिन जनयुद्धको योजनालाई केहीहदसम्म सफल पार्ने क्रममा ठुलो भूमिका खेल्यो । २०५९ साल तिर जब जनयुद्ध आफ्नो बिकासको उच्चतम स्तरमा थियो त्यसबेला नेपाली राजनीति पूरै विभाजित जस्तै हुँदै थियो । मुलुकभित्र र बाहिर जनयुद्धलाई प्रत्यक्ष अथवा परोक्ष रुपले समर्थन गर्नेहरुको संख्या वृद्धि भईरहेको थियो । देशभित्र राजनीतिमा ठुलठुला घट्ना-परिघट्नाहरु घटिरहेका थिए । राजा बिरेन्द्रको वंश नाश भई ज्ञानेन्द्र राजगद्दीमा आसिन थिए र उनको यो राजनीतिक अस्थिरताबाट ठुलै राजनीतिक फाईदा लिने योजना बाहिर प्रकट भईसकेका थिए । उनको २०५९ जेष्ठ १८ गतेको कदम र माघ १९ गतेको कदम पूरै जनविरोधी थियो । तर त्यहीबेला नेपालको एक मात्र उत्पीडित जाति-वर्गलाई प्रतिनिधित्व गर्ने दक्षिणपन्थी क्यापिटलिष्ट र बामपन्थी कम्युनिष्ट पार्टी भन्दा फरक

तथा स्वतन्त्र मध्यबामपन्थी ईण्डिजीनिष्ट शक्तिको रुपमा उदाउँदो तत्कालिन सद्भावना पार्टी तथा जनमुक्ती पार्टीका तत्कालिन नेतृत्वले उदयमान राष्ट्रिय मुक्ती आन्दोलनप्रति गद्दारि गर्दै राजाको कदमलाई सहयोग गर्न पुगे । उता तत्कालिन नेकपा (माओबादी)को वर्ग संघर्षमा राष्ट्रिय मुक्तीलाई समाहित गर्दै लैजानेक्रममा जनयुद्द दिन दुइगुणा रात चौगुणा बढीरहेको र यता भने राष्ट्रिय मुक्ती क्रान्तिलाई नेत्रित्व गर्नु पर्ने शक्ती पूरै दक्षिणपन्थी अवसरबादमा फसेको बेला गैरकम्यूनिष्ट राष्ट्रिय मुक्ती क्रान्तिको योद्धा कार्यकर्ताहरु विलखबन्दमा थियो । त्यही बेला तत्कालिन नेपाल स्वतन्त्र विद्यार्थी मोर्चाका विद्यार्थी नेताहरूहरु पार्टीको त्यसखाले दक्षिणपन्थी अवसरबादको भण्डाफोर गर्दै माउ पार्टीसंग सम्बन्ध विच्छेद गरे र नेपालमा एक नयाँ शक्ती जन्मियो संघिय लोक्तान्त्रिक राष्ट्रिय मन्च जस्ले प्रथम संविधान सभाको निर्वाचनमा राष्ट्रिय मुक्ती क्रान्तिको निमित्त स्थापित भएका पार्टीहरु मध्य सबै भन्दा बढी मत ल्याए । त्यही बेला जब तत्कालिन नेकपा (माओबादी) जनयुद्दको उच्चतम बिकासको चरणमा थियो, नेपाल स्वतन्त्र विध्यार्थी मोर्चाका तर्फबाट विश्लेशण गरिएको थियो कि अन्ततः नेकपा (माओबादी) निम्नपूँजिबादी भासमा फस्नेछ र यसले वर्तमान जनयुद्दमा हामीलाई फगत उपयोग गर्नेछ । त्यसबेला देशका युवाहरुमा नेकपा (माओबादी) तर्फ एकखालको आकर्षण थियो तर ने.स्व.वि.मो. का युवा नेताहरू भने माओवादी ईतरका राष्ट्रिय मुक्ती क्रान्तिलाई अगाडि बढाउने शक्ती निर्माण हुनै पर्छ भनी कसरत गरिरहेका थिए तर त्यो अभ्यास कतै स्थापित भने थिएन र यो एक सानो समुह विच भईरहेको थियो । आज लाग्छ यो समुह कति सहि रहेछौं अन्ततः वर्तमान नेकपा (माओबादी केन्द्र) निम्नपूँजिबादी सम्सोधनबादको भासमा पूरै फस्न पुग्यो र हेटौंडा महाधिवेशन पश्चात त्यसको औपचारिक घोषणा गरियो । अन्ततः प्रचन्ड र बाबुरामको २१औं शताब्दीको जनबाद एउटा निम्नपूँजिबादी अवसरबादमा फस्यो । हाल आएर यो पार्टीको षड्यन्त्र नेपालका उत्पीडित जाति-वर्गका जनताहरुलाई प्रष्टै भयो जुन षड्यन्त्र अन्तर्गत यो पार्टीले राष्ट्रिय मुक्ति मोर्चाहरू मार्फत जनयुद्धमा होमिएका योद्दाहरुलाई उनिहरुको निम्नपूँजिबादी आकंक्षा पूर्ती गर्ने साधनको रुपमा प्रयोग गर्‍यो । हाल प्रचण्डले त्यो कुरा सगौरव अभिव्यक्त गर्न थालएको छ कि जनयुद्दमा १७००० युवाहरुको बलिदान एक प्रयोग थियो । तर यो अचम्म भने भएको हैन किनकी विश्वका कम्यूनिष्टहरु विशेषत: लेनिन-स्टालिनदेखी नै राष्ट्रिय मुक्ती जनाकंक्षालाई उनिहरुको कथित वर्ग संघर्षमा समाहित गर्ने र शक्ती प्राप्ती पश्चात राष्ट्रिय मुक्ती योद्दाहरुलाई बलाद अपमानित गर्ने र उनिहरुलाई हिजोका प्रतिकृयाबादी शक्तिसंगै मिलेर समाप्त पार्ने गरी आएको हो । यस बिषयमा कुनै बेलाको कलिलो बामपन्थी कम्यूनिष्ट गुरिल्ला रहेका वर्तमानका बोलिभियाली राष्ट्रपती र उपराष्ट्रपती क्रमशः ईभो मोरालेश र अल्बारो गार्शिया लिनेराको अनुभव हामी ईण्डिजिनिष्टहरुको निमित्त महान शिक्षावर्दक छ । उनिहरुले विश्वका सबैखाले कम्यूनिष्ट विद्रोहहरुले संसारको ईतिहासमा एक महान लज्जा जनाउंछ किनकी विद्रोह पश्चात नेताहरु हिजोका वर्ग दुश्मन भनिएका प्रतिकृयाबादीहरुको निजी कम्पनी र NGO हरुको नियन्त्रणामा पुगेको हुँदा हिजो उनिहरुको विद्रोहले ऐतिहासिक लज्जा बोध गराउंछ भनिएको छ । आज नेपालमा पनि ठ्याक्कै त्यही भएको छ जुन अन्यत्र भएको छ । हाल नेकपा (माओबादी केन्द्र) नत वर्ग-संघर्षलाई टुङ्गोमा पुर्‍याउन सक्छ न राष्ट्रिय-संघर्षलाई टुङ्ग्याउने ईच्छा नै राख्छ । यो फगत आफ्नो सत्तास्वार्थको निमित्त सबै कुरालाई उपयोग गर्ने उपयोगबादमा फसेको छ । तर हाम्रो मूल दस्तावेजमा भनिए जस्तै जसै नेपालका ईण्डिजिनिष्ट शक्ती राजनीतिक रुपमा बलियो हुँदै आउनेछ तसै नेपालका नक्कली बामपन्थी कम्यूनिष्टहरुलाई ठुलै चुनौती थपिने छ र त्यसमा पनि सबै भन्दा ज्यादा नक्कली र उपयागवादी नेकपा (मा.के.) पूरै सिद्धिने छ ।

**(घ) नेकपा (विप्लव):** यो पार्टी जब जनयुद्दको मुल नेत्रित्वमा निम्नपूँजिबादी अवसरबादको विचलन आयो त्यसको विरोध गर्दै बन्यो तर यो हाल उग्रबामपन्थी धारमा हिडिरहेको छ । यो शक्ती वास्तव मै सांच्चिकै क्रान्तिकारी कम्यूनिष्ट शक्तिको रुपमा बिकास हुने सम्भावना क्षीण भएको हुँदा यसले पनि हिजोका कम्यूनिष्टहरुले जस्तो राष्ट्रिय संघर्षको सवाललाई उपयोगबादको नितीमात्र लिएमा यो पार्टीसंग हाम्रो ठुलै अन्तर्विरोध हुनेछ ।

(**ङ) मधेशी राष्ट्रिय मुक्ति शक्तिहरु:** मधेशी राष्ट्रिय मुक्ति शक्तिहरु पनि विश्व राष्ट्रिय मुक्ती क्रान्तिबाट नै प्रेरित छन तर यो ज्यादा निम्नपूँजिबादी अवसरबादबाट ग्रसित छ । यो शक्ती निर्माण हुनुमा मधेशको सामाजिक-राजनीतिक वस्तुस्थिती मात्र कारक हैन र थिएन बरु उत्तर-जनयुद्ध कालिन विशिष्ट राजनितिक वस्तुस्थितीजन्य कार्यनिती प्रमुख आधार थियो । नेकपा (माओवादी)लाई तत्कालिन भू-राजनितिक वस्तुस्थितीजन्य कार्यनितीक आवश्यकता र गणतन्त्रात्मक व्यवस्थाको रणनितीक महत्वको आधारमा उसको उग्रबामपन्थी कम्युनिष्ट आतंकवादी नितीमाथिको दृढ विश्वासका वावजुत प्रत्यक्ष सरोकारवाला मुख्यतः आन्तरिक तथा वाह्य लोक्तान्त्रिक शक्ती (गठवन्धन)ले सम्मान जनक राजनीतिक अवतरण र सत्ता साझेदार गर्ने निर्णय मुताविक तत्कालिन संसदवादी ७ दलहरु र तत्कालिन नेकपा (माओवादी) विच १२ बुँदे दिल्ली सहमति पश्चात सहज मार्ग प्रसस्त गरियो । यो ऐतिहासिक राजनीतिक घट्नाक्रमको बिकासलाई नेकपा (माओवादी)को भने समग्रमा केन्द्रिय सत्ता कब्जा गर्ने फौजी रणनितीको एक कार्यनितीमात्र हो भन्ने विश्लेषण र ठहर थियो । केन्द्रिय सत्ता कब्जाको रणनिती भित्रै पर्दथ्यो उनिहरुको संविधान सभाको निर्वाचन गर्ने माग यसर्थ निर्वाचन अगाडि उनिहरुले आफ्नो जनमुक्ती सेनालाई विघठन गर्न अस्विकार गऱ्यो र क्यान्टोनमेन्टमा राखियो । माओवादीको प्रथम कार्यनितिक लक्ष्य संविधान सभामा वहुमत हासिल गर्ने र त्यस मार्फत वैधानिक विधीबाटै केन्द्रिय सत्ता कब्जा गर्ने थियो । यदि यो कार्यनिती असफल भएमा संविधान सभालाई असफल पार्ने र सहरी विद्रोह मार्फत सत्ता कब्जा गर्ने रुसी अक्टोबर क्रान्तिको भद्दा नक्कल थियो जसको लागि पार्टीले ठुलो मात्राको जनमुक्ती सेनाका सदस्यहरु सम्मिलित यङ कम्युनिष्ट लिग (वाईसीएल) गठन गरेको थियो भने क्यान्टोन्मेन्टमा जनमुक्ती सेना उच्च तालिम र हतियारद्वारा सुसज्जित हुँदै थियो ।

नेकपा (माओवादी)को गैर-राजनितिक तथा अवसरवादी चरित्र र उसको केन्द्रिय सत्ता कब्जा गर्ने रणनिती अन्तर्गत बिभिन्न कार्यनितीहरुबारे ज्ञान रहेका आन्तरिक तथा वाह्य शक्ती सम्मिलित संस्थापनहरुको निमित्त सबै खाले चुनौतीका वावजुत माओवादीको लोक्तान्त्रिकिकरण गर्नै पर्ने वाध्यता थियो । त्यसको निमित्त माओवादीको हातमा अधिक शक्ती जाने वा रहने अवस्थालाई रोक्नै पर्ने वाध्यता थियो । संविधान सभा निर्वाचन पनि गर्नै पर्ने र जसरी भए पनि बहुमत हासिल गर्ने माओवादी कार्यनितीलाई पनि असफल पार्नै पर्ने अवस्था थियो । तत्कालिन सात दलहरु आन्तरिक शक्ती प्रतिष्पर्धामा माओवादी अगाडि निरिह थियो । झन हिमाल र पहाडको जनसंख्याहरु माझ माओवादी धेरै लोकप्रिय थियो र पुरै आफ्नो लालकिल्ला निर्माण गर्न सफल थियो । अधिकांश माओवादी नेताहरु उच्च शिक्षा हासिल गरेका पहाडी शिक्षित वुर्जुवाहरुबाट निर्मित भएको हुँदा मधेशमा भने साँस्कृतिक-सामाजिक, राजनीतिक तथा आर्थिक विशमताका कारण माओवादी पार्टी तथा नेताहरुको पकड हिमाल र पहाडको तुलनामा ज्यादै कम थियो ।   ।

पहिलो संविधान सभाको निर्वाचनमा जनयुद्दबाट आएको शक्ती नेकपा (माओबादी)लाई पूर्णबहुमतको अवस्थाबाट रोक्न सक्ने शक्ती अब तत्कालिन सात दल भित्रको संसदबादी दलहरुसंग थिएन र पहाडमा राष्ट्रिय मुक्ती

पक्षधरहरु पुरै नेकपा (माओबादी)को पक्षमा थियो केही नगन्य संगठनहरु बाहेक । तत्कालिन संघिय लोक्तान्त्रिक राष्ट्रिय मन्चको प्रमुख पहलमा बनेका संघिय गणतान्त्रिक राष्ट्रिय मोर्चा आन्दोलनमा त थियो तर राजनीतिक हैसिएत भने बनाउन सकिरहेको थिएन तसर्थ उनिहरु कुनै पनि शक्ती केन्द्रहरुको दृष्टिमा राजनीतिक हैसिएतमा थिएन खाली सामाजिक आन्दोलनको हैसियत मात्र थियो आदिबासी जनजाती महासंघको जस्तै । शक्ती केन्द्रहरुलाई माओवादीमाथि जसरी पनि अंकुश लगाउनु थियो । पहाडमा माओवादीको लालकिल्ला थियो जुन तोड्न संभव थिएन । तर मधेशमा भने त्यो संभव देखियो । माओवादी पार्टी विरुद्धको मधेशी राष्ट्रको गौर विद्रोह नेकपा (माओवादी)लाई लोक्तान्त्रिकीकरण गर्ने र नेपाली राष्ट्रिय मुक्ती आन्दोलनलाई गैर-माओवादी कोणबाट उठान गर्ने सवालमा ऐतिहासिक महत्व राख्दछ । माओवादी एकाधिकार र अधिनायत्व विरुद्धको मधेश राष्ट्रिय मुक्ती विद्रोहको नेत्रित्व तत्कालिन मधेशी जनाधिकार फोरमद्वारा गरिएको भएता पनि विद्रोहको जग २०४० को दशकबाट गजेन्द्र नारायण सिंह लगाएत मधेशी नेता र जनताहरुको लामो अभियानबाट निर्माण भएको सत्य भुल्न सकिन्न । मधेश राष्ट्रिय मुक्ती आन्दोलनको लामै ईतिहास भएता पनि क्रान्तिको सैद्धान्तिक, राजनीतिक, भौतिक, सँगठानिक तयारी बिना नै नेताहरुले जबर्जस्त हिंसाको प्रयोग गरी विद्रोह गरायो तर अन्ततः यो पूरै निम्नपूँजिबादी अवसरबादमा फस्न पुग्यो र मधेशी शक्तिहरु विचार बिनाको स्वार्थी नेताहरुको झुन्डामा परिणत हुँदैछ । अब यो शक्तिले यदि हिजोकै अवस्था आर्जन गर्नु छ भने एक निर्दिष्ट क्रान्तिकारी विचारधाराबाट बिकास भएको कार्यदिशात्मक धाराद्वारा निर्देशित भई क्रान्तिकारी नयाँ नेत्रित्व र योजना बिकास गरी सिंगो राष्ट्रिय मुक्ती क्रान्तिसंगै समाहित हुँदै अघी बढेमा मात्र संभव छ भन्ने कुर बुझ्न सक्नै पर्छ ।

**(छ) अन्य राष्ट्रिय मुक्ती क्रान्ति आान्दोलनहरूः** मधेश राष्ट्रिय मुक्ती आन्दोलन बाहेक पनि मुख्यतः हिमाल र पहाडका राज्यविहिन राष्ट्रहरुको अगुवाईमा विभिन्न राष्ट्रिय मुक्ती आन्दोलनहरु धेरै लामो समयदेखी चलिनै रहेको थियो तर यि आन्दोलनहरु पूरै विभाजित र शक्तिविहिन छन । यसो हुनुमा उनिहरुमा रहेको गैरराजनितिक चिन्तन हाबी छ । उनिहरु एकखालको संघ-संस्था (NGO) मानसिकताबाट मुक्त भई उनिहरुमा वास्तविक जाति-वर्ग चेतना बिकास भएको छैन । यसर्थ उनिहरु जसलाई पनि क्रान्तिकारी देख्ने वा दुश्मन देख्ने जस्ता अवैज्ञानिक चिन्तन जुन मूलतः मनोगतमात्र छन त्यसैको सिकार भईरहेका छन । उनिहरु मध्य अधिकांश त आफ्नो निम्नपूँजिबादी आकंक्षालाई पुरा गर्न कि त संघ-संस्था (NGO) रुपमा वा हैन भने सानो झुन्डा बनाएर राज्यसंग बार्गेनिङ गर्ने गर्दछ । यसलाई राजनीतिक भाषामा आधिक बोली लगाउने मोडेल भनिन्छ जहाँ कुनै एक समुह आफुलाई कुनै एक जाति-राष्ट्रको वास्तविक प्रतिनिधि हौं भनी सानो-तिनो आन्दोलन गरी राज्य अगाडि बोली लगाउँछ र केही सुबिधा र सहुलियत प्राप्त गरी आन्दोलनलाई आफ्नो निम्नपूँजिबादी आकंक्षा पुरा गर्ने साधन बनाउछ । यि आन्दोलनहरुमा सहभागी नेता तथा कार्यकर्ताहरुमा यदि स्वदेशवादको दर्शनद्वारा लैस बनाउँदै वर्तमानको (आइ)एनजीओ चेतनाबाट राष्ट्रिय चेतना बिकास गर्दै राज्यत्वको दावी गर्ने राष्ट्रिय मुक्ती क्रान्तिको अग्रगस्ताको रुपमा तयार नबाउने हो भने आन्दोलनहरु उनिहरुको निम्नपूँजिवादी आकंक्षा पूर्ती गर्न राज्यसँग पटक पटक बोली लगाउने क्रम जारी रहँदा अन्ततः सिंगो आन्दोलन नै outbidding model मा फस्न पुग्नेछ र विना उपल्ब्धी आन्दोलन विसर्जन हुनेछ ।

यस बिषयमा स्मरण रहोस हामीले राष्ट्रिय मुक्ती क्रान्तिमा अन्तर्निहित यही समस्याको निराकरण गर्न महान बहस चलायौं । हामीले नेपालको राष्ट्रिय मूक्ती क्रान्तिको चार तयारी आवश्यक महशुस गरी सर्वप्रथम सैद्धान्तिक तयारीको शुरुवात गरियो र लामो (तीन बर्ष) आन्तरिक बहस पश्चात तयार पारिएको सैद्धान्तिक अवधारणालाई एक राजनीतिक दस्तावेजको रुपमा छलफलको लागि प्रस्तुत गरिएको छ ।

# Part- II

## प्यारडाईम सिफ्टः कम्युनिष्ट पतन तथा ईण्डिजीनिष्ट उदय

*हामी "ईण्डिजीनिष्ट" शब्द प्रयोग गर्छौं "ईण्डिजीनस" होईन किनकी यी बौद्धिकहरू सबै ईण्डिजीनस होईन यद्दपी सबै ईण्डिजीनिज्मसँग अवद्ध छन । [18]*

## १. प्रारम्भः

२०६२/६३ को जनआन्दोलन र माओवादी दश वर्षे जनयुद्ध लगायत यहाँका मधेसी, मुश्लिम, आदिवासी जनजाति, पिछडावर्ग आदिको निरन्तर संघर्ष मार्फत यहाँ केही वर्षहरु मै अनुमान गरिएको भन्दा अधिक परिवर्तनहरु भए। २५० वर्षको शाही राजतन्त्र समाप्त पारी संघिय लोकतान्त्रिक गणतन्त्रको बाटोमा हाम्रो देश आइपुग्दा हालसम्म जनआकांक्षाहरुको सहि सम्बोधन र परिवर्तनको सहि संस्थागत हुन सकेनन् । यी परिवर्तनहरुको पछाडि महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला शक्तिहरुको संलग्नता रहेको सर्वविदितै छ। त्यसकारण यी परिवर्तनहरु संस्थागत गर्न पनि धेरै शक्तिहरुको बीच सहमति बन्नु अति आवश्यक ठहर भएको छ। तर, राजनीतिक क्रान्ति र परिवर्तन पश्चात क्रान्तिकारी शक्तिहरु ती परिवर्तनहरु संस्थागत गर्न एकजुट बन्न सकेनन् । उनीहरुको चरित्रमा आएको फेरबदल यति नाटकीय जस्तो बुझिन्छ कि परिवर्तनहरु अचानक भएको जस्तो अनुभूति हुन्छ। त्यस्तो बेला नयाँ शक्तिहरुको काँचोपना, केही अपरिपक्वता, केही लफ्फाजी, केही हतारो तथा शक्ति विहिन बन्न पुगेका पुराना शक्तिहरुको परिवर्तन नस्वीकार्ने वा सकेसम्म उल्टाउन खोज्ने प्रवृतिहरुको कारण परिवर्तनलाई संस्थागत गर्ने बाटो रोकिन्छ। कहिलेकाहीं त प्राप्त उपलब्धीहरु समेत गुम्न पुग्दछ। त्यस्तै स्थायित्व प्रतिको ज्यादा लगावले केही कष्मेटीक परिवर्तन मात्र हुने र सारमा पुरानै यथास्थिति कायम रहने हुन जान्छ। नेपाल अहिले यस्तै दोसाँधमा फँसेको छ।

मुलुकलाई पुर्ण लोकतान्त्रिकरणको बाटो तर्फ अगाडि बढाउने सवाल नेपालका प्रमुख भनिएको राजनितिक शक्तिहरू पुरै अनिर्णयको बन्दी बनेको बेला यहाँका दक्षिणपन्थी काँग्रेस शक्ति र वामपन्थी कम्युनिष्ट शक्तिहरु आ-आफ्नो राजनीतिक कित्ता मजबुत बनाउन प्रयासरत छन्। यसको लागि उनीहरुले सडक, सदन र सरकारको मोर्चाहरुमा अधिकतम प्रभाव कायम राख्न प्रतिस्पर्धारत देखिन्छन् । यसरी उनीहरु ध्रुविकरणको बाटो पक्रन खोजेकोले राजनीतिक वृतमा देखापरेका ध्रुविकरणबाट अतिवादी शक्तिहरु दाँया र बाँया (दुवैतिर) आफ्नो ठाउँ बनाउन थाले। यो ध्रुविकरणले अन्तर्राष्ट्रिय शक्तिहरु समेत प्रभावित हुन पुगी राजनीति नयाँ कोर्ष लिन बाध्य भयो। यसले संकटको पुनरूत्पादन मात्र गरेको पाइन्छ। यस्तो बेला यहाँका उत्पीडित जनताका जायज मुद्दाहरु राजनीतिक वहसमा उठ्ने गरेको त छ तर वाम कम्युनिष्ट शक्ति वा दक्षिणपन्थी काँग्रेस शक्ति आ-आफ्नो राजनीतिक कित्ता मजबुत पार्न मात्र उपयोग गर्ने गरेको स्थिति छ । यो एकखालको राजनीतिक मुद्दाहरुको खेलवाड हो जुन खतरनाक सावित हुने नै भए।

आधुनिक राजनीतिमा जनतामा अन्तरनिहित सार्वभौमसत्ताको प्रयोग जनताबाटै निर्माण हुने राजनीतिक दलहरु मार्फत हुने हो। सामन्ती युगमा जस्तो धर्मशास्त्रद्वारा वैध बनाइएका वंशानुगत राजतन्त्रमा सार्वभौमसत्ता निहित रहने विषय एकादेशको कथा बनिसके। तसर्थ, सार्वभामसत्ताको प्रयोग जनताद्वारा निर्मित राजनीतिक दलहरुले वालिग मतको आधारमा गर्न पाउने विषय पनि संविधान प्रदत अधिकारको प्रयोग मार्फत हुने हुँदा त्यो पूर्णतया जनहितको लागि गर्ने हो । यसलाई दोहरो सार्वभौमिकताको सम्बन्ध परिभाषित गरिएको हुन्छ । नेपालमा संविधान-२०७२ जारी गर्दा यसले शान्ति प्रक्रियाको तार्किक निष्कर्ष दिने प्रयोजन लिएको थियो। तर परिणाम उल्टो देखिए किनकी क्रान्तिकारी भनिएका दलहरुको प्रवृति नश्लवादी र चरित्र अवसरवादी हुनुले त्यही संविधान कार्यान्वयन गर्न सकस परेको देखिन्छ। अर्थात् यसले राजनीतिक क्रान्ति अधुरा रहेको प्रमाणित भइसके जुन

अधुरो क्रान्ति अबको राष्ट्रिय मुक्ति क्रान्ति मार्फत मात्र सम्भव हुने देखिन्छ । विकल्प सहितको विद्रोह मार्फत अबको क्रान्तिलाई तार्किक निष्कर्षमा पुरयाउने गरी राजनीतिको नयाँ कोर्ष तयार पार्ने हो ।

## २. वामपन्थी कम्युनिष्ट औजारवाद :

संसारभरी कम्युनिष्टहरुले द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो ज्ञानको श्रोत मान्दै आएका छन् । उनीहरुले त्यसका निमित्त समाजमा रहेका पूँजीपति र मजदुर बीचको द्वन्द्व, सामन्ती र गरीब किसान बीचको द्वन्द्व अथवा शासक र शासित बिचको द्वन्द्वको अन्त्य नीजि सम्पतिको अन्त्य मार्फत हुने बताउँछन् । यसलाई उनीहरुले वर्ग संघर्षको रुपमा बुझ्दै आए । नेपालका वामपन्थी कम्युनिष्ट शक्तिहरुले यसलाई शाश्वत सत्य माने तर यी तर्कहरुको पछाडि उनीहरुको मुक्तिको आकांक्षा थिएन । यसलाई खस क्षेत्री एकता समाज (आदिवासी/जनजाति) को केन्द्रीय समितिबाट पारित कार्यनीति र कार्यदिशामा भनिएको छ-

*सामन्तवाद, नोकरशाही, दलाल पूँजीपतिको सर्वसत्तावाद, वाहुनवाद, साम्राज्यवाद, विस्तारवाद, वैदेशिक एकाधिकार पूँजीवादसँगको जातीय मुक्ति आन्दोलनको अन्तरविरोध देखाउँदै आन्तरिक र वाह्य अन्तरविरोध, त्यस्तै प्रधान र गौण अन्तरविरोध, र प्रधान शत्रु किटान गर्नु एक जमानाको कम्युनिष्टले राज्यसत्ता कब्जा गर्ने रणनीतिको नक्कल सिवाय केही होइनन् । यो हाम्रो आफ्नै धरातलीय यथार्थ मुल्याङ्कन पनि होइन् ।*

अन्तरविरोध सम्बन्धि बुझाईको थप विश्लेषण गर्दै उक्त कार्यनीति र कार्यदिशामा भनिएको छ-

*हाम्रो समाजमा वर्गको विकासको कडि नै वर्ण हो । यसर्थ सामन्तवाद, नोकरशाही, दलाल पूँजीपतिवर्ग भनेकै केही अपवादलाई हटाएर वाहुनवादी एकल जातीय सर्वसत्तावादको प्रतिबिम्ब मात्र हो । यसैले प्रमुख अन्तरविरोध भनेकै वाहुनवाद र राष्ट्रिय मुक्ति आन्दोलन बीचको अन्तरविरोध हो । यसैले प्रहारको केन्द्रविन्दु कुनै बुख्याँचा उभ्याएर हैन सिधै वाहुनवादी सर्वसत्तावादमा केन्द्रत हुनु पर्दछ ।*

उपरोक्त तर्कहरुको विश्लेषण हेर्दा यसले नेपालको मात्र नभै समग्र दक्षिण एसियाको ऐतिहासिक कालदेखिको मूल अन्तरविरोधको सहि विश्लेषण सहित ठोस निष्कर्ष निकाल्न सफल भएको देखिन्छ । यसलाई राष्ट्रिय मुक्ति क्रान्तिमा आत्मसात गरेर लानु जरुरी छ ।

हामीलाई थाहा भएकै कुरा हो कि विश्व मानव समाजको इतिहास "जाति-वर्ग संघर्ष"को इतिहास हो । अझ भनौं ऐतिहासिक जाति-वर्ग संघर्ष मानव जीवन तथा इतिहासको अविछिन्न हिस्सा रहि आएको छ र मानव इतिहासको इतिहास भित्र जातीय, तथा वर्गीय रुपमा हुँदै आएको असमानता, शोषण, अन्याय, बन्धन, दमन, एकाधिकार आदिबाट मुक्ति पाउन सयौं संघर्षहरु भएको पाउँदछौं । यसैबाट विश्व मानव इतिहासमा भएका सबै किसिमको संवृति तथा विकासहरुको ढोका खुलेको छ । नेपालका प्राकृतिक मानव समुह लगायत अन्य उत्पीडित वर्ण, वर्ग, लिङ्ग, समुदाय, क्षेत्रका जनताहरुले पनि विगत लामो कालखण्ड देखि आफु विरुद्ध थोपरिएका जातीय, वर्णीय, वर्गीय, लैङ्गिक, सामुदायिक र क्षेत्रीय अन्याय, असमानता, बन्धन, दमन, एकाधिकार आदिबाट मुक्ति पाउन संघर्ष गर्दै आएका छन् । २००८ साल देखि नै वामपन्थी कम्युनिष्टहरु यसखाले संघर्षलाई वर्ग संघर्ष भित्र सैद्धान्तिकरण गर्दै पटक पटक संघर्षको औजार बनाए जबकी २०४७ साल पश्चात यो एकखाले नवसामाजिक आन्दोलनको रुपमा संसारभरी नै सैद्धान्तिकरण हुँदै आएको छ । अर्थात् यसले अबको शक्ति संरचना, शक्ति वितरण तथा शक्तिको वैधता निर्धारण गर्दा राजनीतिक नमूना हिजोको अर्थ- राजनीतिक नमूना रहेन । त्यो अर्थ-राजनीतिक नमूना पहिचानको राजनीतिक नमूनाको रुपमा रुपान्तरण भईसके ।

### ३. कम्युनिष्ट पतन तथा ईण्डिजीनिष्ट उदय :

दक्षिण एसियाको राजनीतिक प्रतिस्पर्धा नेपाल बाहेक अन्यत्र कम्युनिष्ट मुक्त क्षेत्र सफल हुँदा नै प्रगतिको ढोका खुल्यो । नेपालका सबै कम्युनिष्ट नक्कली हुन् र उनीहरु जनतालाई ध्रुविकरण त गर्न सके तर सिर्जनात्मक बनाउनु भन्दा परनिर्भर बनाउन अधिक मेहनत गरेको परिणामले देखायो । यसको मुल कारण ती घटकका नेतृत्वहरु अभिजात रुपमा नै नश्लीय र वंशीय परम्पराबाट ग्रसित देखिए । उनीहरुले वर्ग संघर्षको नारा उचाले पनि सारमा बुर्जवा अवसरवादी देखिए भने पटक पटकको सशस्त्र संघर्षमा यहाँका स्व-देशी समुदायको मनोविज्ञानलाई उपयोग गर्दै शक्ति आर्जन गरे । ती नेतृत्वकर्ताहरुलाई अभिजात वर्गका आफ्नै वंशसँग राजनीतिक नेगोसिएशन गर्न हैसियत प्रदान गरेको स्थिति बीच हिजोका आकर्षक आईएनजीओ/एनजीओ तथा प्रतिष्ठित व्यापारिक केन्द्रहरुको कठपुतली बन्दा ती नेतृत्ववर्ग अब सम्मान गर्न लायक छैनन् । भारतमै पनि एथनिक पार्टीहरुको स्थायित्व तथा गतिशिलताले त्यहाँका कम्युनिष्ट शक्तिको स्पेश खुम्चिदै गएर हाल उनीहरुको अस्तित्व रक्षात्मक बनेको छ । तसर्थ, राजनीतिक प्रतिस्पर्धा सहितको कम्युनिष्ट मुक्त क्षेत्रको रुपमा नेपाललाई उभ्याउँदा निम्न बमोजिमको तयारी पुरा गर्नु पर्दछ :

**(क) आधार संरचनामा दवाव र जागरण :**

वर्तमान वुर्जुवा सत्ताको वास्तविक विपक्षी शक्ति नै यहाँका ईण्डिजीनिष्ट शक्ति हुन । राज्य उत्पीडनबाट मुक्ति खोजीरहेका उत्पीडित जाति-वर्गका जनताको राजनीतिक मुद्दाहरुसँग यहाँका बामपन्थी कम्युनिष्ट शक्तिहरु खेलवाड गरे तर ती पेंचिलो मुद्दाहरु अब आफ्नै पहलमा उठाउने जमर्को यहाँका ईण्डिजीनिष्टहरु गर्न थालेको स्थितिमा त्यसलाई किटानी विचार, किटानी नेतृत्व र किटानी योजना मार्फत अगाडि बढाउनु परेको छ । तसर्थ, आधार संरचनामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्दा काउण्टर मोडेलको विषयमा प्रयाप्त गृहकार्य गर्नु आवश्यक देखिन्छ । हामीलाई थाहा भइसकेकै कुरो हो कि राजनीतिको नयाँ कोर्ष हिजोको अर्थ-राजनीतिक नमूनाबाट पहिचानको राजनीतिक नमूनामा रुपान्तरण भयो । राजनीति एकल आयामिकताबाट बहुआयामिकता तिर प्रवेश गरि सके । यो परिवेशसँगै नयाँ व्याख्या प्रणालीको समेत आवश्यकता बोध भएको छ र पहिचान राजनीतिको अर्थराजनीति बारे गहिरो अध्ययन जरुरी छ । यसले मात्र आधार संरचनामा दवाव र जागरणको भूमिकालाई प्रभावकारी बनाउन सहयोग पुरयाउँछ । आधार संरचनामा निम्न योजनाहरु तर्जूमा गरेर कार्यान्वयनमा लाने :

१) राष्ट्रियताहरुको पुनः जागरण अभियान,

३) राष्ट्रिय परिषद/संयुक्त राष्ट्रिय परिषदहरु गठन,

४) लिग अफ द फर्स्ट नेसन्सको गठन ।

**(ख) सामाजिक संरचना :**

सामाजिक संरचना अन्तरगत केही वैचारिक तथा सैद्धान्तिक आधारहरु तयार गर्नु पर्दा वैकल्पिक शक्तिको लागि आवश्यक क्रान्तिकारी अगुवाहरु जो सचेत उच्च चेतनाले लैस भएर क्रान्तिको योजनाले मागेको भूमिकामा आफुलाई परिक्षण गर्न तयार हुन्छन् ती सचेत वर्गको उत्पादन जरुरी ठानिन्छ । तिनै क्रान्तिकारी अगुवाहरुको पहलमा नेपालको राष्ट्रिय मुक्ति क्रान्ति निष्कर्षमा पुरयाउने हो । तसर्थ, सामाजिक संरचना अन्तरगत ज्ञानदवू, एससीआरसी जस्ता अध्ययन केन्द्रको स्थापना काठमाण्डौमा गर्ने र त्यसका शाखाहरु साँस्कृतिक संवाद केन्द्रको

माध्यमद्वारा सबै राष्ट्रियताहरूमा पनि बढाउँदै जाने भनिएको छ । यस मार्फत ईण्डिजीनिष्ट सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक तथा मनोवैज्ञानिक पक्षहरुको अध्ययन र अनुसन्धान गर्ने लगायत दस्तावेजीकरणमा भूमिका खेल्छ। सामाजिक प्रतिरोधी क्षमता विकास गर्नका लागि आवश्यक पक्षहरुको विकास गर्दै त्यसको सुदृढीकरण र मजबुतीकरणमा ध्यान दिने यो संरचना अन्तरगत प्रतिस्पर्धी नेतृत्वको उत्पादन समेत गर्न सकिने छ । जति सशक्त रुपमा यसलाई अगाडि बढाउन सकिन्छ सोही आधारमा यहाँ राजनीतिक नेगोसिएशन पनि सशक्त हुने देखिन्छ ।

**(ग) अधिरचना :**

अधिरचना अन्तरगत शक्तिको खेल हुने भएकोले त्यहाँ राजनीतिक नेगोसिएशन अधिक मात्रामा हुने गर्दछ । यहाँ आधार संरचनामा आएको फेरबदलको सापेक्षतामा राजनीतिक नेगोसिएशन हुन्छ र शक्तिको संरचना फेरबदल, वितरण तथा अभ्यास हुने नयाँ प्यारडायमको विकास हुन्छ। तसर्थ, जनता समाजवादी पार्टी नेपालले उपरोक्त योजनासँग साझेदारी गर्दै तत्कालिन कार्यक्रमहरु सम्पन्न गर्न सक्नु परेको छ । त्यसको अर्को पाटो पनि छ र त्यो भनेको सभ्यताको बीच संसार भरी चल्ने द्वन्द्व हो। भूराजनीतिक हिसाबले नेपाल र भारतबर्षको एउटै (हिन्दु/बौद्ध/स्व-देशी) सभ्यताहरू मेल खान्छ र लोकतन्त्र, सामाजिक न्याय तथा मानवअधिकारको नाममा नेपालमा भित्रिएका पश्चिमा संस्कृति-भाषा तथा मनोदसाहरुले एक किसिमको साम्राज्यवाद खडा गरेको मान्न सकिन्छ। हाम्रो मन मष्तिकलाई नै उपनिवेश बनाउने यसखाले नीतिको कारण ईसाइकरण हुने गरेको छ। नेपालको सन्दर्भमा यो खतरनाक खेल हो । त्यसकारण नेपाल र भारतबर्षका (वैदिक/बौद्ध/स्व-देशी) सभ्यताहरूलाई इसाई सभ्यतासँग प्रतिस्पर्धा गर्नुको अर्थ ज्ञानको तहबाटै उच्च बनाउने कामलाई समर्थन हो तर फेरि पनि अर्को वैदिक/बौद्ध/स्व-देशी सभ्यताको उपनिवेश खडा गर्ने नीति अंगिकार गर्न भने सकिंदैन ।

यस अर्थमा नेपालमा संघीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्रको विषय सरोकारको पक्ष बन्दा हामीले अभ्यास गर्न चाहेको लोकतन्त्र वहुलराष्ट्रिय लोकतन्त्र हुनेमा कुनै शंका छैन। यसले मात्र स्वराजको परिकल्पनालाई मौलिक रुपमा सम्बोधन गर्न सक्छ र राष्ट्रियताको सार्वभौमिकतालाई सहि अर्थमा प्रयोग गर्ने बातावरण बनाउँछ। अर्को बुझ्नु पर्ने कुरा ट्रान्स न्यासनल सार्वभौमिकता अभ्यास गर्ने भरपर्दो आधार वैदिक/बौद्ध/स्व-देशी सभ्यताहरूले प्रदान गर्न सकिने तथ्य सत्य नै हो। यसले ईसाइ प्रबर्द्धन गर्नका लागि उत्साहित जमातलाई विकल्प दिने काम गर्दछ। यो लोकतन्त्रको बढावा दिने गरी सहयोगी उपाय निकाल्ने काम गर्छ। अर्थात वैदिक/बौद्ध/स्व-देशी सभ्यताको छाता मुनी भाषिक, साँस्कृतिक, धार्मिक एवम् आर्थिक तथा राजनीतिक परिवेशको नयाँ आयाम स्थापित गर्दै पूर्विय मुल्य तथा मान्यताको विकासमा टेवा पुऱ्याउन सामर्थ्यवान बनाउँछ। यसले दीगो शान्ति र विकासको ढोका खुल्छ।

**४. काउण्टर मोडेल सम्बन्धमा :** उपरोक्त सबै तह अर्थात् आधार संरचना, सामाजिक संरचना तथा अधिरचनामा निर्मित वर्तमान सत्ताको विकल्प दिन काउण्टर मोडेल विकास गर्नु परेको हो। चार विकल्प र चार तयारीको बलमा यसको विकल्पमा नयाँ सत्ता निर्माण गर्ने काम सम्पन्न गर्ने र यसका लागि वस्तुगत परिस्थिती अनुकुल रहेको बुझ्न सकिन्छ। चार विकल्प र चार तयारीको विषयलाई निम्न अनुसार बुझाउन सकिन्छ-

यस सम्बन्धमा अमेरिकी ईण्डिजीनिष्ट नेता वार्ड चर्चिल निर्देश गर्दछन कि :

*(१) हामीलाई के आवश्यक पर्दछ भने बढी मात्राको मानिसहरुले (राज्य) प्रणालीलाई क्रियाशिल बनाइराख्ने मुख्य पाटोहरु देखि सहमति फीर्ता गर्न प्रभाव पार्ने क्षमता, (२) हामीले काउण्टर मोडेल पनि बनाउनु पर्छ जुन जनताहरुले हेर्न सकोस् र उनीहरु त्यस तर्फ आकर्षित हुन सकोस् जसले (सहमति) फिर्ति तर्फ बढाउँछ र राज्य संरचनाको अपरिहार्यता तर्फ अविश्वास उत्पन्न गराउँछ, (३) राज्यको जिम्मेवारी देखि सेवा क्षेत्रहरुलाई हटाउने र समुदायको हातमा सुम्पने, (४) हामीले चेतना निर्माण गर्न आवश्यक हुन्छ, हामीले एक मनोविज्ञान निर्माण गर्नुपर्दछ, हामीले एक अनुभूतपूर्ण आधार निर्माण गर्नु पर्दछ र हामीले एक सैद्धान्तिक आधार तयार पार्नु पर्दछ ।* [19]

उपरोक्त विकल्पको सहि कार्यान्वयन गर्न निम्न बमोजिमको चार तयारीलाई जोड दिइएको छ-

**(१) वैचारिक तथा सैद्धान्तिक तयारी :** विगतका विद्रोहहरु तथा आन्दोलनहरुमा  उल्लेख्य मात्रामा वलिदान दिइए । तत्पश्चात पनि ती सफल नहुनुको कारण वैचारिक तथा सैद्धान्तिक तयारीको आभाव थियो र नेपाली राष्ट्रिय मुक्ति क्रान्ति सम्पन्न गर्न वैचारिक तयारी प्रधान विषय बन्यो ।

**(२) कुटनैतिक तथा राजनीतिक तयारी :** यसमा आन्तरिक एवम् वाह्य गरी दुई किसिमको तयारी गर्नु पर्ने हुन्छ । आन्तरिक तयारी अन्तरगत प्रतिस्पर्धी तथा सहयोगी शक्तिको पहिचान गर्नु र उनीहरुलाई हाम्रो आफ्नो लक्ष्य प्राप्त गर्न अधिकतम उपयोग गर्ने योजना र क्षमता विकास गर्नु पर्ने हुन्छ । प्रतिस्पर्धी शक्तिले आफु विरुद्ध प्रयोग गर्न सक्ने तत्वहरु जस्तै : जासुसी संयन्त्र, प्रहरी, सेना, अदालत, नोकरशाहीतन्त्र लगायत अन्य संरचना तथा संस्थाहरु आदिलाई कमसेकम तटस्थ बनाउन सक्ने क्षमता निर्माण गर्नु पर्दछ अथवा ती एजेन्टहरुमा पनि न्युनतम प्रभाव पार्ने क्षमता निर्माण गर्नु परेको छ । त्यसरी नै वाह्य तयारी अन्तरगत देश वाहिरको सम्बन्धहरु जस्तै : गैर आवासिय नेपालीहरु माफ्न प्रभावलाई विस्तार गर्नु तथा छिमेकी देशका मित्र शक्ति, व्यक्ति तथा समुह पहिचान गरी सम्बन्ध विस्तार गर्नु लगायत कुटनैतिक नियोगहरुसँग राजनीतिक सम्बन्ध विकास गर्नु पर्दछ ।

**(३) आर्थिक तथा भौतिक तयारी :** वर्तमान युग पूँजीवादी युग हो तर नेपाली समाज पूर्णतया पूँजीवादी भई नसकेको भएतापनि पूँजी नै शक्ति निर्माणको एक आधार बनेको छ । तसर्थ पूँजी निर्माण तथा परिचालनको निमित्त ठोस आर्थिक तयारी हुन जरुरी छ ।

**(४) साँगठनिक तथा संघर्षको तयारी :** संगठनको आभावमा उपरोक्त अन्य तयारी पनि परिणाममुखी बन्न सक्नेछैन । यसर्थ साँगठनिक तयारी अन्य तयारी जतिकै महत्वपूर्ण र जोड दिनु पर्ने विषय हुन । साँगठनिक तयारी गर्न कुशल, अनुशासित, तथा प्रतिबद्ध संगठकहरुको आवश्यकता पर्दछ । राष्ट्रिय मुक्ति आन्दोलनमा त्यस्तो संगठनको आभावमा संघर्षले परिणाम दिन सकेन किनकी क्रान्तिको लागि क्रान्तिकारी संगठनको आवश्यकता पर्छ । यो भित्र मुल्य र आदर्श प्रधान हुने र स्वार्थ गौण विषय बन्दछ जसले मुल्य चुकाउन आन्दोलनकारीलाई प्रोत्साहित गर्छ ।

## ५. विस्तृत कार्ययोजना अन्तरगत चार विकल्प विचको काउण्टर मोडेल :

राष्ट्रिय मुक्ति आन्दोलनको राजनीतिक कार्यदिशाबाट एउटा वैकल्पिक विचार धारा जन्मिन पुगे । वसंसवाद ( वहुलराष्ट्रवाद, संघियवाद, समाजवाद)को विज्ञान आफैंमा प्रतिस्पर्धी विश्वदृष्टिकोण ईण्डिजीनिजम मार्फत समाज रुपान्तरणका लागि प्रयोग हुँदैछ । नेपाली राजनीतिको नविन विश्लेषण हुनु आवश्यक थियो । र राष्ट्रिय मुक्ति क्रान्तिको पहलमा सैद्धान्तिक, वैचारिक धारलाई ठोस गर्न लामो समय देखिको प्रयासले एउटा निष्कर्ष निकाल्न

सफल भयो । नेपाली समाजको ठोस विश्लेषण हुन सके जसलाई जाति-वर्ग संघर्षको नयाँ आयाम भनिएको छ । अर्थात् हाल पर्यन्त मानव समुदायको इतिहास जाति-वर्ग संघर्षको इतिहास भएको तर्कद्वारा प्रमाणित भयो । यस्तै राजनीतिक कार्यदिशामा आधारित भएर नेपाली समाजलाई एकाइशौं शताब्दीमा लोकतन्त्र तर्फ अग्रसर गराउन चार विकल्प र चार तयारीलाई ठोस गर्ने काम भएको छ । विस्तृत कार्ययोजना अन्तरगतका चार विकल्पले विकल्प सहितको विद्रोह माग गर्दछ । यो विकल्पले चेतना निर्माण गर्न आवश्यक छ ; एक मनोविज्ञान निर्माण गर्नुपर्दछ ; एक अनुभूतपूर्ण आधार निर्माण गर्नुपर्दछ र एक सैद्धान्तिक आधार तयार पार्नुपर्दछ । विकल्प (२) र (३) वस्तुगत तथा (१) र (४) आत्मगत विकल्प भएकोले यी सुझावलाई नेपालको सन्दर्भमा राज्य सत्ताको विकल्प दिन जरुरी हुन्छ । त्यसका लागि उपाय खोजी गर्दा निम्न आधारलाई टेक्न सकिन्छ-

(१) स्वशासन विना कर नतिर्ने,

(२) प्रथम राष्ट्रहरुको सत्ता र शासन व्यवस्थाको 3R (Reappraise, Reform, Reintegrate) गर्ने,

(३) प्रथम राष्ट्रहरुको सत्ताको अधिन जनसेवा तथा कर ल्याउने र

(४) वहुलराष्ट्रिय लोकतन्त्र, संघियता तथा समाजवाद अनुसारको वैधानिक प्रावधानहरु लागु गर्ने ।

उपरोक्त उपायहरु कार्यान्वयनका लागि तय भएकोले यसलाई राष्ट्रिय मुक्ति क्रान्तिले चार तयारी पुरा गर्ने भएको छ । हाल वैचारिक सैद्धान्तिक तयारी एकहद सम्म पुरा भएको ठहर गर्दै अन्य तयारी पुरा गर्न जोड दिन आवश्यक देखिन्छ । विशेषगरी विपक्षी शक्तिको चलखेल गर्ने ठाउँ आधार संरचना नै हुन । हामीले आधार संरचनामा जोड दिने र अधिरचनामा ध्यान दिने (रणनितिलाई जोड दिने कार्यनितिलाई ध्यान दिने) काम एक साथ गर्न अग्रसर बन्दै यसको कार्यान्वयन गर्दा उपरोक्त पार्टी संरचना र सत्ता संरचना अबलम्बन गर्दै व्यवस्थित र चुस्त बनाउन उति नै अनिवार्य ठानिनुपर्छ । अर्थात् चाहिएको परीणाम ठोसमा निकाल्न सक्नुपर्दछ ।

### ५.१. राष्ट्रियताहरुको पुनः उत्थान घोषणा अभियान :

आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र (युएनड्रीप)को प्रस्तावनामा उल्लेख भएको परिच्छेद १६ अनुसार “संयुक्त राष्ट्र संघीय बडापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि एवं भियना घोषणा पत्र र कार्ययोजनाले सबै मानिसहरुले आफ्नो राजनीतिक स्थिति बारे स्वतन्त्रतापूर्वक निर्णय गर्ने र आफ्नो आर्थिक, सामाजिक र साँस्कृतिक विकासको स्वतन्त्र रुपमा खोजी गर्ने आत्मनिर्णयको अधिकारको मौलिक महत्व प्रति सहमति जनाउँदछ ।” भन्ने कुरालाई मान्दै धारा ४ बमोजिम आदिवासी जनतालाई आत्मनिर्णयको आधिकार हुन्छ र उनीहरुको आत्मनिर्णय सम्बन्धि अधिकार र उपयोग गर्दा आफ्ना आन्तरिक तथा स्थानिय मामिलासँग सम्बन्धित कुराहरु एवं स्वशासनको अधिकार हुन्छ । जहाँसम्म धारा ५ ले आदिवासी जनताहरुलाई आफ्नो पृथक राजनीतिक, कानुनी, आर्थिक, सामाजिक तथा साँस्कृतिक व्यवस्थालाई कायम राख्ने तथा सबल बनाउने अधिकार हुन्छ भनी सहमति जनाएको छ; यस अनुरुप आदिवासी प्रथम राष्ट्रका जनताहरुको लागि उनीहरुको स्वायत्त इलाका बनाउने तथा राजनीतिक इकाइहरु पुनरावृति गर्ने र व्यवस्थापन गर्दै आदिवासी जनतालाई विकास तर्फ अग्रसर गराउन जरुरी छ । यसैको पक्षमा धारा २१(१)ले समेत समर्थन जनाएको छ भने घोषणा

पत्रको धारा ३४ र ३६मा विस्तारमा आदिवासी जनताहरुलाई अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डहरु अनुरुप आफ्ना संस्थागत संरचना र आफ्ना पृथक प्रचलनहरु, आध्यात्मिकता, परम्परा, प्रक्रिया, अस्तित्वमा रहेको अवस्थामा न्याय प्रणाली र प्रचलनहरुको प्रबर्द्धन गर्ने, विकास गर्ने तथा कायम राख्ने अधिकार किटानी साथ उल्लेख छ भने उपरोक्त आधारमा राष्ट्रियताको दावी गर्दै स्वतन्त्र पहिचान खोज्ने जनसमुहहरु पुनः जागृत बन्दै गएको छ। यसरी आधारभुत तहमा राजनीतिक इकाइ गठन गर्न ती राष्ट्रियताहरुको पुनःउत्थान घोषणा पहिलो काम ठहर्छ। समाजको उपरी संरचनामा डोमिनेन्ट भएर रहेको राजनीतिक शक्ति, आर्थिक शक्ति, प्राज्ञिक शक्ति, धर्म तथा साँस्कृतिक शक्तिको विरुद्ध ती सबैको भ्रूण आधार रचनामा विकास गर्न पनि प्रथम राष्ट्रहरुको पुनः उत्थान घोषणा अनिवार्य ठहर्छ।

ऐतिहासिक काल देखि नै यहाँका स्व-देश राज्यविहिन राष्ट्रका जनताहरुको आ-आफ्नै राजनीतिक परिपाटी, सामाजिक -साँस्कृतिक मुल्य मान्यताहरु, परम्परागत कानुनी तथा न्याय प्रणाली रहेका छन्। ऐतिहासिक प्रथम राष्ट्रहरुको पुनःउत्थान घोषणाले उनीहरुको आफ्नै परम्परागत शासन प्रणाली, अर्थतन्त्र, धर्म-संस्कृति र आत्मरक्षा प्रणालीको क्षमता तथा ज्ञानको समेत पुनः निर्माण हुन जान्छ। यो नै विकसित परिस्थितिमा निर्माण हुने चेतनाको श्रोत हुनेछ। परम्परागत राजनीतिक संगठनहरुले लोकतान्त्रिक सिद्धान्तहरु आत्मसात गर्दै आफ्ना सदस्यहरुको विचमा शक्ति साझेदारी लगायत जिम्मेवारीको बाँडफाँड गरेको पाइन्छ। अर्कोतिर व्यक्तिगत उचाई, विश्वसनियता, इमानदारिता र दुरदर्शितालाई समुदायमा उत्तराधिकार छनौटको सिद्धान्त बनाइन्छ साथसाथै तिनीहरुको कानुनी ज्ञान, विद्वता तथा न्याय सम्बन्धि चेतना मापदण्ड बन्दछ। विशेषगरी परम्परागत संगठनहरु केही प्रबुद्ध मान्यजनहरुको समुहबाट निर्माण गरिन्छ जहाँ समुदायको हित, सौहार्द्रता तथा शान्ति सुव्यवस्था कायम राख्न उच्च प्रशासनिक क्षमता उनीहरुको प्रदर्शन गरेको पाइन्छ। परम्परागत संगठनहरुको सदस्य छनौट विभिन्न स्वरुपमा हुने गर्दछ तर यो निश्चित पद्धतिले निर्देशित हुँदा योग्य र विद्वत नेताहरुको विचार गरिन्छ। केही सदस्यहरु यस संगठनहरुमा वंशानुगत रहेको पाइन्छ। तर पनि लोकतान्त्रिक सिद्धान्त बोक्दछन र समुदायमा शासन गर्न प्रयाप्त सम्पर्क तथा उपस्थिति देखाउँछ। त्यसैले यसको अभ्यासबाट स्थानिय तहमा चुनावको खर्चिलो स्थिति, नेतृत्वको जवाफदेहीता, जिम्मेवारीपन तथा इमान्दारिता बारे सुक्ष्म मुल्याङ्कन गरिन्छ साथ साथै समुदायको आकांक्षाहरुलाई सम्मान गर्न बाध्य बनाउँछ।

वहुलराष्ट्रिय लोकतन्त्रको मर्म बमोजिम ऐतिहासिक प्रथम राष्ट्रको परम्परागत शासन प्रणाली, अर्थतन्त्र, आत्मरक्षा क्षमता र ज्ञानको समेत Reappraise, Reform and Reintegrate गर्दै लैजानु परेको छ। त्यसरी अभ्यासमा आउने स्व-देशी सत्ताले वहुलराष्ट्रवादको राजनीतिक विचार अँगाल्दै समाजमा रहेका अन्तरविरोधहरु जुन आधुनिक सत्ता अभ्यासको राजनीतिक विचारसँग गाँसिएका छन् ती समाधान गर्न विकल्प प्रदान गर्ने भएको छ। आधुनिक सत्ता अभ्यासले वैयक्तिक स्वतन्त्रताको नाममा मत हाल्ने, चुनावमा उम्मेदवार बन्ने, विश्वव्यापी मानवअधिकारको सिद्धान्तलाई आत्मसात गर्ने, मौलिकहक अन्तरगतका स्वतन्त्रता आदि लगायतका अधिकारहरु प्रत्याभुत गरिरहँदा समेत सामुहिक अधिकारका विषयहरु, जातिको आत्मनिर्णयको अधिकार, बौद्धिक सम्पति सम्बन्धि हक, प्याटेन्ट अधिकार, स्वतन्त्र पुर्वजानकारीको अधिकार आज महत्वका साथ उठाइदै आएको छ। यसका लागि उत्तरआधुनिक युगमा परशासनको अधिनमा संकटपूर्ण अस्तित्व बाँचिरहेको जनताहरु ती नवउदारवादी पूँजीवाद अथवा नवमार्क्सवादको प्रभूत्व स्वीकार गर्न सकिरहेको छैन्। अन्तिम स्वास फेर्दै गरेको विश्व साम्राज्यवादले पूँजीवादको अवसान खोजिरहेको अवस्थामा विकल्पको राजनीतिक धार वहुलराष्ट्रवाद वहसमा ल्याइएको छ। यसले राष्ट्रियताहरुको स्वशासनलाई स्वीकार गर्छ। स्व-देशी सत्ताहरु जे उपरोक्त

राजनीतिक विचारले छोपिएका थिए अब वहुलराष्ट्रिय लोकतन्त्रको बलमा फेरि पुनःउत्थान हुँदै आएका छन् । आन्तरिक राष्ट्रियताको तहमा देखा परेको पहिचानको राजनीतिलाई संस्थागत गर्ने हो भने अभियानकै रुपमा प्रथम राष्ट्रका जनताहरुको राष्ट्रियताको दावीलाई उठान गर्न सक्नुपर्दछ । यसबाट नेपाली राष्ट्रियताको आधार बलियो भएर लोकतन्त्रको संस्थागत विकास हुन गई बाह्य राष्ट्रियता सुदृढ बन्दछ । यो विधिले मात्र प्रकृति मैत्री जीवनको कल्पनालाई साकार पार्न सकिन्छ ।

शक्ति साझेदारी र शक्तिको बाँडफाँड गर्न परम्परागत संगठनहरुको पुनःउत्थानसँगै न्याय प्रणालीको आधार निर्माण गर्न सक्नुपर्दछ । यसका लागि द्वन्द्व समाधानको व्यवहारिक उपाय तयार गरेर प्रथाजनित कानुनहरु क्रियाशिल बनाउन आवश्यक देखिन्छ । यस विषयमा सत्तार जातिको अभ्यासलाई हेरौं । सामाजिक न्याय व्यवस्था तथा प्रथाजनित कानुनहरुको आधारमा संगठन बनाएको पाइन्छ । उक्त संगठनको संरचना अनुसार माझी हडाम गाउँको नायके हुन्छन् । यो सम्बन्धित गाउँका सम्पूर्ण सतार मिलेर शुद्ध लोकतान्त्रिक जनमतद्वारा निर्वाचित हुन्छ । एक पटक निर्वाचन गरे पछि त्यसको पदावधिको कुनै टुङ्गो हुँदैन । उसको चरित्र पतनको शंका हुनासाथ उसलाई अपदस्थ गरेर अर्को माझी हडाम चुनिहाल्ने चलन छ । माझी हडामलाई सल्लाह र मद्दत गर्न माझी हडाम पछिको पद परानिक र क्रमशः जगपरानिक, जगमाझी र गुडित निर्धारण गरिएको हुन्छ । “परानिक” माझी हडामको मुख्य सल्लाहकारको रुपमा हुन्छ । माझी हडामको अनुपस्थितिमा साना तिना झैंझगडा र अति जरुरी काममा निर्णय दिने गरिन्छ । जगपरानी र जगमाझीको उही स्तर भएपनि यी दुईको कार्यक्षेत्र अलग हुन्छ । अर्थात् जगपरानीले मुद्दा मामिला सम्बन्धि काम मात्र गर्दछ जहाँ उसले मानिस पकडेर ल्याउने गर्दछ भने जगमाझीले विवाह र त्यस सम्बन्धि काम मात्र गर्छ । सामाजिक कामका लागि आतिथ्य सम्बन्धि काम यसैले हेर्दछ । उपरोक्त आधारलाई मनन गर्दा प्रथाजनित कानुनको मुख्य दुई पाटा हुन्छन- व्यक्तिगत कानुन र भूमिसम्बधि कानुन । व्यक्तिगत कानुन भित्र सामाजिक-साँस्कृतिक, भाषिक, परम्परागत आर्थिक, सम्पति सम्बन्धि पक्षहरु भेटिन्छन् भने भूमिसम्बन्धि कानुनले भूमी, प्राकृतिक श्रोतहरु लगायतका पक्षहरु समेट्दछ । दोश्रो कुरो सतारको सामाजिक न्याय प्रणाली मुलधारको न्याय प्रणाली भन्दा पृथक हुन्छ । यहाँ न्याय प्रणालीको अवधारणा नै समुदायका सदस्यहरु विच सौहाद्रता कायम गराउने हो । त्यस अर्थमा दण्ड र क्षतिपुर्ति भराउने भन्दा पनि सामुदायिक ऐक्यबद्धता र सामुहिक वचनलाई जोड दिन्छ । गल्ती गर्नेलाई माफी माग्ने वातावरण निर्माण गर्दै सम्पूर्ण समुदायको विचमा र पिडितसँग उसको गल्तीको लागि माफी माग्ने गर्दछ । कुनै पनि विषयको निर्णय एक पटक भए पछि सतारको न्याय प्रणालीमा त्यो फेरि सुनुवाई हुने ठाउँ छैन् । त्यस निर्णयमा चित नबुझी कहिं अपिल गर्न पाउने व्यवस्था पनि हुँदैन । यसकारण कुनै पनि विषयको कुनै पनि निर्णय मान्न करै लाग्छ । कुनै पनि निर्णय यदि कसैले मानेन र वेवास्ता गऱ्यो भने उसका विरुद्ध अर्को निर्णय लिइन्छ । यस निर्णयलाई “बिटलियाहा” भनिन्छ । विटलियाहा भनेको जात, भात पानी काढने र सामाजिक वहिष्कार गर्ने चलन हो । यो सबभन्दा ठूलो जरिवाना हो । माझी हडामकै विषयमा कुरा उठ्यो भने त्यसबखत माझी हडामले सो  विषयका लागि बोलाइएको सभामा अध्यक्षता गर्न पाउँदैन र उक्त सभाको अध्यक्षता परानिकले गर्ने गर्दछ ।

## ५.२. प्राकृतिक श्रोतहरुको दिगो उपयोग, संरक्षण र सम्बर्द्धन सम्बन्धमा :

स्व-देशी जनताहरुको स्थानिय प्राकृतिक श्रोतहरु जस्तै : नदी, खोला, जमीन, जंगल, जडिबुटि लगायतका विविध पक्षहरुसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । उपरोक्त साधन श्रोतहरुको अलगावले स्व-देशी जनताहरुको

जीवनमा संकट उत्पन्न हुने गरेको अध्ययन प्रतिवेदनहरुले देखाइ सकेको छ । यस कारण स्थानिय तहमा हुने प्राकृतिक साधन श्रोतहरुको उपयोग त्यस क्षेत्रका स्व-देशी जनताहरुको सहमतिमा मात्र सम्भव हुने भनि अन्तर्राष्ट्रिय श्रमसंगठन महासन्धि नं. १६९ को धारा १५१) र १५(२)ले आधारभुत सिद्धान्तको रुपमा स्थापित गरेको छ । धारा १५(१)मा सम्बन्धित समुहहरुको भुमिका रहेको प्राकृतिक श्रोतहरु माथिको प्रयोग व्यवस्थापन र संरक्षणमा ती समुहहरुको सहभागी हुने अधिकार पर्दछ भनी उल्लेख गरिएको छ । त्यस्तै धारा १५(२)मा यदि कुनै अवस्थामा खनिज वा जमीन मुनीको श्रोतहरुको अन्वेषण वा दोहनमा ल्याइने कुनै कार्यक्रमलाई शुरु गर्नु वा अनुमति दिनु अघि ती समुहहरुको हितलाई बाधा पुरयाउँछ वा पुरयाउँने भए कति मात्रामा पुरयाउँछ ? त्यो थाहा पाउन सम्बन्धित समुहसँग परामर्श गर्ने प्रक्रियाहरुको निर्माण गर्नेछ । सम्बन्धित समुहले सम्भव भए सम्म त्यस्ता कार्यक्रमहरुबाट हुने फाइदाहरुमा सहभागीता जनाउनेछ र त्यस्ता कार्यक्रमबाट हुन सक्ने कुनै नकारात्मक असरको उचित क्षतिपुर्ति पनि पाउने छन् । उपरोक्त अवस्थामा स्व-देशी जनताको भूमिमा रहेको प्राकृतिक श्रोतहरुको अन्वेषण र दोहन गर्नु अघि परामर्शको अधिकार प्रयोग गर्दा स्व-देशी जनताहरुले निम्न तयारी पुरा गर्न सक्नुपर्दछ ।

**(क) लिग अफ द फर्स्ट नेसन्सको गठन :**

रिइन्टिग्रेशनको राष्ट्रिय प्रस्ताव अन्तरगत लिग अफ द फर्स्ट नेसन्स विकल्पमा ल्याउने हो । यो व्यवस्थापिका को हैसियतमा अधिकार क्षेत्र निर्धारण गरी क्रियाशिल हुनेछ । ऐतिहासिक राष्ट्रियताहरुको परम्परागत संगठनहरुको प्रमुखहरुको प्रतिनिधित्व रहनेगरी लिग अफ द फर्स्ट नेसन्स गठन गर्न सकिन्छ । हाल नेपालमा १२५ जाति (राष्ट्र) तथा १२३ भाषा रहेको राष्ट्रिय तथ्याङ्कबाट देखिएकोले न्युनतम एक जना प्रतिनिधित्व रहने गरी समानुपातिक प्रतिनिधित्व लिग अफ द फर्स्ट नेसन्समा गराउन सिकिन्छ । नेपालमा प्रचलित ऐनहरुको संशोधन, अन्तर्राष्ट्रिय घोषणा पत्र, महासन्धि, अभिसन्धिहरुको अनुमोदन गर्ने तथा स्व-देशी जनताहरुलाई दुरगामी असर पर्ने खालका योजनाहरु अस्वीकृत गर्ने अथवा ती योजनाहरु अगाडि बढाउँदा लिग अफ द फर्स्ट नेसन्सले अनुमोदन गर्न अनिवार्य ठान्नुपर्दछ । साथै जातीय परम्परागत अभ्यास, प्रथा जनित कानुनहरु व्यवस्थित गर्न लिग अफ द फर्स्ट नेसन्सले काम गर्नेछ । क्यनाडामा अभ्यासमा रहेको एसेम्बली अफ फर्स्ट नेसन्स, स्वेडेनमा सम्वैधानिक बनाइएका सामी पार्लियामेन्ट लगायत पछिल्लो समय बोलिभियामा संवैधानिक बनाइएका वहुलराष्ट्रिय सभाले प्रयोग गर्ने क्षेत्राधिकार लिग अफ द फर्स्ट नेसन्सले पनि उपयोग गर्न हस्तक्षेपको नीति अख्तियार गरेर अगाडि बढछ । यसलाई वैधानिक संघर्षको लाइन बुझ्न जरुरी छ किनकी नेपालले आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र, आइएलओ महासन्धि नं. १६९, क्योटो प्रोटोकल लगायतका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा घोषणा पत्रहरु अनुमोदन गरेर पक्ष राष्ट्र बनेको सर्वविदितै छ । ती अन्तर्राष्ट्रिय कानुनहरुले प्रत्याभुत गरेका मानविय तथा सामुहिक अधिकारहरु नेपाल सरकारले कार्यान्वयनमा ल्याउन अलमल गरिरहेको प्रष्टै छ । लिग अफ द फर्स्ट नेसन्सको गठन पश्चात बढी मात्राको मानिसहरु( राज्य) प्रणालीलाई क्रियाशिल बनाइ राख्ने मुख्य पाटोहरु देखि सहमति फिर्ता गर्न प्रभाव पार्न क्षमता विकास गर्छ । पहिलो तथ्य के हो भने लिग अफ द फर्स्ट नेसन्समा सबै उत्पीडित जाति-वर्गको संकथन शुरु भई उक्त संकथनबाट ती जाति-वर्गसँग सम्बन्धित शोषणका आधारहरु सतहमा ल्याउने काम हुन्छ र समाधानका उपायहरु संयुक्त रुपमा खोजी गरिने लगायत कार्यान्वयनका लागि सम्बन्धित निकायमा निर्देशन पठाउन सकिन्छ । यसको मातहतमा विभिन्न समितिहरु गठन गर्दै ती समतिहरु मर्फत अनुगमनको व्यवस्था मिलाई आन्तरिक शासन

सञ्चालन गर्नेछ । राष्ट्रियता दावी गर्दै पहिचानको लागि संघर्षरत जातिहरुको नैसर्गिक अधिकारसँग जोडिएको कारण लिग अफ द फर्स्ट नेसन्स परिवर्तनको वाहक संगठन बन्नेछ ।

**(ख) गाउँ अथवा इलाका भित्रका स्व-देशी सभा गठन :**

गाउँ अथवा इलाका भित्रका स्व-देशी जनताहरुको अथवा राष्ट्रियता दावी गर्ने समुहहरुको परम्परागत संस्थाहरुको प्रमुखको प्रतिनिधित्व रहने गरि स्थानिय स्व-देशी सभाको गठन गरिने छ । यसरी गठन भएको गाउँ अथवा इलाका भित्रका स्व-देशी सभाको क्षेत्राधिकार निश्चित हुन्छ । स्थानिय तहमा क्रियाशिल स्व-देशी सभाको आधार नै जातीय परम्परागत संस्थाहरु भएकोले ती संस्थाहरुको मुल्य मान्यतालाई कदर गर्न सक्नैपर्दछ । अर्थात् स्व-देशी जनताहरुको ती संस्थाहरु मर्फत सशक्त धार विकास गर्ने हो भने गाउँ अथवा इलाका भित्रका स्व-देशी सभा एउटा राजनीतिक संयन्त्रकै हैसियतमा विकास निर्माण परियोजनाहरु सञ्चालन गरेर लैजान सक्छ । हामीले छलफल चलाउदै गरेको वहुलराष्ट्रिय लोकतन्त्रको अभ्यासलाई यसले बलियो आधार दिन्छ । आन्तरिक लोकतन्त्रलाई विकास गर्न केही जटीलताहरु थपिनेछन् । विशेष गरी पदावधि र निर्वाचन पद्धतिको मिलान गर्न सकिए पनि कार्यविधि सम्बन्धमा रहने छन् । कार्यविधि चुस्त र स्पष्ट भएमात्र द्वन्द्व समाधानको उपाय खोज्न सकिन्छ । स्व-देशी राजनीतिक प्रशासनिक संरचना जम्मै नेतृत्व र सहमतिपूर्ण निर्णय लिने परम्परामा चल्दै आएकोले मूलधारको संरचनामा जस्तो अल्पमत र बहुमतको अभ्याससँग पुरै भिन्न हुने गर्दछ । प्रतिपक्षको विचारलाई समेत सम्मान गर्दै आधुनिक लोकतन्त्रमा बहुमतले पेलेर जाने किसिमको अभ्यासको विकल्पमा सहमतिय प्रणालीको मर्म बोकेको हुन्छ । लोकतन्त्रको विकासमा ठूलो योगदान गरिरहेको पाइन्छ ।

आधुनिक राज्य व्यवस्थामा स्व-देशी परम्परागत संघ संस्थाहरुको भूमिका गौण बनाइएको छ । राज्यको आधारभुत तहसम्म संयन्त्रहरु समान्तर रुपमा कार्यान्वयनका लागि निर्माण गरिएकोले त्यसलाई वैध र कानुन अनुकुल बनाउँदै समग्रमा परम्परागत संस्थाहरुको भूमिका समाजमा मर्दा पर्दा अथवा केही विशेष अवसरहरुमा सिमित्त गर्न पुगेको छ । राजनीतिक निर्णय लिन नसक्ने स्थिति पर्नुले परामर्श कसको लिने अथवा स्थानिय तहमा स्वतन्त्र पूर्व जानकारी कसलाई दिने किटान हुँदैन । तसर्थ परम्परागत संस्थाहरु नै साझा निकाय रहिआएको छ जसको पुनःउत्थान तथा पुनःसंरचना गर्दै स्व-देशी जनताहरुको स्थानिय तहमा उनीहरुको भूमिमा रहेको प्राकृतिक श्रोतहरुको दीगो उपयोग तथा संरक्षण गर्ने जिम्मा लिए पश्चात मात्र अन्वेषण र दोहनको कारण स्वभाविक रुपमा स्थानिय स्व-देशी जनताहरुले क्षति वेहोर्नुपर्ला नै धारा १५(२)ले सो क्षति पुर्तिको व्यवस्था सम्बन्धित पक्षबाट हुनुपर्ने किटान गरेको पाइन्छ । यस अर्थ क्षतिको पुरा तथ्याङ्क लिई त्यसको पुर्ति गराउने अधिकार समेत परम्परागत संस्थाहरुको नै हुने हो । त्यसै गरी स्व-देशी जनताहरुको भूमीमा रहेको प्राकृतिक श्रोतहरुको दोहनबाट हुने लाभको वितरणमा सहभागी हुने आधिकार छ । यसरी लाभको वितरण गर्दा स्थानिय जनताहरुसँगको विशेष सम्झौता अथवा स्व-देशी जनताहरुको विकासका खास उद्देश्य प्राप्तिका लागि कर र राजस्व पुनः वितरण हुनु जरुरी ठानेको छ । स्थानिय तहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एजेन्सीहरु मार्फत अन्वेषण तथा दोहनको गतिविधि प्राकृतिक श्रोतहरु उपर भइरहेको हामी पाउँदछौं । पुर्वाधार विकासको नाममा परियोजनाहरु धमाधम अगाडि बढाउदै गरेको छ । अहिले स्थानिय तहमा रहेका अभियन्ताहरुको भूमिका समेत कमजोर रहेकोले परम्परागत संस्थाहरुको खोजी पटक्कै भएको पाइदैन । यसरी स्व-देशी जनताहरुको पहुँच कमजोर बनेको यथार्थलाई स्वीकार्दै जातीय परम्परागत संस्थाहरुको पुनःउत्थान हुनु जरुरी छ । राष्ट्रियताको दावी गर्दै अलग पहिचान खोजी गर्ने समुह अथवा जातिहरु त्यसपश्चात मात्र स्वायत्तताको मागलाई वैध बनाउन

सक्छ । स्वायत्तताको अधिकार प्रयोग गरेर जातीय स्वशासन चलाउने हो र मात्र प्राकृतिक श्रोत उपर पहुँच दिगो उपयोग तथा संरक्षणको लागि हैसियत बनाउन सक्दछ ।

**(ग) संघीयता तर्फको संक्रमण :**

हामीले स्थापित गर्ने लोकतन्त्र वहुलराष्ट्रिय लोकतन्त्र हो । वहुलराष्ट्रिय लोकतन्त्र अभ्यास गर्ने लोकतान्त्रिक संस्थाहरुको आफ्नै चरित्र हुन्छ । विशेष गरी राष्ट्रियताहरुको स्वशासन स्थापना गरेर राज्य भित्र राज्यको परिकल्पना गर्न सकिन्छ। लोकतन्त्रको विचार निरपेक्ष छैन किनकी विगत ८०को दशक देखि राष्ट्रवादको विचार सापेक्षित भई रुपान्तरणको संरक्षणमा छ। प्रा. फेरेन रक्वेयो लेख्छन्-

*"साधारणतया यस्तो लाग्छ कि अन्तरसाँस्कृतिकताको सवाल तथा अझ सोझो रुपमा वहुलराष्ट्रियताको सवालले लोकतान्त्रिक वहसको निमित्त नयाँ मुद्दाहरु खडा गरेको छ जुन तरिकाले परम्परागत राजनीतिक उदारवादले यी सोंचहरु विकास गरे । वास्तवमा हामी भन्न सक्छौं कि यी नयाँ मुद्दाले लोकतान्त्रिक वैधता तथा वहुलराष्ट्रिय सन्दर्भमा संघीयताको एक विशेष सिद्धान्तको निमित्त छलफलको प्रमुख विषयहरुको अर्थ राख्दछ जसले राष्ट्रिय अल्पमतका अधिकारहरु अन्यायोचित, विभेदकारी, र नैतिक रुपमा अतार्किक जस्तो हेर्ने परम्परागत धारलाई परास्त(निस्तेज) गर्छ ।"* [20]

वर्तमान उदार लोकतन्त्रले सामाजिक-साँस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक आधारमा ठाडो असमानता संसार भरि ल्याए । कार्लमार्क्सले वर्ग सम्बन्ध तथा वर्ग अन्तरविरोधहरुको शास्वत(प्रामाणिक) तर्क शोषण रहेको बताए जहाँ राजनीतिक र सैद्धान्तिक दवदवाहरु मत्र साधनको रुपमा अर्थाएको हुन्छ जसद्वारा शोषण सुनिश्चित गरिएको हुन्छ । अन्तिममा हरेक संघर्ष (जातीय संघर्ष) वर्गीय संघर्षको सवाल हो भन्ने भनाइबाट वर्ग संघर्ष मुक्तिको बाटो रहेको पुष्टि गर्न खोजेको देखिन्छ । तर संसार भरी नै वर्ग संघर्षको नाममा गरिएका अनगिन्ति वीर सहिदहरुको वलिदानीबाट सत्तासिन भएका देशहरुमा आज समाजवादी अर्थतन्त्र किन अङ्गाल्न सकेन भन्ने सवालको जवाफ दिंदै वोलिभियन उपराष्ट्रपति अल्वेरो गार्सिया लिनेरा भन्दछन्-

*उहिलेका विद्रोहीहरु जो आफ्ना विद्रोहपूर्ण क्रान्तिका शब्दहरुबाट गरीब किसानहरुलाई समाहित गराउन पुगे ती अहिले आफुलाई आकर्षक नीजि कम्पनीहरुको नियन्त्रणमा र गैरसरकारी संस्थाहरुमा रहँदै निरन्तर सहादात प्राप्त उक्त किसानहरुको पिठ्युँमा चढेर रसीया, चीन, पोल्याण्ड, एलसाल्भाडोर, निकारगुवाका कम्युनिष्ट र सामजवादी पार्टीमा समाहित, सशस्त्र र निसशस्त्र योद्धाहरु आजकल बिना आत्मा सामाजिक उत्थानका लागि दवाव उन्मुख हुनु र न्यायका लागि कुनै प्रतिबद्धता नदेखिनु हाल आएर ती सबै ऐतिहासिक लज्जा बाहेक केही होइन ।* [21]

तसर्थ नयाँ तरिकाले द्वन्द्वहरु समाजमा देखा पर्न थालेकोले अब राज्य शक्ति र सुविधा वितरणको लागि संघीयता तर्फको राज्यको नयाँ संरचना अनिवार्य ठहर्छ । राज्यको शक्ति र सुविधा वितरणको राजनीतिक इकाईहरु ऐतिहासिक प्रथम राष्ट्रको पुनः उत्थान घोषणा अभियानसँगै विकास हुने भएकोले ती राजनीतिक इकाईहरुको सहमतिमा राज्य भित्र राज्यको सैद्धान्तिक जगमा जाति-राष्ट्रियतालाई आधार बनाएर स्वायत्त राज्यहरु, स्वायत्त इलाकाहरु र संरक्षित क्षेत्रहरु निर्माण गरेर उपरोक्त राष्ट्रियता बोकेका जनताहरुलाई राज्यको अनुभूति गराउन सकिन्छ। ती स्वायत्त राज्यहरु आफैंमा वहुलराष्ट्रि राज्यको अवधारणा बोक्दछन् । यसको अर्थ राज्यहरुको चरित्र वहुलराष्ट्रिय राज्य भए पनि ती सबै राज्यमा जातीय स्वायत्ततालाई अक्षुण बनाउँदै पहिचानलाई व्यवहारिक प्रयोगमा ल्याउने हो । ती सबै ठाउँहरुमा बसोवास गर्ने जनताहरु लोकतन्त्रको अभ्यास आ-आफ्नो परम्परागत अथवा प्रथा जनित कानुनको प्रयोग विस्तारमा गर्न उत्प्रेरित हुन्छन् । तसर्थ स्व-देशवादको विश्वदृष्टिकोणमा विकास भएको राजनीतिक सिद्धान्त वहुलराष्ट्रवादद्वारा निर्देशित भएको राजनीतिक इकाईहरुले मात्र जाति-वर्ग

उत्पीडनका आधारहरु विनिर्माण गरेर नयाँ आधार बनाउन बाध्य पार्छ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्ति संरचनामा हेरफेर ल्याउन र कुनै शक्तिशाली भएर अधिनायकत्व कायम गर्न भने सक्ने छैन । शक्तिको वहुध्रुविय प्रणालीले वितरणको आधारमा समेत हेरफेर ल्याउने छ । सामाजिक न्याय स्वायत्तताले गर्दा ग्यारेन्टी गर्न सम्भव हुन्छ ।

**६. साँस्कृतिक सम्वाद केन्द्रको अवधारणा :**

राष्ट्रिय मुक्ति क्रान्तिलाई तीन तहमा विकास गर्ने सैद्धान्तिक निष्कर्ष बमोजिम सामाजिक-साँस्कृतिक आन्दोलन अगाडि बढाउन निरन्तर जोड दिनुपर्दछ । साँस्कृतिक सम्वाद केन्द्र बनाउने अवधारणा यसैको उपज हो । साँस्कृतिक सम्वाद केन्द्र भनेको संकथनका लागि औपचारिक वहस सञ्चालन गर्ने निकाय हो । परम्परागत फाल्चा, गामक दलान, चुम्लुङ आदिलाई साँस्कृतिक सम्वाद केन्द्रमा रुपान्तरण गर्दै स्व-देशी ज्ञान तथा प्रथाजनित कानुनहरुको विषयमा वहस व्यापक बनाउन सकिन्छ । यस क्रममा अनुसन्धान र डकुमेन्टेशनलाई महत्वका साथ अगाडि बढाउन सके अहिले स्व-देशी ज्ञानको श्रोत, इतिहास, तथा उपयोगिता बारे अथेन्टिक तथ्यहरु बहिर ल्याउन मद्दत पुग्छ । बौद्धिक सम्पतिको अधिकारलाई बलियो बनाएर लग्न सकियो भने प्याटेन्ट अधिकारको दावी गर्ने ठाउँ सुरक्षित बन्दछ । यहि प्याटेन्ट अधिकार मार्फत स्व-देशीहरु नीति कम्पनीहरुबाट समेत मुनाफाको अंश प्राप्त गर्ने अंशियार ठहर्छ । दोश्रो बौद्धिक सम्पतिको अधिकारले स्व-देशी ज्ञानलाई दुरुपयोग गर्ने दलालहरुको सिमा साँगुरिएर स्व-देशी जनताहरुको दायरा फराकिलो बन्छ र यसले थप अवसरहरुको ढोको उघार्छ । साँस्कृतिक सम्बाद केन्द्रमा आर्थिक, साँस्कृतिक लगायतका विषयहरुको साथ साथ भाषा, साहित्य, कला, धर्म, विज्ञान, इतिहास, राजनीति, दर्शन बारे खुल्ला छलफल हुनेछ । अहिले वहसमा रहेको संघीयताको विवाद समेत यस्तै खुल्ला वहस मार्फत सहमति तर्फ संक्रमण गर्न मद्दत पुग्नेछ भने स्थानिय स्तरमा यस विषयमा उठने भ्रमहरुको चिरफार गरेर राजनीतिक समाधान दिन सकिन्छ । साँस्कृतिक सम्बाद केन्द्र मार्फत बौद्धिक तथा सिर्जनात्मक अभ्यास गराएर यो राज्यले नीतिगत रुपमा बुद्धिजीवि समाजको परिधिमा धकेलिएका स्व-देशी ज्ञानका जानकारहरुलाई फेरी केन्द्रमा स्थापना गर्न सकिन्छ । अनुसन्धानकर्ताहरुलाई जनयुद्ध पश्चातका सामाजिक अन्तरविरोधहरु, द्वन्द्वहरुको विषयमा थप विशिष्टता हासिल गर्न समस्याको पहिचान तथा यसका उपायहरु बरे विश्लेषण गरी नयाँ संश्लेषण निकाल्न सहयोग पुरयाउँछ । समाज विश्लेषणको लागि साँस्कृतिक सम्बाद केन्द्र एउटा महत्वपूर्ण अंग बनेर आउने पक्का छ ।

सामाजिक-साँस्कृतिक तहमा साँस्कृतिक सम्बाद केन्द्रको स्थापना पश्चात यसलाई कसरी सञ्चालन गर्ने भन्ने सवाल हाम्रो साम‍ु छ । जनता समाजवादी पार्टीको मातहतमा यसलाई निरन्तर अगाडि बढाउन सकिन्छ कि सकिंदैन ? साँस्कृतिक सम्बाद केन्द्रको स्थापना पश्चात यसलाई कुन विधिले नियन्त्रण गर्ने होला ? अथवा साँस्कृतिक सम्बाद केन्द्र र अन्य पक्षहरुसँगको अन्तरसम्बन्ध कस्तो रहने देखिन्छ ? यहाँ सामाजिक-साँस्कृतिक तहमा काम गर्ने अलग निकाय हुनु जरुरी छ । जनता समाजवादी पार्टी अब राजनीतिक दलमा रुपान्तरण हुँदै गर्दा साँस्कृतिक सम्बाद केन्द्रलाई अघोषित रुपमा मात्र संगठनको मातहतमा राख्न सकिन्छ । यसलाई हाल वैधानिक संस्था राष्ट्रिय सीमान्तीकरण विरुद्ध संघर्ष नेमाल(समान) अभियान अन्तरगत व्यवस्थित बनाउन सकिन्छ । यसको गतिविधि मार्फत उठान हुन पुगेका निश्चित शक्तिलाई जनता समाजवादी पार्टीले पूँजीकृत गरेर क्रान्तिकारी धार विकास गर्न सक्नुपर्दछ । फेरि अर्को सवाल पनि जोडिएर आउन सक्छ कि समानलाई हाम्रो नीतिसँग कसरी जोड्ने होला ? यसको उपाय गम्भिर ढङ्गले खोज्नु पर्नेछ । जनता समाजवादी पार्टीको

स्कुलिङ र योजना भन्दा अन्य नेतृत्व र कार्यक्रमलाई अहिले गौण बनाएर लग्नुपर्ने देखिन्छ । अर्थात् समानको कार्यकारी निकायलाई समावेशी बनाएर जनता समाजवादी पार्टीको पकड भन्दा वाहिर जान नदिने नीति अपनाउनु पर्ने छ किनकी सामाजिक-साँस्कृतिक तह बाँकी दुईको आर्थिक र राजनीतिक तहसँग अन्योन्याश्रित सम्बन्ध राख्दछ । कुनै एकको असन्तुलनले बाँकी दुईको अस्तित्वमा समेत खतरा देखिने सम्भावना छ । साँस्कृतिक सम्बाद केन्द्रको स्थापना शक्तिको गुरुत्व केन्द्र ठानीएका स्थानहरुमा हुनु आवश्यक छ। लिम्बुवानको धरान, थरुहटको दाङ, तामाङसालिङको हेटौडा/चौतारा, नेवामण्डलको ललितपुर, विदेह/मिथिलाको जनकपुरधाम, अवधको भैरहवा, तमुवानको पोखरा, मगरातको तानसेन, खसानको सिलगढी(डोटी), खम्बुवानको दिकतेल तथा भोटेको दुनै भरपर्दो स्थान बन्न सक्छ । कुनै एक ठाउँलाई आधार क्षेत्र बनाएर नेतृत्व जम्न सकेको खण्डमा त्यहाँ जोड दिने र बाँकी अन्य शक्तिको गुरुत्व केन्द्र ठहर गरिएका क्षेत्रहरुमा आधार इलाका विस्तार गर्न ध्यान दिने काम अनिवार्य ठहर्छ । यसले ज्ञान मिमांशीय धारलाई नयाँ विकल्प प्रदान गर्दछ ।

### ७. अर्थतन्त्रको वैकल्पिक तहको विकास :

स्व-देशी समुदायको आफ्नै विकसित अर्थतन्त्र छ किनकी स्व-देशी जनताहरुको विश्वदृष्टिकोणले उनीहरुको इतिहास, राजनीति, दर्शन र अर्थतन्त्रको विकास गरेको हुन्छ । नेपालको आदिवासीहरुमा पनि आ-आफ्नै विश्वदृष्टिकोण रहेकोले उनीहरुको अर्थतन्त्र अस्तित्वमा रहिआएको बुझ्नुपर्दछ । ती अर्थतन्त्रलाई पुनः संरचित गर्न आवश्यक ठहर गर्दै अर्थतन्त्रको वैकल्पिक विकासको स्व-देशीकरण गरेर लैजान सक्नुपर्दछ । अर्थतन्त्रको आधारमा संसारभरि नै अहिले उदारपूँजीवादको दवदवा बढीरहेको स्थितिमा विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, वहुराष्ट्रिय कम्पनी लगायतका संगठनहरुले थप विकसित बनाउदैछ। तर विश्वव्यापिकरणले तहगत असन्तुष्टिहरु ल्याउन थाले पछि यी संस्थाहरुको काममा अवरोध उत्पन्न हुने खतरा देखा परे । उत्तर आधुनिक समयमा आएर यस प्रकारका संस्थाहरुले समेत स्व-देशी जनताहरुका लागि विश्व नीति पारित गर्न पुगे । जस अनुसार अर्थतन्त्र नयाँ धारबाट विकसित बनउन आवश्यक छ । यसलाई सम्यक जीवनको रुपमा बुझ्न जरुरी छ । यो कस्मो भिजनको धार पनि हो । अर्थात् यसको आधारमा पुरा सहअस्तित्वपूर्ण जीवनका आधारहरु चाहे त्यो भौतिक, सामाजिक-साँस्कृति, आध्यत्मीक नै किन नहोस् बुझाउँदछ । त्यसकारण यो आधुनिकता, पूँजीवाद र विकासको विकल्प समेत हो । यो अवधारणाले सोहाद्रतामा, पूर्णतामा, र प्रकृति तथा समाजसँग आध्यात्मिकतामा जिउने अर्थ पनि बुझाउदछ। यसले मात्र स्व-देशी सत्तालाई टिकाउन सघाउदछ। तर व्यवहारमा स्व-देशी जनताहरुको समृद्धि अर्थतन्त्रमा रहने पहुँचसँग समेत जोडिन पुगेकोले खुल्ला बजार अर्थनीतिलाई पुरै रोक्न भने स्थिति देखिंदैन । साथै यो नीति हुबहु अख्तियार गरे स्व-देशी सत्ताको अर्थ रहने छैन । तसर्थ स्व-देशी सत्ता कायम गर्न सके आफ्नै तरिकाले श्रोतको परिचालन हुने देखिन्छ । ती श्रोतहरुमा स्व-देशी जनताहरुको नियन्त्रण कायम गराउन एउटा वैकल्पिक बाटो चाहिएको छ । उद्योग व्यापारमा कसरी मानव संसाधनको प्रयोग गर्ने भन्ने सवालको जवाफ अर्थतन्त्रको वैकल्पिक बाटोले दिन सक्नुपर्दछ ।

अर्थतन्त्रको विकासमा गरिने स्व-देशीकरणको सवाल कठीन होइन किनकी जल, जंगल, जमीन, तथा जनशक्ति र जडिबुटी बस्तुकरण गरेर बजारमा उपभोक्तालाई आकर्षित गर्दै लैजाने उदारवादी अर्थतन्त्रको चरित्र स्व-देशी अर्थतन्त्रसित मेल खादैन । विशेष गरी स्व-देशी अर्थतन्त्रमा जल, जंगल, तथा जमीन उनीहरुको आफ्नो सभ्यता र संस्कृतिसित अन्योन्याश्रित सम्बन्ध राख्दछ। यस अर्थमा ती प्राकृतिक श्रोत उपर उनीहरुको सामुहिक अधिकार हुन्छ र उनीहरुकै नियन्त्रण ऐतिहासिककाल देखि रहिआएको देखिन्छ । आधुनिक राष्ट्र राज्यबाट

संसारभरि नै स्व-देशी समुदायको नियन्त्रण हटाएर राज्यको नियन्त्रणमा ल्याउने काम गरिआए । साँस्कृतिक सम्बन्धको निरन्तरता यसबाट टुट्न पुगे र स्व-देशी ज्ञानको विकासमा ठूलो अवरोध देखा पर्‍यो । यसबाट वातावरणीय असन्तुलन समेत देखा पर्‍यो । राज्य विभेदकारी भएको महसुस भयो । सँस्कृति र विकासको अवधारणालाई कुरीति तथा अन्धविश्वास भनी हेला गर्न पुगे । आधुनिकताको नाममा नक्कल गर्ने संस्कार आयात गरे तर ज्ञानको सचेत हस्तक्षेपलाई नजरअन्दाज गरी समाजलाई दिशा निर्देश गर्न असमर्थ भएको सत्य हो । त्यही वेला वालस्टीनको विश्व प्रणालीको सिद्धान्तले समेत आर्थिक रुपमा स्व-देशी वाहुल्य रहेको देशलाई परिधिको देशको रुपमा उभ्याउने गरेको छ र परिधिका देशहरुबाट सस्तोमा जनशक्ति तथा कृषि उत्पादन लगायत प्राकृतिक श्रोतहरुको दोहन गरेर आफ्नो धनी देश(केन्द्र)को उत्पादन ती देशहरुमा महँगोमा विक्री गर्ने उपाय अपनाई आएका छन् । उनीहरु एकलौटी बजार कब्जा गर्दै प्रतिस्पर्धाको नाममा नाफा निचोर्ने र परिधिको देशहरुलाई परनिर्भर बनाउने योजनामा सफल भएको मानिन्छ । अहिलेको प्रतिस्पर्धात्मक समयमा निषेध गरेर सम्भव नदेखिएकोले अब वैकल्पिक अर्थतन्त्रमा संस्कृति र विकासको अवधारणालाई नै बलियोसँग उठाउन जरुरी देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय बजारमा जोड्ने नीति चाहिन्छ । अर्थात् संस्कृति र विकास सम्बन्धि विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष लगायत विकासे संस्थाहरुले तय गरेका नीतिहरुको ज्ञान मिमांशा चाहिन्छ । त्यसको अर्थ विकल्पमा ग्रामीण पर्यटन, होमस्टे, साना तथा मझौला जलविद्युत, हस्तकला तथा चित्रकला( थाङ्का, मिथिला आर्ट, पौभा आर्ट, मोखा आर्ट, अष्टिम्की आदि), जातीय खानपीनका सामग्री, जडिबुटी रोग उपचार विधि, परम्परागत शिपमा आधारित व्यवसायहरु, कुटीर उद्योग सहकारिताको आधारमा विकास गरेर लैजान सकिन्छ । कृषि तथा पशुपालनलाई व्यवसायिक पेशामा रुपान्तरण गर्दै अर्थतन्त्रमा स्व-देशी जनताहरूको पहुँच बढाएर लैजान सकिन्छ । विशेष गरी जल, जंगल, र जमीन उपर स्व-देशीको अग्राधिकार कायम, नीजि कम्पनीहरु ती स्थानिय आदिवासी जनताहरुको पूर्व सुसुचित स्वतन्त्र जानकारको अधिकार तथा सहमति विना त्यस क्षेत्रमा कुनै पनि योजना अगाडि बढाउन सक्नेछैन । निश्चित क्षेत्रमा नीजि क्षेत्रका लगानीकर्ताको नियन्त्रण आवश्यक ठानिनिपर्दछ भने विकल्पमा सहकारीको अवधारणा अन्तरगत समुदायको नियन्त्रण राख्न सकिन्छ । सारमा स्व-देशी सत्ता अन्तरगत अर्थतन्त्रको चरित्र मिश्रित अर्थतन्त्र नै रहने प्रष्ट छ । तसर्थ प्रथम राष्ट्रको पुनःउत्थानसँगै प्राकृतिक श्रोत तथा साधन उपर भइआएको खुल्ला अतिक्रमणलाई निशाना बनाएर त्यस विरुद्ध प्रतिरोध कार्यक्रमहरु जस्तै सामुदायिक वन नीति उपर हस्तक्षेप गरेर सहकारी वन नीति लागु गर्ने जग्गा वेचविखनमा वाहिरियाहरुको चलखेल र दलाली निरुत्साहित गर्ने, उच्च बाँध परियोजनाको जोखिम विरुद्ध अभियान चलाउने, साना जलविद्युत आयोजना स्थानिय सत्ताको क्रियाशिलतामा सम्पन्न गर्ने, मझौला तथा ठूला जलविद्युत आयोजनाहरुमा स्थानिय जनताहरुको शेयर सुनिश्चित बनाउने आदि कार्यक्रमिक रुपमा अगाडि बढाउन अनिवार्य हुनेछ । यसले स्थानिय जनताहरुको आर्थिक एवं प्राकृतिक श्रोतहरुमा पहुँच बढाउने काम गर्दछ । यति भएर पनि निजी कम्पनी आफ्नै पहलमा सञ्चालन गर्न सक्नुपर्दछ ।

## ८. निष्कर्ष

स्व-देशी जनताहरु आन्तरिक उपनिवेशमा परेको यथार्थ स्वीकार गर्ने कि नगर्ने भन्ने भिन्न दृष्टिकोण हाम्रो साम् देखिन्छ । नेपाली समाज आज गणतन्त्रात्मक राज्यव्यवस्थालाई संस्थागत बनाउन खोजेको वेला लोकतन्त्रको आवरण भित्र कसरी एकल जातीय ब्राह्मणवाद सुरक्षित देखिन्छ ? सबैले बुझ्न खोजेको विषय यहि हो । अर्को सवाल दोश्रो संविधान सभाबाटबाट जारी गरिएको नेपालको संविधान २०७२ ले हाम्रो हिजो गुमेको सत्ता प्राप्त भयो कि भएन ? हामी परशासनबाट स्वशासित भयो कि भएन ? एकात्मकताबाट वास्तविक संघात्मकता तर्फ

रुपान्तरण भयो कि भएन ? के वर्तमान संविधानमा उत्पीडित राज्यविहिन राष्ट्रका जनताहरुको मुख्य सरोकारको बिषय सम्वोधन भयो ? त्यसरी नै हाल प्रमुख दल भनिएका नेपाली काँग्रेस, नेकपा(एमाले), नेकपा(माओवादी केन्द्र) हामी माथि थोपरिएका परशासनको साधन होइन ? त्यसो भए हाम्रो स्वायत्तता, स्वराज वा स्वशासन स्थापना गर्न आफ्नै अग्ररक्षक दल विना सम्भव छ ? हाम्रो आफ्नै नेतृत्व तथा कार्यकर्ताहरुको Rank and file सहितको अग्ररक्षक योद्धा विना हाम्रो सत्ता र जनताको रक्षा कसले गर्छ ? परशासनको साधन ठहर भएको वर्तमानका प्रमुख भनिएका दलहरुले अथवा यी दलहरु भित्रका नेतृत्व तथा कार्यकर्ताहरुको rank and file ले ? असम्भव किनकी उनीहरु यथास्थितिमा रम्न चाहन्छन् । परिवर्तनका एजेण्डाहरु सहजै स्वीकार गर्न मानसिक रुपले तयार देखिंदैन । वहुलराष्ट्रिय विद्रोहको जग यसैले निर्माण गर्छ । यसलाई सम्पन्न गर्न विकल्पको बाटो खोजी हुनु आवश्यक छ र लोकतन्त्रमा हाम्रो आफ्नै दल चाहिन्छ । साथ साथै हाम्रो आफ्नै सत्ता आवश्यकता बनेर गएको छ किनकी सत्ता बाहेक अरु सबै भ्रम हुन । सारमा सत्ताको सम्बन्ध शासनसँग हुन्छ । प्रथम राष्ट्र स्व-देशी जनताहरुले सत्ता गुमाए पछि शासन गर्ने अधिकार समेत गुमायो र अन्ततः परशासित हुन पुगे । परशासनले जहाँ पनि उत्पीडन वाहेक केही दिएको इतिहास छैन । तब न विश्व राष्ट्रिय मुक्ती आन्दोलनले परशासनका विरुद्ध स्वशासनको मुद्दा उठायो । नेपालमा यो मुद्दालाई राष्ट्रि (जाति-वर्ग) चेतनाको आधारमा मिमांशा गर्न सक्नुपर्दछ । तब मात्र दश वर्षे माओवादी सशस्त्र विदोह पछिको नेपाली समाजमा देखा परेका असन्तुष्टी र अन्तरविरोधको समाधान निकाल्न सफलता मिल्छ । हाम्रो निष्कर्ष छ कि स्व-देशवाद विश्वदृष्टिबाट विकास भएको वहुलराष्ट्रवाद, संघीयता र सामुदायिक समाजवादको वैज्ञानिक जगमा सम्पन्न गरिने राजनीतिक क्रान्ति पश्चात मात्र उपरोक्त अन्तरविरोधहरुको सही समाधान आउन सक्छ ।

[1] Interview with Dr. Walter D. Mignolo **(Nov. 2014, Part II)**

[2] Existence precedes essence

[3] संयुक्त राष्ट्रसंघको स्थापना हुँदा संसारमा लगभग ५० वटा स्वतन्त्र राज्य थिए भने आज लगभग २०० वटा छन। राष्ट्रसंघको एउटा अध्ययनअनुसार संसारमा लगभग ६ हजार वटा पहिचान छन। (असार ११, २०७८ कान्तिपुरमा प्रकासित चन्द्रदेव भट्टको लेखबाट सभार)

[4] The fact is that native populations are in-creasingly unwilling to accept that their cur-rent masters, by accident of history, have an absolute right to rule them. **- Graham E. Fuller, Redrawing the World's Borders: World Policy Journal, Vol. 14, No. 1 (Spring, 1997), pp. 11-21**

[5] Garcés, 2011, p.63.

[6] State-led, Private, Social Co-operative and Communitarian

[7] Grugel and Riggirozzi, 2012, p.8.

[8] Morales' new economic model for Bolivia was designed to rollback neoliberal economic policies by:

1) Reasserting state sovereignty over the economy and particularly over Bolivia's natural resources; 2) breaking out of Bolivia's traditional position as an exporter of primary materials by industrializing these resources; 3) promoting productive sectors such as manufacturing and agriculture; 4) redistributing the nation's wealth in order to tackle poverty; and 5) strengthening the organizational capacity of proletarian and communitarian forces as the two essential pillars of the transition to socialism in Bolivia (Burbach, Fox and Fuentes 2013, 1730).

[9]There were the Christian mission, the civilizing mission, and the development and modernizing missions. Liberalism, Marxism, Islamism are characterized by their will to convert and the will to truth. – Walter D. Mignolo

[10] What we may be witnessing is not just the end of the Cold War, or the passing of a particular period of post-war history, but the end of history as such: that is, the end point of mankind's ideological evolution and the universalization of Western liberal democracy as the final form of human government.

[11] In the post-Cold War world, the most important distinctions among peoples are not ideological, political, or economic. They are cultural. Peoples and nations are attempting to answer the most basic question humans can face. Who are we? And they are answering that question in the traditional way human beings have answered it, by reference to the things that mean most to them. People define themselves in terms of ancestry, religion, language, history, values, customs, and institutions. They identify with cultural groups, tribes, ethnic groups, religious communities, nations, and, at the broadest level, civilizations. People use politics not just to advance their interests but also to define their identity.

[12] The present international order of existing state borders - drawn with barely passing regard for the ethnic and cultural wishes of their inhabitants - is now essentially obso-lete. The rising forces of nationalism and cultural resurgence are poised to assert them-selves. Those states that cannot manage their ethnic minorities in ways that satisfy both past grievances and future aspirations for greater self-determination are destined to break apart. Not the present nation-state but the self-defined ethnic groups will be-come a basic building block of the coming international order.

[13] Enlightenment thinking has been understood as both a contrast to myth and as a force opposing it. As a contrast because it counters the authority of tradition with the non –coercive coercion of the better argument; as an opposing force to the extent that it breaks the collective spell of the mythical powers by means of individually accquired insights which gain motivational strength.

[14] The question whether objective truth belongs to human thinking is not a question of theory, but a practical question.' 'The truth, i.e. the reality and power, of thought must be demonstrated in practice. The contest as to the reality or non-reality of a thought which is isolated from practice, is purely scholastic question…..Philosophers have only interpreted the world in various ways, but the real task is to alter it."

[15] The history of all hitherto existing society, is the history of class struggles.

[16] Very often in my writings and lectures, I have identified myself as being "indigenist" in outlook. By this, I mean that I am one who not only takes the rights of indigenous peoples as the highest priority of my political life, but who draws upon the traditions—the bodies of knowledge and corresponding codes of value—evolved over many thousands of years by native peoples the world over. This is the basis upon which I not only advance critiques of, but conceptualize alternatives to the present social, political, economic, and philosophical status quo. In turn, this gives shape not only to the sorts of goals and objectives I pursue, but the kinds of strategy and tactics I advocate, the variety of struggles I tend to support, the nature of the alliances I am inclined to enter into, and so on. -Ward Churchill, I Am Indigenist: Notes on the Ideology of the Fourth World

[17] We know who we are when we know who we are not and only when we know who we are against with.

[18] we use the term 'indigenist', and not 'indigenous', because not all of these intellectuals are indigenous although all are linked to indigenism – The Ecuadorian indigenist school of good living (sumak kawsay).

[19] 1) "what you need is the ability to cause an increasing number of people to withdraw consent from some key sector that keep the system functioning;" 2) "you also have to create counter-models that people can look at, that they can be attracted to…that leads to withdrawal, and creates doubt as to the inevitability of state structures;" 3) "remove service sectors of responsibility from the state, and place them in the hands of the community;" and 4) "you need to build the consciousness, you have to build the psychology, you have to build the experiential base, and you have to build the theoretical base."

[20] In general terms, it seems that the question of interculturality, and more directly the question of plurinationality, has posed a new agenda of issues for democratic debate that are no longer limited to the language of individual rights and notions of liberty, equality and pluralism in the same way as traditional political liberalism has developed these notions. In fact, we can say that this new agenda has implied the discussion of keyelements for a *special theory* of democratic legitimacy and federalism in plurinational contexts that overcomes the traditional approach of seeing national minority rights as unjust, discriminatory and morally arbitrary

[21] Yesterday's rebels who captivated the poor peasants with the fury of their subversive language, today find themselves at the helm of dazzling private companies and NGOs that continue to ride the martyred backs of the same peasants previously summoned […] Russia, China, Poland, El Salvador, Nicaragua, Communist and socialist parties, armed and unarmed "vanguards" without a soul these days no longer orient any impetus of social redemption nor do they emblematize any commitment to just and fair dissatisfaction; they symbolize a massive historical sham.